# परिच्छेद - एक

## परिचय

### १.१. अध्ययनको पृष्ठभूमि

शिक्षाको विकास मानव सभ्यताको विकास सँगै भएको पाइन्छ । त्यसै शिक्षा लिने र दिने प्रकृया आजसम्म आइपुग्दा विभिन्न कालखण्ड पार गरी समय अनुसार परिमार्जन तथा परिस्कृत हुँदै आएका छन् । गुरुकुल शिक्षा पद्धतिबाट सुरु भएको शिक्षा प्रणालीलाई आजको दिनमा ल्याउन विभिन्न आन्दोलन, आयोगहरुको भूमिका रहेको छ । विश्वस्तरको शिक्षालाई नजर लगाउने हो भने पनि यस्ता उतारचढावलाई देख्न सकिन्छ । अन्तर्राष्ट्रिय स्तरमा शिक्षालाई प्रतिष्पर्धी बनाउनको लागि समय र परिवेश अनुसार शिक्षा प्रणाली परिवर्तन गर्नु अत्यावश्यक हुँदै गएको छ ।

विश्व इतिहासलाई हेर्दा सन् १७८२ मा जर्मनीमा जन्मिएका फ्रोबेलले आफ्नो पुस्तक 'The Education of man' मा शिक्षा सम्बन्धि विचार तथा सिद्धान्त प्रस्तुत गरेका छन् । उनले सन् १८२७ मा जर्मनीको बैल्फेन वर्गमा सर्वप्रथम किण्डर गार्डेन स्कुल खोलेका थिए । किन्डर गार्डेनको अर्थ बालबालिकाको बँगैचा भन्ने हुन्छ । उनका अनुसार बालबालिकामा अन्तरनिहित मानवीय गुणहरुको स्वच्छन्दता पूर्वक विकास गर्नु नै शिक्षाको मूल उद्देश्य हो भनेका छन् । किन्डर गार्डेनमा पूर्वनिर्मित पाठ्यक्रमको निर्माण नगरी बालकेन्द्रित पाठ्यक्रमलाई विशेष स्थान दिएको पाइन्छ । उक्त शिक्षामा खेल, गायन तथा क्रियाकलाप शिक्षाका प्रमुख विधिहरु भएको पाइन्छ ।

सन् १९०७ मा इटलीकी मेरिया मन्टेश्वरीले बालगृह नामक प्रारम्भिक बालशिक्षा केन्द्र खोली मन्टेश्वरी शिक्षा पद्धतिमा आधारित निम्न शिक्षा दिने कुरा बताएकी छिन् ।

- मांशपेशीय प्रणाली
- व्यक्तित्व विकासको सिद्धान्त
- स्व-शिक्षाको सिद्धान्त
- इन्द्रिय प्रशिक्षणको सिद्धान्त
- शैक्षिक वातावरण

यसरी सुरु भएको बालविकास केन्द्रको अवधारणालाई नेपालमा पनि हाल आएर औपचारिक तवरबाट प्रयोग गर्न थालिएको छ । नेपालमा पूर्वप्राथमिक शिक्षा सम्बन्धि औपचारिक थालनी सरकारी स्तरमा

वि. सं. २००७ सालमा काठमांडौमा एउटा मन्टेश्वरी स्कुलको स्थापनाबाट भएको मानिन्छ । वि. सं. २०२० सालमा मन्टेश्वरी स्कुललाई डमोस्ट्रेशन स्कुलमा गाभेपछी विद्यालय उमेर सुरु हुन अगाडीका स-साना बालबालिकाहरुको लागि वि. सं. २०२१ सालमा शिशु कक्षाको व्यवस्था गर्न खोजेको देखिन्छ । वि. सं. २०२२ सालदेखि बालमन्दिर स्थापना भइ जिल्ला सदरमुकाममा शिशु कक्षा सम्बन्धि कक्षाहरु सञ्चालन भएको पाइन्छ । वि. सं. २०२८ सालदेखि पूर्वप्राथमिक शिक्षा निजी क्षेत्रमा सञ्चालन गर्न पाउने स्पष्ट सरकारी नीति निर्माण गरिएको पाइन्छ । (जोशी २०५४)

नेपालको शिक्षाको विकासक्रमलाई अझै नियाल्ने हो भने बालविकास शिक्षालाई सर्वप्रथम वि. सं. २०१८ को सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति ले ३ वर्ष ननाघेका बालबालिकाहरुलाई प्रत्येक टोलटोलमा र गाँउमा १/१ वर्ष मनोरञ्जन तथा खेलकुद व्यवस्था भएका बाल उद्यानको स्थापना गरी पूर्वप्राथमिक विद्यालयको व्यवस्थापन गर्नुपर्ने सुझाव पेश गरेको थियो । यसले पहिलोपटक पूर्वप्राथमिक शिक्षाको महसुस गर्‍यो, जसको प्रभावबाट बालमन्दिर स्थापना भएको पाइन्छ । शिक्षा ऐन २०२८ ले ४ वर्ष उमेर पुगेका बालबालिकाहरुलाई दिइने एक वर्षको शिक्षा नै पूर्वप्राथमिक शिक्षा हो भनी परिभाषित गरेको छ । त्यस्तै शिक्षा आयोग २०४९ ले ४ वर्ष उमेर पुगेका बालबालिकाको चौतर्फी विकासलाई ध्यानमा राखी १ वर्षे पूर्वप्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको छ ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले एकवर्षे पूर्वप्राथमिक शिक्षा हुनुपर्ने भनी निम्न अनुसार सिफारिस गरेको छ ।

- पूर्वप्राथमिक शिक्षालाई शैक्षिक संरचनामा ल्याउनुपर्ने
- एकवर्षे पूर्वप्राथमिक शिक्षा व्यवस्था गर्ने
- शिशु उमेर अनुकुल शिक्षा प्रदान गर्ने,

बालविकास कार्यक्रमलाई व्यवस्थित गर्ने क्रममा वि. सं. २०६१ मा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका - २०६१ जारी भएको छ । यस निर्देशिकाको प्रस्तावनामा नै प्राथमिक कक्षा भर्ना हुन उमेर नपुगेका बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले सञ्चालित बालविकास वा शिशुविकास केन्द्र वा पूर्व प्राथमिक कक्षा व्यवस्थित रुपमा व्यवस्थापन र सञ्चालन गर्न आवश्यक भएको हुँदा शिक्षा नियमावली २०५९ को नियम १९२ खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी निर्देशिका जारी गरेको कुरा उल्लेख छ ।

त्यस्तै २०६२ सालमा शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखाले प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) तयार पारेको छ । उक्त पाठ्यक्रमको भूमिकामा “प्रारम्भिक वाल्यावस्था बालबालिकाको भावी

जीवनमा महत्वपूर्ण प्रभाव पार्दछ । गर्भदेखि ८ वर्ष सम्मको उमेरलाई प्रारम्भिक बाल्यावस्थामा लिइने हुँदा यस उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र उनीहरु पूर्ण मानव बन्न सक्दछन् । त्यसबाट मात्र देशलाई आवश्यक पर्ने जनशक्ति परिपूर्ति सम्भव हुन्छ । यसका लागि प्रारम्भिक बालविकास पाठ्यक्रमको प्रमूख भूमिका रहन्छ ।" भनि लेखिएको छ । प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ को मुल उद्देश्यहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

- बालबालिकाको बौद्धिक, शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक र सीर्जनात्मक विकासको अवसर प्रदान गर्ने,
- उनीहरुलाई सरसफाई र सुरक्षा सम्बन्धि बानी बसाल्न प्रेरित गर्ने,
- उनीहरुलाई प्राथमिक शिक्षाका लागि तयार गराउने,
- उनीहरुलाई सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने
- उनीहरुमा विश्वास र सुरक्षाको भावना जागृत गराउने

शिक्षा विकासको प्रारम्भिक बालविकास शाखाले बाल शिक्षाको लागि पाठ्यक्रम विकास गरी नेपालका सबै विद्यालयहरुमा क्रमश: बालविकास कार्यक्रमहरु लागू गर्ने नीति लिएको छ । प्रत्येक बालविकास केन्द्रमा १ जना महिला सहयोगी कार्यकर्ता नियुक्ति गर्ने र समयसमयमा तालिम प्रदान गर्ने कार्य सरकारले गरेको देखिन्छ । सुरुमा बाल कक्षा सञ्चालनको लागि सहयोगी कार्यकर्ताको योग्यता कक्षा ८ पास निर्धारण गरिएकोमा हाल आएर त्यसलाई कक्षा १० पास हुनुपर्ने व्यवस्था गरेको छ ।

यसरी विकास गरेको प्रारम्भिक बालविकास पाठ्यक्रम कार्यान्वयन प्रकृया क्रियाकलापमा आधारित छ । यस उमेर समुहका बालबालिकाहरु खेलमा अत्यधिक रुची राख्ने भएकाले विभिन्न प्रकारका खेल, गीत, कविता, कथा, नृत्यको माध्यमबाट उनीहरुको शारीरिक, मानसिक, संवेगात्मक र नैतिक विकासलाई समेटेर पाठ्यक्रम निर्माण गरिएको छ । पाठ्यक्रममा निर्धारित उद्देश्य प्राप्ती गर्न क्रियाकलाप कार्यान्वयनमा ल्याउने भूमिका प्रमुख रुपमा सहयोगी कार्यकर्ताको नै हो । पाठ्यक्रम सैद्धान्तिक रुपमा जतिसुकै राम्रो भएता पनि त्यसलाई कार्यान्वयनको तहमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएन भने पाठ्यक्रमले राखेका अपेक्षित लक्ष्य तथा उद्देश्यहरु हासिल हुन सक्दैन । यस्तो अवस्थामा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको सबैभन्दा ठूलो भूमिका देखिन्छ । उनीहरुलाई बालकक्षाको विद्यार्थीको उमेर, समुहको ज्ञान, सीप तथा रुची सम्बन्धि ज्ञान हुनु आवश्यक छ । त्यसले पाठ्यक्रम कार्यान्वयनको प्रभावकारीता निर्धारण गर्दछ । सहयोगी कार्यकर्ताहरुले पाउने केही दिनको तालिममा नै निर्भर रहनुपर्ने कारण बालबालिकाको सर्वाङ्गीण विकास गराउन विभिन्न अप्ठ्याराहरु आउन सक्ने देखिन्छ ।

प्रारम्भिक बालविकास दिग्दर्शन २०६२ लाई उपयुक्त प्रयोगको लागि दैनिक कार्यतालिका निर्माण गरी शिक्षा विभागले बाल शिक्षालाई निम्न अनुसार विशिष्टिकृत गरेको छ ।

| क्र. सं. | क्षेत्र | ३ वर्ष उमेर समुहका लागि | ४ वर्ष उमेर समुहका लागि |
|---|---|---|---|
| १. | स्वास्थ्य सम्बन्धि बानी नैतिक मुल्य मान्यता एवं जीवनोपयोगी सीप र विकास | ३० मिनेट | ३० मिनेट |
| २. | स्वतन्त्र खेल | ६० मिनेट | ४५ मिनेट |
| ३. | भाषिक अभिव्यक्ति | ४५ मिनेट | ६० मिनेट |
| ४. | योजनाबद्ध सामाजिक क्रियाकलाप | ३० मिनेट | ४५ मिनेट |
| ५. | स्थुल शारीरिक विकास | ४५ मिनेट | ३० मिनेट |
| ६. | योजनाबद्ध सिकाइ क्रियाकलाप | ३० मिनेट | ६० मिनेट |
| जम्मा | | २४० मिनेट (४ घण्टा) | २७० मिनेट (४.५ घण्टा) |

यसरी सुझाव र सिफारिसहरु थपिँदै जाने र कार्यान्वयन पनि हुँदै जाँदा नेपालको शिक्षा प्रणालीको संरचनालाई नै परिवर्तन गराउने गरी २०६३ सालमा नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा 'नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप - २०६३' विकास भयो ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप - २०६३ विद्यालय शिक्षालाई व्यवस्थित गरी बालबालिकारुलाई एक्काइसौँ शताव्दी अनुकुल सक्षम र सबल तुल्याउँदै प्रतिष्पर्धी समाजमा सहज रुपमा समायोजन गर्न सक्ने शिक्षा प्रदान गर्न पाठ्यक्रम विकास निर्माण तथा कार्यान्वयन गर्ने नीति एवं सिकाइका उपयुक्त क्षेत्र शिक्षणसिकाइ क्रियाकलाप व्यवस्थापन सम्बन्धि दृष्टिकोण समेत उल्लेख भएको विद्यालय शिक्षाको मूल दस्तावेज हो । यस प्रारुपले चलिरहेको शिक्षा प्रणालीलाई परिमार्जित गरी १-२ वर्ष सम्मको पूर्वप्राथमिक, कक्षा १ देखि ८ सम्म आधारभूत, कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक जसलाई साधारण र व्यवसायिक धारमा लैजाने कार्यक्रम राखेको छ । जसलाई एकिकृत ऐनको व्यवस्था गरी तत्काल कार्य प्रारम्भ गरी ४ वर्ष भित्र लागू गर्ने भन्ने नीति अनुरुप अहिले लागू भइरहेको छ । पाठ्यक्रम प्रारुप २०६३ ले तहगत उमेर समुह विभाजन गर्दा बालविकास शिक्षाको उमेर ३ देखि ५ वर्ष आधारभूत शिक्षा उमेर ६ देखि १३ वर्ष र माध्यमिक तहको लागि १३ वर्ष पूरा भइ १८ वर्ष सम्मको बालबालिकाहरुलाई तोकेको छ ।

तहगत उद्देश्य निर्धारण गर्ने क्रममा प्रारम्भिक बालविकास दिग्दर्शन २०६२ ले उल्लेख गरे अनुसार नै पाठ्यक्रम प्रारुप २०६३ ले पनि बालविकास शिक्षाको उद्देश्यहरु निम्न अनुसार तोकेको छ ।

- शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक र सीर्जनात्मक पक्षको विकासको लागि अवसर प्रदान गर्नु,
- सफासुग्घर रहने बानीको विकास गर्नु,
- सामाजिक मुल्य अनुरुप व्यवहार गर्ने बानीको विकास गर्नु,
- विद्यालय प्रति सकारात्मक धारणा र व्यवहारको विकास गर्नु,
- आधारभूत शिक्षाको लागि तयार गर्नु,

नेपालको परिप्रेक्ष्यमा यो पहिलो प्रयास भएकोले यसलाई हाल केही वर्षका लागि परीक्षण र प्रयोग गरी त्यसको अनुभवको आधारमा आवश्यक सुधार गर्दै जाने दस्तावेजको रुपमा कार्यान्वयनमा लगिनेछ भन्ने धारणा उक्त प्रारुपको रहेको छ ।

बालक जन्मेपछी शिक्षा लिनेदिने क्रम सुरु हुन्छ । यो एक निरन्तर प्रकृया हो । कुनैपनि बच्चालाई भावी दिनमा सक्षम र सबल बनाउनको लागि उचित शिक्षा दिनु अनिवार्य हुन्छ । बालकलाई सक्षम मानव बनाउन पूर्वाधारको रुपमा बालकक्षा अत्यावश्यक रहेकोमा दुइमतै छैन । बालकको सर्वाङ्गीण विकास गर्नको लागि शिक्षा प्रदान गर्नु आवश्यक हुन्छ । शिक्षा लिन पाउने उनीहरुको मौलिक तथा बालअधिकार संरक्षणको लागि नेपाल सरकारद्धारा सञ्चालित बालविकास केन्द्रले केही हदसम्म सहयोग पुऱ्याउदै आएको छ ।

माथि भएका प्रस्तुतीहरुलाई आधार मान्ने हो भने 'प्रारम्भिक बालविकास नै मानव विकासको जग हो ।' भन्न सकिन्छ । जग बलियो भए घर बलियो हुने आधार तय हुन्छ । समाज घरपरिवार बालकको पहिलो पाठशाला भएकोले घरपरिवार, समुदाय, स्थानीय संघसंस्थाको पहलमा पारिवारीक वातावरण प्रदान गरी नाच्दै गाउदै स्वतन्त्र पूर्वक बालबालिकाहरुलाई प्रारम्भिक बालविकासको लागि बालविकास केन्द्रको माध्यमद्वारा अवसर प्रदान गरेको पाइन्छ ।

बालबालिकाहरुमा सकारात्मक बानीको विकास र विद्यालयप्रति रुची बृद्धि गर्नको लागि बालविकास केन्द्रमा सहयोगी कार्यकर्ता र ३ देखि ५ वर्षसम्मका बालबालिकाहरुबिच कलात्मक तथा मनोरञ्जनात्मक क्रियाकलापद्वारा शिक्षण सिकाइ हुनु आवश्यक छ । सामान्यतया सहयोगी कार्यकर्ताको भूमिका पनि बालबालिकाहरुलाई अभिभावकको समेत जिम्मेवारी प्रदान गर्दै, नाच्दै, गीत गाउदै, अभिनय गर्दै, विभिन्न बालसामग्री प्रयोग गर्दै शिक्षण गरी विद्यालय प्रवेशको लागि आधार विकास गर्नु नै बालविकास केन्द्रको भूमिका हुन्छ । जहाँ बालकले स्वतन्त्रपूर्वक साथीहरुसंग मिलेर गीत, संगीत लगायत बालसामग्रीद्वारा विभिन्न

अनुभव लिन्छन् त्यसको लागि सहयोगी कार्यकर्ताले सहजीकरण गर्ने गर्दछन् । यो प्रकृया नै बालविकास केन्द्रमा हुने शिक्षणसिकाइ क्रियाकलाप हो ।

बालबालिकाले भविष्यमा आफुले जान्न र सिक्नुपर्ने विषयलाई खेल, बालगीत, कथा, कुराकानी, अवलोकन, चित्र, नाटक जस्ता विभिन्न क्रियाकलापको माध्यमबाट अवधारणागत रुपमा स्पष्ट गरिन्छ । सानै उमेरमा अवधारणा स्पष्ट भएमा बालबालिकाले भविष्यमा विद्यालय छोड्ने दर घट्न जान्छ । यस्ता केन्द्रमा शिशुको मानसिक, शारीरिक, संवेगात्मक विकास गर्न यथेष्ट मौका प्रदान गरिन्छ तसर्थ बालविकास केन्द्र प्रारम्भिक बाल्यावस्थाको विकास सम्बन्धि अधिकार सुनिश्चित गर्ने  एउटा बलियो माध्यम हुन गएको छ । (अधिकारी, २०६८)

बालविकास केन्द्रलाई शिक्षा विभागले दुई किसिमबाट सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

- समुदायमा आधारित बालविकास केन्द्र,
- पूर्व प्राथमिक कक्षा,

विद्यालय देखि केही टाढा भएका तीन वर्ष देखि पाँच वर्ष उमेर समुहका १५ जना भन्दा बढि बालबालिकाहरु भएको समुदायमा समेत बालकक्षा सञ्चालन गर्न पाउने प्रावधान रहेको र उक्त बालविकास केन्द्रलाई समुदायमा आधारित बालविकास केन्द्र भनिन्छ । त्यस्तै ४ वर्ष उमेर पुगेको बालबालिका १० देखि १५ मिनेटको दुरीमा रहेको प्राथमिक विद्यालयको पूर्वप्राथमिक कक्षामा भर्ना गरि शिक्षण गरिने प्रकृयालाई पूर्व प्राथमिक कक्षा भनिन्छ । जसलाई ५ वर्ष उमेर पुगेपछी कक्षा १ मा भर्ना गर्नुपर्दछ । एउटा विद्यालयमा २५ जना सम्मको लागि विद्यालय भित्र छुट्टै एउटा कक्षाकोठा र एकजना छुट्टै तालिम प्राप्त सहयोगी कार्यकर्ताको व्यवस्था गरी ४:३० घण्टा सम्म बालबालिकाको स्तर सुहाँउदो क्रियाकलापद्वारा बालबालिकाको चौतर्फी विकास र कक्षा १ को निमित्त तयारी गरिन्छ । यो पूर्वप्राथमिक कक्षा विद्यालय व्यवस्थापन समितिले जिल्ला शिक्षा कार्यालय, स्थानीय तथा गैह्रसरकारी संघसंस्था मार्फत पनि सञ्चालन गराउने गर्दछ । (शिक्षा विभाग, २०६७)

बालविकास केन्द्रमा विभिन्न पक्षहरुको सहभागिता रहेको हुन्छ त्यसमा सबैको आफ्नै भूमिका हुन्छ । बालविकास केन्द्रका प्रमूख तीन पक्षहरुमा अभिभावक, बालबालिका र सहयोगी कार्यकर्ता हुन् । ती तीन पक्षहरुमध्ये बालविकास केन्द्रको कार्यक्रम सफल बनाउन बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको उत्तरदायित्व बढि रहेको उल्लेख छ । (शैक्षिक सुचना संगालो, २०६३, पे. ८)

बालविकास सम्बन्धि नीति तथा कार्यक्रमलाई निरन्तरता दिने क्रममा सरकारले पञ्चवर्षिय योजनाहरुमा समेत बालविकास सम्बन्धि नीतिलाई प्राथमिकता साथ राखि अहिले नेपालको प्रायजसो क्षेत्रमा समुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्र खोल्ने कार्य निरन्तर रुपमा हुँदै आएको छ । सरकारले पनि वर्षैपिच्छे बालविकास केन्द्र थप गर्दै जाने नीति लिएको छ ।

नेपाल सरकारको आर्थिक सर्वेक्षण २०६७/६८ अनुसार २०६५/०६६ सम्म २४७७३ वटा रहेको बालविकास केन्द्र २०६८ को सर्वेक्षण अनुसार ३३४०४ बालविकास केन्द स्थापना भइसकेको छ। २०६६/६७ मा करिव २००० बालविकास केन्द्र थप गर्ने लक्ष्य राखेको थियो । २४७७३ मध्ये सबैभन्दा कम मनाङ जिल्लामा १९ वटा केन्द्र र सबैभन्दा बढि मोरङ जिल्लामा ८३४ वटा केन्द्र सञ्चालनमा रहेको उल्लेख छ । नेपाल कर्मचारी युनियनद्वारा प्रकाशित शिक्षा सोपान २०६८ अनुसार बर्तमान समयमा आइपुग्दा प्रारम्भिक बालविकास केन्द्रको संख्या २८७७२ पुगेको छ साथै कक्षा एकमा बालविकास केन्द्रको अनुभव सहित भर्ना हुन आउने बालबालिकाको दर ५४.३ प्रतिशत पुगेको छ । यसरी सञ्चालन भएका बालविकास केन्द्रहरुलाई विभिन्न गैह्रसरकारी संस्थाहरु सेभ द चिल्ड्रेन, प्लान नेपाल, युनिसेफ समेतले साझेदारको भूमिका निभाइ सहयोग गरिरहेका छन् । (शिक्षा विभाग, २०६८)

नीजि विद्यालयहरु मार्फत सञ्चालनमा रहेका पूर्वप्राथमिक कक्षाहरु मन्टेश्वरी, किन्डर गार्डेनका नामले सञ्चालित छन् । यी पूर्व प्राथमिक कक्षाहरु ३ वर्षदेखि ५ वर्ष अवधिका बालबालिकाको लागि सञ्चालित छन् । उमेर समुह २ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरु यस पूर्व प्राथमिक कक्षाहरुमा समेटिएका छन् । हाल सम्म ३६३६ वटा नीजि पूर्वप्राथमिक कक्षाहरु सञ्चालनमा रहेको तथ्याङ्कले देखाएको छ ।

माथी उल्लेख गरेबाहेक अनुमति नलिइ सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा आधारित पूर्वप्राथमिक कक्षा र नीजि विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षाहरुको एकिन संख्या खोजीको विषय हो । समग्रमा ३० देखि ३५ हजारसम्म पूर्व प्रथमिक कक्षाहरु (बालविकास केन्द्र, शिशु कक्षा, मन्टेश्वरी, किन्डर गार्डेन) सञ्चालनमा रहेको अनुमान गर्न सकिन्छ । (सम्प्रेषण २०६६, पे. ११०-११२)

यस अनुसन्धानमा मूख्यतः अनुसन्धानको लागि नेपालको मध्य भागमा अवस्थित धादिङ जिल्लालाई लिइएको छ । यस जिल्लाको संक्षिप्त अवस्था हेर्ने हो भने सामुदायिक विद्यालयमा सञ्चालित र समुदायमा सञ्चालित गरी जम्मा ५०१ वटा वालविकास केन्द्र रहेको छ । विद्यालयमा ४७१ र समुदायमा ३० वटा सञ्चालित छन् । उक्त बालविकास केन्द्रहरुमा जम्मा विद्यार्थी संख्या मध्ये छात्र संख्या ४६९८ र छात्रा संख्या

४२९५ गरी जम्मा ८९९३ रहेका छन् । त्यसमध्ये दलित छात्र ८३५ र छात्रा ९२४ रहेका छन् त्यस्तै जनजाती छात्र २३८९ र छात्रा २५०९ रहेका छन् । (जि. शि. का. धादिङ )

यस अनुसन्धानमा यसै जिल्लामा सञ्चालित तिनै बालविकास केन्द्रहरुमा प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयनको अवस्थाको बारेमा अध्ययन गरी देखिएका समस्याको पहिचान र त्यसका समाधानका उपायहरुको खोजी गर्ने प्रयास गरिनेछ ।

१.२. अध्ययनको औचित्य

तीन देखि पाँच वर्ष उमेर समूह वा प्राथमिक विद्यालयमा भर्ना हुनुभन्दा अगाडी दिइने शिक्षालाई पूर्वप्राथमिक वा बालकक्षा भनिन्छ । यस तहमा बालबालिकाहरुलाई सरसफाई सम्बन्धि आदतको विकास, पोषिलो खानेकुरा खाने बानीको विकास, विभिन्न खेलकुद तथा शारीरिक क्रियाकलापमा संग्लग्न हुने बानीको विकास, अरुले बोलेको कुरा बुझ्ने र आफ्नो विचार अभिव्यक्त गर्न सक्ने क्षमताको विकास, समुहमा सकृय रुपमा सहभागी हुने बानीको विकास, आफुभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने आदतको विकास आदि सिकाइन्छ । (प्रारम्भिक बालविकास दिग्दर्शन २०६२ )

यसरी बालबालिकालाई सिकाउनुपर्ने ज्ञान तथा सीपका क्षेत्रहरुलाई कसरी विकास गराएको छ , कार्यान्वयन प्रकृया कसरी भइरहेको छ भन्ने विषयमा अध्ययन गरी कार्यान्वयन प्रकृयामा देखिएका समस्या र समाधानका उपायहरु खोजी गर्नु यस अध्ययनको औचित्य हो ।

बालविकास केन्द्रमा शिक्षणसिकाई क्रियाकलापद्वारा बालबालिकाहरुको बानी निर्माण हुने गर्दछ । यो एउटा विद्यालय शिक्षाको महत्वपूर्ण जग हो । उनीहरुलाई प्राथमिक कक्षामा सहज प्रवेश गराइ उपलब्धि समेत उत्कृष्ट बनाउनको लागि बालविकासका कक्षाहरु महत्वपूर्ण रहन्छन् । यसो भन्दै गर्दा बालविकास केन्द्रमा परम्परागत रुपमा सिकाइ क्रियाकलाप हुने, सहयोगी कार्यकर्ता कम योग्यता र दक्षता भएको हुने साथै बालमैत्री कक्षा सञ्चालनमा शंका रहेको कुरा सुनिंदै आएको छ । जसको असर बालकको जीवनमा त पर्छ नै अप्रत्यक्ष रुपमा समाज तथा सिङ्गो राष्ट्रलाई नै पर्न जान्छ ।

यस्तो अवस्थामा समग्र बालविकास कार्यक्रमको अवस्था कस्तो छ ? भन्ने विषयमा खोज गर्नुको औचित्यलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

- यो अध्ययन बालविकास कार्यक्रम कार्यान्वयनको अवस्थामा केन्द्रित भएकोले अध्ययनबाट आउने प्राप्तिले बालविकास केन्द्रका अभिभावक, प्रधानाध्यापक, व्यवस्थापन समिति, समुदाय, विद्यालय,

श्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग, सहयोगी कार्यकर्ताहरुलाई बर्तमान अवस्थाबारे जानकारी प्रदान गर्न सहयोग गर्नेछ ।

- यो अध्ययनबाट गा. वि. स., जि. वि. स., स्थानीय संघसंस्था, गैहृसरकारी संस्थाहरुलाई भावी योजना तर्जुमा गर्नको लागि सहयोग गर्नेछ ।
- समय अनुसार शैक्षिक योजना विकासको लागि समेत प्रयोग गर्न सक्ने कारण यो एउटा श्रोत सामग्री बन्न सक्ने भएकोले पनि यो अध्ययन औचित्यपूर्ण हुनेछ ।
- यस विषयमा खोजी गर्न चाहने व्यक्ति तथा संस्थाको लागि श्रोत सामग्री बन्न सक्नेछ ।
- बालविकास कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरु समाधान गर्नका लागि आवश्यक पर्ने नीति तथा कार्यक्रम तर्जुमा गर्न सम्बन्धित निकायलाई सहयोग पुग्नेछ ।

### १.३. समस्याको कथन

शिक्षा विभागको स्थापना भएपश्चात् शिशु कक्षाहरु समुदायमा सञ्चालन हुने क्रम रह्यो । भने वर्तमान अवस्थामा नेपालमा ३३४०४ वटा वालविकास केन्द्र सञ्चालित छ र त्यसलाई वर्षेनी थप गर्दै जाने लक्ष्य राखेको छ ।

प्रारम्भिक बालविकास कार्यक्रम शिक्षा प्रणालीको नै जग हो । क्रियाकलाप तथा अभ्यासकेन्द्रित सिद्धान्त बोकेको बालविकास केन्द्रले बालबालिकालाई केन्द्रविन्दु मानेर बनाइएको पाठ्यक्रमको कार्यान्वयन गर्ने प्रमुख व्यक्ति सहयोगी कार्यकर्ता हुन् । सहयोगी कार्यकर्ता हरुको दक्षता, किन्डर गार्डेन, मन्टेश्वरी, अभ्यासकेन्द्रित, क्रियाकलापकेन्द्रित विधिहरु, निर्दिष्ट पाठ्यक्रमको प्रयोग, अभिभावकसँगको सम्बन्ध, भौतिक पूर्वाधारको अवस्था, शैक्षिक सामग्रीको पर्याप्तता जस्ता कुराहरुले प्रारम्भिक बालविकास केन्द्र सञ्चालनको प्रभावकारीता निर्धारण गर्दछ ।

विभिन्न साहित्य पुनरावलोकन गर्दा यसरी बालविकास केन्द्र थप हुँदै जाँदा पनि समुदायमा रहेको बालबालिकाहरु सबै समेटिएका छैनन्, सहयोगी कार्यकर्ताहरुले पेशागत जिम्मेवारी वहन गर्न नसकेको, दक्ष सहयोगी कार्यकर्ताको अभाव भइरहेको छ, बालविकास कार्यक्रमले सम्पूर्ण शिक्षा प्रणालीलाई नै प्रत्यक्ष रुपमा प्रभाव पार्ने कारण बालविकास कार्यक्रमको कार्यान्वयन प्रकृया निर्देशिका तथा पाठ्यक्रम अनुसार नहुँदा निर्धारित लक्ष्य प्राप्ति नहुने र विद्यालय शिक्षामा प्रवेश गरेपछि पनि विद्यार्थीको उपलब्धिस्तर कम हुँदै गएको, बालविकास जस्तो महत्वपूर्ण कार्यक्रमलाई खासै ध्यान नदिइएको, खेल तथा शैक्षिक सामग्रीको अभाव, भौतिक पूर्वाधारको बेवास्ता गरिएको जस्ता समस्याहरुले गर्दा बालविकास कार्यक्रमले निर्धारित लक्ष्य प्राप्त गर्न नसकेको भन्ने पाइएको छ । साथै बालविकास कार्यक्रम सञ्चालन भएपछि विद्यार्थीको उपलब्धिस्तर

बढ्दै गएको, बालबालिकाको सामाजिक, बौद्धिक र शारीरिक विकासमा अत्यन्त सहयोग भएको, उनीहरुको विद्यालय जाने बानीको विकास हुदै गएको, घरमा समेत व्यवहार परिवर्तन भएको भन्ने निष्कर्ष पाइएको छ । यसो भन्दै गर्दा धादिङ जिल्लाका प्रारम्भिक बालविकास केन्द्रमा बालविकास कार्यक्रमको प्रभावकारीता कस्तो रहेको छ ? के बालविकास कार्यक्रम आवश्यक नै छ त ? कक्षाकोठा, समुदाय तथा शिक्षण प्रकृयामा बालमैत्री वातावरण कस्तो छ ? भन्ने विषयमा खासै अध्ययन भएको नपाइएकोले पनि यो विषय खोजमूलक छ । साथै हालसम्म धादिङ जिल्लामा बालविकास कार्यक्रमको क्षेत्रमा कुनैपनि अध्ययन नभएकोले यस 'प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था' विषयको अध्ययनलाई समस्याको कथनको रुपमा लिइएको हो ।

## १.४. अनुसन्धान प्रश्न

प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित तल उल्लेखित प्रश्नहरुलाई आधार मानेर यो अनुसन्धान कार्य सम्पन्न गरियो ।

- प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ?
- बालविकास केन्द्रमा निर्धारित पाठ्यक्रम कार्यान्वयन कसरी भइरहेको छ ?
- शिक्षणसिकाई क्रियाकलापको लागि वार्षिक योजना, एकाइ योजना, दैनिक योजना आदिको निर्माण र सोही अनुरुप कार्य के कसरी गरिएको छ ? के भइरहेको कार्यक्रम पर्याप्त छ ?
- के बालविकास केन्द्रहरुले बालमैत्री सिद्धान्तहरुलाई अवलम्बन गर्न सकेका छन् ?
- कार्यरत सहयोगी कार्यकर्ताको योग्यता र दक्षता पर्याप्त छ ?
- बालबालिका तथा सहयोगी कार्यकर्ताको नियमितता के कस्तो छ ?
- सरकारी नीति तथा कार्यक्रम र उद्देश्य अनुसार बालविकास केन्द्र सञ्चालित छन् कि छैनन् ?
- सरकारी तथा गैह्रसरकारी संस्था, अभिभावक, प्रधानाध्यापक, निरीक्षक, श्रोतव्यक्ति, जिल्ला शिक्षा अधिकारी बाट बालविकास कार्यक्रमको लागि आवश्यक पर्ने सहयोग पर्याप्त छ ?
- बालकको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकास गराउने खालका क्रियाकलापहरु बालविकास केन्द्रमा हुने गरेका छन् ?
- प्रारम्भिक बालविकास कार्यक्रममा के कस्ता समस्याहरु आइपरेका छन् ?
- प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनको क्रममा देखिएका समस्यालाई कसरी निराकरण गर्न सकिन्छ ?

### १.५. अध्ययनको उद्देश्य

प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धि अध्ययनको लागि निम्न अनुसार उद्देश्य निर्धारण गरि त्यसै उद्देश्य प्राप्तिमा केन्द्रित रही यस अध्ययन कार्य सम्पन्न गरिएको थियो ।

- प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउनु ।
- प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारीता पत्ता लगाउनु ।
- प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा आइपरेका समस्याहरुको पहिचान गर्नु ।
- प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा आइपरेका समस्या समाधानका उपायहरु पत्ता लगाउनु ।

### १.६. अध्ययनको सिमाङ्कन

कुनैपनि विषयमा अध्ययन अनुसन्धान खुल्ला रुपमा अपरिभाषित रुपले गर्न असम्भव हुन्छ । तसर्थ अध्ययनको लागि लिइने क्षेत्रलाई सिमाङ्कन गर्नु जरुरी छ । यस अध्ययनमा पनि उपलब्ध श्रोत, साधन, प्रविधि र समयलाई मध्यनजर राख्दै यस अध्ययनलाई निम्नलिखित सिमाभित्र रही सम्पन्न गरिएको थियो ।

- यो अध्ययन धादिङ जिल्ला नीलकण्ठ उच्च मा. वि. श्रोतकेन्द्र अन्तर्गतका विद्यालयमा सञ्चालित ८ वटा बालविकास केन्द्रमा मात्र सिमित गरिएको थियो ।
- यो अध्ययन ३ देखि ५ वर्षका बालबालिकाहरुको लागि सामाजिक, शारीरिक, मानसिक, संवेगात्मक विकास गराउने खालका के कस्ता शिक्षण प्रकृया अवलम्बन गरिएको छ ? के कस्ता योजनाहरुको आधारमा शिक्षण प्रकृया भइरहेको छ, भइरहेको शिक्षणसिकाई गतिविधी, कक्षाकोठा व्यवस्थापन विद्यार्थी र सहयोगी कार्यकर्ताको उपस्थिती र सहभागिता, कार्यक्रममा देखा परेका समस्या र समाधानका उपायहरु खोजी गर्ने कार्यमा केन्द्रित रहि अध्ययन कार्य पूरा गरिएको थियो ।
- ८ वटा बालविकास केन्द्रका सबै सहयोगी कार्यकर्ताहरु, प्रत्येक विद्यालयका बालविकास केन्द्र व्यवस्थापन समितिका अध्यक्ष ८ जना, प्र. अ. ८ जना, श्रोतव्यक्ति १ जना, बालविकास केन्द्र निरीक्षक १ जना, जि.शि.अ. १ जना, प्रत्येक बालविकास केन्द्रका १/१ जनाको दरले ८ जना अभिभावक र बालविकास केन्द्रमा अध्ययन गर्ने सबै बालबालिका हरुलाई सुचना संकलनको मुख्य श्रोतको रुपमा लिइएको थियो ।

- अध्ययनको क्रममा सूचना संकलनको लागि समुह छलफल, प्रश्नावली, अन्तर्वार्ता, अवलोकन फारम प्रयोग गरिएको थियो ।

## १.७. शब्दावलीको परिभाषा

- बालविकास केन्द्र :- प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धि निर्देशिका २०६१ अनुसार ३ देखि ५ वर्ष उमेर समुहका बालबालिकाको बानी तथा व्यवहार परिवर्तन र विकासको लागि प्राथमिक तहमा प्रवेश गर्नु अगावै शिक्षणसिकाई कार्यक्रम सञ्चालन गर्ने स्थान ।
- स. का. :- बालविकास केन्द्रमा बालशिक्षालाई सहजीकरण गर्ने रहेका सहयोगी कार्यकर्ता ।
- पाठ्यक्रम :- बालविकास केन्द्र अन्तर्गत बालशिक्षालाई व्यवस्थित गर्न शिक्षा विभागले निर्माण गरेको प्रारम्भिक बालविकास दिग्दर्शन- २०६२ ।
- कार्यान्वयन :- निर्धारित पाठ्यक्रमको कक्षाकोठाको अभ्यासमा प्रस्तुतिकरण ।
- बालबालिका :- बालविकास केन्द्रमा अध्ययनरत ३ देखि ५ वर्ष सम्मका केटाकेटीहरु ।

# परिच्छेद - दुई

## पूर्व साहित्यको समीक्षा

कुनैपनि अनुसन्धानपूर्व त्यस विषयसँग मिल्दोजुल्दो अनुसन्धानहरुको खोज तथा अध्ययन गरी नयाँ अध्ययन कार्य सुचारु गर्न आवश्यक सहयोगी भुमिका निर्वाह गर्ने साधनलाई सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन भनिन्छ । आफ्नो अध्ययनको बारेमा यसभन्दा अघि के-कस्ता अध्ययनहरु गरिएका थिए भनी अध्ययनपूर्व नै गरिने खोजलाई सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन भनिन्छ । कुनैपनि अध्ययनमा सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन गरी समीक्षा गर्नु एक अनिवार्य कार्य हो । पूर्व साहित्यको समीक्षाले सम्बन्धित विषयमा पहिले भएका खोजको मूल्याङ्कन गर्न सहयोग पुऱ्याउने गर्दछ । कुनैपनि अनुसन्धान निश्चित समस्या समाधान गर्न तथा नयाँ विषयवस्तु एवं ज्ञानको खोजी गर्ने उद्देश्यले गरिन्छ । यस प्रकारको शैक्षिक अनुसन्धानले त्यस क्षेत्रका समस्या समाधान गर्ने नयाँ सिद्धान्तहरु प्रतिपादन गर्ने, नयाँ प्रविधी परिक्षण र प्रयोगको माध्यमद्वारा त्यस क्षेत्रको खोज तथा प्रबर्द्धन गर्नु रहनेछ । अनुसन्धान तथ्यपूर्ण र सिलसिलाबद्ध रुपमा समस्यालाई स्पष्ट पार्न तथा यसमा राखिएका उद्देश्यहरु पूरा गर्न अनुसन्धानको विषयलाई विस्तृत पार्न विषयवस्तु दोहोरिन नदिइ नयाँ कुरा पत्ता लगाउन सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन आवश्यक भएकोले निम्न साहित्यको पुनरावलोकन गरिएको छ ।

### २.१. सैद्धान्तिक साहित्यको समीक्षा

मन्टेश्वरीको विचारमा प्रत्येक बालकको जन्मैदेखि बौद्धिक क्षमता हुन्छ तर बातावरणले विभिन्नता दिन्छ । उपयुक्त वातावरण भएमा बालकको मानसिक र बौद्धिक विकास तीव्र गतीमा हुन्छ । त्यसैले बाल्यकालमा सिकाइलाई टेवा पुऱ्याउने वातावरण पनि बनाउनुपर्दछ । जसको लागि बालकलाई प्राकृतिक वातावरण तथा घरबाहिरको वातावरणसित खेल्न, प्रोत्साहन गर्न जस्तैः माटो, पानी, वालुवा, रुख फुल आदि । उदाहरणको लागि माटोबाट आकार बनाउने, पात, र फलको चित्र कोर्ने र सजावट गर्ने । मन्टेश्वरीको विचारमा स्वतन्त्रता बालबालिकाहरुको मौलिक अधिकार हो र सोही वातावरणमा मात्र बालबालिकाहरु आत्मनिर्भर हुने कोशिश गर्दछन् । त्यसैले स्वतन्त्र वातावरणमा बालबालिकाहरुको व्यक्तिवादी भावनाको विकास गर्नु मन्टेश्वरी शिक्षाको उद्देश्य हो । मन्टेश्वरीले मांशपेशीको तालिमलाई प्रारम्भिक बालशिक्षाको महत्वपूर्ण अङ्गको रुपमा लिएका छन् । शरिरका विभिन्न अँगहरुको मांशपेशीलाई अभ्यास गराइ राख्नुपर्दछ । यसो गर्नाले मांशपेशीहरु मजबुत हुन्छन् । जसको फलस्वरुप हिँड्ने, दगुर्ने, लेख्नेजस्ता क्रियाकलापमा सन्तुलन आउँछ । ज्ञानेन्द्रियहरु ज्ञानका प्रवेशद्वार भएकोले ज्ञानेन्द्रियको अभ्यासले तर्कपूर्ण चिन्तन र युक्तिपूर्ण

निर्णय दिन सक्नेछन् । यसकारण सानै  उमेरदेखि ज्ञानेन्द्रियको तालिम नितान्त आवश्यक छ । (शिक्षा विभाग, २०५९)

मानव जीवनको महत्वपूर्ण अवस्था प्रारम्भिक बाल्यावस्था जसको विकासका लागि बालविकास कार्यक्रममा राज्य केवल दातृ निकायको मात्र भर पर्नु हुँदैन । बाल अधिकारको आधारभूत अधिकारकै रुपमा बालविकास कार्यक्रमलाई स्थापित गर्नु आजको आवश्यकता हो । जसका लागि बालकको ०-८ वर्ष उमेर समुहलाई प्रारम्भिक बालविकास उमेर घोषणा गर्दै स्वास्थ्य शिक्षा र अन्य क्षेत्रबाट सञ्चालन भइरहेका कार्यक्रमहरुलाई 'प्रारम्भिक बालविकास परिषद' गठन गरी यसैको मातहतमा बालविकासको सम्पूर्ण कार्यक्रम सञ्चालन गर्ने नीतिगत व्यवस्था मिलाउनुपर्दछ । प्रारम्भिक बालविकासमा गरिएको एकपल्टको लगानीले राज्यको भविष्यमा नै सकारात्मक असर पर्दछ । बालविकास कार्यक्रममा राज्यले लगानी बृद्धि गर्नुपर्दछ । सवल, स्वावलम्बी, सीर्जनशील र सकारात्मक सोच भएको नागरिक उत्पादनको लागि पनि बालविकास कार्यक्रमलाई स्पष्ट रुपमा राज्यको अनिवार्य दायित्वभित्र ल्याउनुपर्दछ । बालविकासको सन्दर्भमा व्यापक चर्चा परिचर्चा र सम्बादहरु चलाई बालविकासको सकारात्मक विकासमा जोड दिने उद्देश्यले सबै लाग्नु आजको आवश्यकता हो । प्रारम्भिक बालविकास कार्यक्रमलाई व्यवस्थित र उपयुक्त बनाउनु सबैको दायित्व पनि हो । (पाठ्यक्रम तथा मुल्याङ्कन सम्प्रेषण, २०६६)

शिक्षण कार्यलाई दबाबरहित एवं मनोरञ्जनात्मक बनाउन बिभिन्न किसिमका शैक्षिक सामग्रीहरुको प्रयोग गर्नुपर्दछ । यस्ता सामग्रीको प्रयोगबाट शिक्षणसिकाइ क्रियाकलाप प्रभावकारी एवं प्रेरणादायी बन्ने गर्छ । गेष्टाल्ट मनोविज्ञानवादीको भनाइमा "हेरेर, छोएर, आफैंले सोचेर र अनुभुती गरेर सिकेका विषयवस्तुको छाप मष्तिष्कमा प्रभावशाली रुपमा रहन्छ ।" तसर्थ शैक्षिक सामग्रीको प्रयोग गरी सिकेका केटाकेटी स्फुर्त र चलाख हुन्छन् । उनीहरुले छिट्टै निर्देशन बुझ्ने र समस्या समाधान गर्ने कार्यमा अग्रसरता देखाउने गर्दछन् । मनोवैज्ञानिक एवं शिक्षाविद्हरुले शिशु अवस्थामा शैक्षिक सामग्रीको प्रयोग गरी शैक्षिक क्रियाकलापको सञ्चालनबाट अत्यधिक प्रभावकारी रुपमा बालव्यक्तित्व विकास गर्न सकिने कुरामा जोड दिएका छन् । त्यसैले यस अवस्थामा शैक्षिक सामग्रीको प्रयोगलाई विशेष महत्व एवं प्राथमिकता दिने गर्नुपर्दछ । (उद्धृत, रिमाल र श्रेष्ठ २०६६, पे. २१)

रिमाल र श्रेष्ठ (२०६६), ले स्वस्थ बालविकासको लागि प्रभावकारी क्रियाकलाप नामक पुस्तकमा नेपाल विविध भु-प्राकृतिक बनौट भाषा, जात, धर्म र संस्कृतिको धनी देश भएको कारण केटाकेटीलाई हुर्काउने बुझ्ने व्यवहार गर्ने तरिकामा पनि विविधता पाइन्छ तर विज्ञान र प्रविधीको विकासले अधिक उचाइ छुँदै गएको अवस्थामा यस्ता असमान हुर्काइ प्रकृयाले बर्तमान केटाकेटीहरुमा अन्यौलको वातावरण सीर्जना गर्ने कुरामा सबै विद्वत्वर्गको एकैमत रहि आएको पाइन्छ । धेरै विद्वानहरुको गुनासो छ हिजोआज

केटाकेटीहरुलाई हुर्काउने वातावरण अप्राकृतिक बन्दै गएको छ । उनीहरुले खेल्ने आँगन साघुरिदैछ, मैदानहरु अधिग्रहणमा परिसकेका छन्, भौतिक एवं पारिवारिक सँरचनामा परिवर्तन आइसकेको छ । यसैगरी शिक्षा दिने प्रकृया अस्वस्थकर प्रतिष्पर्धा र मानसिक दवाव पुऱ्याउने किसिमको बन्दै गएको छ । केटाकेटीको बौद्धिक क्षमता भन्दा बढि शैक्षिक भार बोकाउने गरेको पाइन्छ । साथै नैतिक शिक्षा अनुशासन, राष्ट्रियता र जिम्मेवारी एवं विवेक सम्बन्धि सिकाइ ओझेलमा पर्दै गएको छ । यस अवस्थामा भोली राष्ट्र हाँक्ने दक्ष जनशक्तिको उत्पादन कस्तो किसिमको होला ? यो चिन्तन एवं मनन योग्य छ । तसर्थ परम्परागत शिक्षण क्रियाकलाप र केटाकेटी हुर्काइ पद्धतीमा परिवर्तनको खाँचो रहेको कुरा लेखेका छन् ।

शर्मा एण्ड शर्मा, (२०६६), अनुसार इ. पू. ४२७ मा जन्मिएका दार्शनिक प्लेटोको शैक्षिक दर्शन अनुसार 'शिक्षा नैतिक प्रशिक्षणको एक प्रकृया हो । नैतिकता भनेको सद्गुण हो, सद्गुण सिक्नु नै ज्ञान उपार्जन गर्नु हो र सद्गुण ज्ञानी मानिसमा मात्र हुने गर्दछ । ज्ञानी मानिस भद्र हुन्छन, भद्र मानिस राष्ट्रका उच्च नागरिक हुन् ।' प्लेटोका अनुसार असल नागरिकमा निम्न ज्ञानहरु हुन्छन् :- दर्शनसम्बन्धि ज्ञान, विज्ञान, ललितकला, बुद्धि, त्यसको विकासको लागि बालकलाई जन्मेदेखि पहिलो ३ वर्ष पुष्टिकारक भोजन दिइ राम्रो लालनपालन गर्नुपर्दछ । ३ देखि ६ वर्षसम्मको अवस्थामा शिक्षाको प्रारम्भ गर्नुपर्दछ ।

अधिकारी (२०६७ मंसिर), शिक्षक मासिकमा प्रतिक्रिया र सुझाव अन्तर्गत प्रारम्भिक बालविकास केन्द्रमा अध्यापन गर्ने सहयोगी कार्यकर्ता नियुक्ति गर्दा न्यूनतम एस. एल. सी. उत्तीण गरेको हुनुपर्ने, एकवर्षे मन्टेश्वरी तालिम लिनैपर्ने अनिवार्य व्यवस्था मिलाउनुपर्ने र उनीहरुले पाउने सेवा सुविधा प्रा. वि. शिक्षक सरह हुनुपर्ने सुझाव दिएका छन् । जसबाट सहयोगी कार्यकर्ता पेशाप्रति प्रतिवद्ध र उत्तरदायी भइ उपलब्धिमूलक शिक्षणसिकाइ क्रियकलाप गर्न समर्पित हुने देखिन्छ भन्ने उल्लेख गरिएको छ ।

शिक्षा मन्त्रालय (२०६७ चैत), गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुपमा बालबालिकाले आफ्नो गति, क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकुलको सिकाइ वातावरण तयार गरिन्छ, बालबालिकाहरुको अन्तरनिहित क्षमताको विकास गरिन्छ, भनी उल्लेख गरिएको छ । त्यसैगरी बालमैत्री विद्यालयका पक्षहरुमा निम्न कुराहरुलाई राखी व्याख्या गरेको छ ।

- प्रभावकारीता
- समावेशीकरण
- शिक्षामा लैङ्गिक पक्ष
- बालबालिका, परिवार र समुदायको सहभागिता

- स्वास्थ्य, सुरक्षा र बचावट
- विद्यालयको भौतिक अवस्था
- शिक्षणसिकाइ प्रकृया
- मातृभाषामा शिक्षणसिकाइ
- विद्यालय व्यवस्थापन

शिक्षा मन्त्रालय, (२०६८) द्वारा समाहित शिक्षा सूचना सामग्रीमा समाहित शिक्षाको परिचय तथा महत्वमाथि प्रकाश पारिएको छ । जसअनुसार समाहित शिक्षा भन्नाले बालबालिकाहरुका लागि विभेदरहित वातावरणमा बहुसाँस्कृतिक भिन्नतालाई सम्मान गर्दै आफ्नै समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने पद्धति हो ।

त्यस्तै सन् १७१२ मा जेनेभा शहरमा जन्मेका जिन ज्याक्स रुसो आफ्नो महत्वपूर्ण ग्रन्थ Emile मा लेख्दछन् :- बालकलाई प्रकृतिको आनन्द लिनबाट बञ्चित नगर, जीवनको आनन्द यसैमा छ । बालक प्रकृतिको वरदान हो, यसलाई खतराबाट बचाउनु तिम्रो कर्तव्य हो । यस भनाइबाट स्पष्ट हुन्छ स्वतन्त्रतापूर्वक अन्तर्निहित प्रतिभाको विकास गरी सुखमय जीवनयापन गर्न सहयोग गर्नु शिक्षाको कार्य हो । निष्कर्षमा उनको प्रकृतिवादी सिद्धान्तले बालबालिकालाई निम्न अनुसार शिक्षा दिनुपर्दछ ।

- शिशुलाई माया गर्नुपर्दछ ।
- बालकलाई शिक्षा दिंदा कहिल्यैपनि दण्ड दिएर वा लादेर दिनुहुँदैन ।
- बालकलाई ब्रह्माण्डको सम्पर्कद्वारा (प्रकृतिद्वारा) शिक्षा दिइनुपर्दछ ।
- बालविकासको क्रमअनुसार उचित समयमा योग्यता, क्षमता, रुची र मनोवृत्ति अनुसार उचित शिक्षा दिनुपर्दछ ।

एक्काइस अप्रिल १९७२ मा दक्षिण जर्मनीमा जन्मिएका फेडरिक अगष्ट फ्रोबेल एक प्रकृतिवादी दार्शनिक थिए । प्रकृतिका वरदानका रपमा रहेका बालबालिकाहरुलाई हस्तक्षेप नगरी स्वतन्त्र रुपबाट सिक्न लगाउनुपर्दछ वा सिक्ने मौका दिनुपर्दछ साथै शिक्षण पूर्ण रुपमा विद्यार्थीकेन्द्रित हुनुपर्ने धारणा व्यक्त गरे । शैक्षिक क्षेत्रमा विकासको लागि उनले प्रारम्भिक बालशिक्षा दिने प्रचलन प्रति असन्तुष्ट हुँदै सन् १८३७ मा किण्डर गार्डेन नामक विद्यालय खोली बालबँगैचामा ३ देखि ७ वर्षसम्मका बालबालिकाहरुलाई ५० वटा गीतहरुको संकलन गरी गीत, उपहार र क्रियाकलापका माध्यमद्वारा शिक्षा दिने प्रकृया सुरु गरे । किण्डर गार्डेनको निम्न अनुसार उद्देश्य रहेको थियो ।

- बालबालिकाको शरीरलाई शक्ति प्रदान गर्दै स्वभाव अनुसार कार्य गर्न दिनु,
- बालकमा आत्मविश्वास विकास गराउनु,
- बालबालिकाको ज्ञानेन्द्रियहरुलाई व्यवहारमा ल्याउनु ।

फ्रोबेलको विचारबाट प्रभावित प्रसिद्ध दार्शनिक तथा शिक्षाविद्हरुमा जन डिवे, मारिया मन्टेश्वरी लाई मानिन्छ । जे होस् फ्रोबेलको किण्डर गार्डेन शिक्षण पद्धती आजसम्म विश्वभरी लोकप्रिय छ ।

मोहनदास करमचन्द गान्धीको विचारमा शिक्षा त्यो हो, जसले बालक र मानिसको शरिर, मष्तिष्क र आत्माको सर्वाङ्गीण विकास गराउँछ । त्यसैगरी बालकलाई जिविकोपार्जन गर्न सक्षम बनाउन शारीरिक, मानसिक र आध्यात्मिक विकास गराइ सामञ्जस्यपूर्ण व्यक्तित्वको विकास गराउनु, बालकको नैतिक चरित्र विकास गराउनु शिक्षाको लक्ष्य हो भनी बताएका छन् ।

यसैगरी इ.पू. ५६३ मा जन्मेका गौतम बुद्धले पनि बालकलाई प्राकृतिक र शान्त वातावरणमा ज्ञानगुनका कुराहरु सिकाउनुपर्ने धारणा राखेका छन् ।

नेपालमै बि.सं. १९३४ साल भाद्र ७ गते जन्मेका अर्का दार्शनिक जयपृथ्वी बहादुर सिँहले विद्यालय शिक्षामा पूर्वप्राथमिक शिक्षाको अवधारणा प्रस्तुत गरेका थिए ।

शर्मा एण्ड शर्मा, (२०६६) (बालविकास र सिकाइ) अनुसार बालविकासका विभिन्न चाप तथा अवस्थाहरु हुन्छन् र यी सबै चरण र अवस्थामा बालकका विभिन्न किसिमका व्यवहारहरु हुने गर्दछन् । त्यस्ता व्यवहारहरुले बालक जन्मेदेखि नै सकारात्मक वा नकारात्मक प्रभाव पार्ने गर्दछ । जसले प्रारम्भिक बालशिक्षा प्रदान गर्नमा समेत प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- परिवारको सामाजिक, शैक्षिक र आर्थिक स्तर
- पोषणयुक्त खाना
- बालकको आवश्यकता र चाहना
- सुरक्षाको चेतना
- आमाबाबुको केटाकेटीप्रति लिङ्गअनुसारको उपचार
- शारीरिक आधारहरु

यस अध्ययनको सैद्धान्तिक आधारलाई हेर्दा प्रारम्भिक बालविकास कार्यक्रम बालबालिकाको लागि एउटा स्वतन्त्र सिकाइको अवधारणाको रुपमा विकसित भइरहेको अवस्थामा अध्ययन गर्नुपर्ने कारण पनि प्रगतीवादी सिद्धान्तसँग मेल खाने देखिन्छ ।

२.२. सम्बन्धित अध्ययनको समीक्षा

कट्टेल, (२०६७), 'प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको दक्षता र पाठ्यक्रम कार्यान्वयन अवस्था' शीर्षकमा इलाम जिल्लाको जीतपूर गा. वि. स. का ४ वटा बालविकास केन्द्रलाई उद्देश्यमूलक नमुना छनोट प्रकृयाबाट छनोट गरी सहयोगी कार्यकर्ताको विषयवस्तु सम्बन्धि ज्ञान एवं दक्षताको अवस्था पहिचान गर्ने, पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्ने र पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ता प्रतिको ज्ञान एवं क्षमता सम्बन्धमा सरोकारवालाहरुको धारण पहिचान गर्ने उद्देश्यसाथ गरिएको अध्ययनमा उपलब्धि परीक्षणको आधारमा सहयोगी कार्यकर्ताको ज्ञानको समष्टीगत औषत उपलब्धि स्तर औषत प्राप्ताङ्क ४९ पाइएको जुन न्यून प्राप्ताङ्क  मानिएको छ । प्रारम्भिक बालविकास कार्यक्रमको सैद्धान्तिक पक्षको औषत प्राप्ताङ्क प्रतिशत ६० रहेकोले सन्तोषजनक मान्न सकिने, सहयोगी कार्यकर्ताले निर्दिष्ट क्रियकाकलाप थोरै मात्र प्रयोग गरेको पाइयो । र उनीहरुले आधारभूत तालिम प्राप्त गरेको भएपनि कम दक्ष र कक्षाकोठामा दण्ड तथा सजाय समेत प्रयोग भएको पाइएको थियो । अभिभावकहरुले पाठ्यक्रमले तोकेअनुसार क्रियाकलाप हुनुपर्ने माग गरेको निष्कर्ष निकालिएको थियो ।

वली, (२०६७), ले ' माध्यमिक तहमा अध्ययनरत बालबालिकाको सिकाइमा अभिभावकको सहयोग ' शीर्षकमा अभिभावकको आर्थिक, शैक्षिक अवस्था कस्तो छ उनीहरुले बालबालिकालाई कसरी सहयोग गर्छन् र अभिभावकको सहयोगले बालबालिकाको सिकाइमा परेको प्रभाव पत्ता लगाउने उद्देश्यसाथ गरिएको अध्ययनमा सल्यान जिल्ला कोटवारा श्रोतकेन्द्र अन्तर्गतका ३ वटा माध्यमिक विद्यालय लिइएको थियो । उक्त अध्ययनमा आर्थिक अवस्था अनुसार पनि विद्यार्थीलाई सहयोगको विभिन्नता शिक्षित अभिभावकहरुले बालबालिकाको उपलब्धिलाई मध्यनजर राखी विद्यालय सम्म पनि छलफल गर्न सुझाव प्रस्तुत गरी आफ्ना बच्चालाई सहयोग बढि नै गरेको पाइएता पनि केही अभिभावकहरु बालबच्चालाई घरव्यवहारमा प्रयोग गर्न तल्लिन रहेको पाइयो । जसको कारण अभिभावकको आर्थिक, शैक्षिक अवस्थाले प्रभाव पारेको निष्कर्षमा उल्लेख छ । यसको लागि अभिभावकहरुलाई विद्यालयमा भेला गराइ सकारात्मक चेतनाको विकास गराउनुपर्ने, नीतिनिर्माण प्रकृयामा अभिभावकलाई संग्लग्न गराउनुपर्ने, घर व्यवहारमा लाग्ने बालबालिकाको उपलब्धिस्तर कम रहेकोले उनीहरुलाई पढ्ने वातावरण प्रदान गर्न अभिभावकले सहयोग गर्नुपर्ने जस्ता सुझाव प्रस्तुत गरेको छन् । यस अध्ययनलाई नै हेर्ने हो भने पनि बालबालिकाप्रति अभिभावकको ठूलो सहयोग आवश्यक हुने त्यसलाई पूर्वप्राथमिक तहदेखि नै विशेष निगरानी राख्नुपर्ने देखिन्छ ।

गौतम (२०६८), ले पर्वत जिल्लाको पशुपती उ. मा. वि. श्रोतकेन्द्र अन्तर्गत सञ्चालित तीनवटा बालविकास केन्द्रलाई सुविधाजनक नमूना छनोट गरी 'प्रारम्भिक बालविकास केन्द्रमा शिक्षणसिकाइ क्रियाकलाप' शीर्षकमा प्रारम्भिक बालविकास केन्द्रमा शिक्षणसिकाइ क्रियाकलापको अवस्था पहिचान गर्ने र प्रारम्भिक बालविकास केन्द्रको शिक्षणसिकाइ क्रियाकलापको सबल र दुर्बल पक्षहरुको पहिचान गर्ने उद्देश्यसाथ गरिएको अध्ययनमा निम्न प्राप्तिहरु पाइएको उल्लेख छ । जसमा पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको अभावमा पूर्वतयारी वा योजनाबद्ध शिक्षण नभएको, बजारबाट खरिद सामग्री भन्दा स्थानीय सामग्रीको प्रयोगलाई प्राथमिकता दिइएको, आन्तरिक व्यवस्थापन अन्तर्गत सिकाइ क्षेत्रमा व्यवस्थापन र क्रियाकलाप सञ्चालन नभएको, भौतिक पूर्वाधार भवन, शौचालय, खानेपानी सुविधा भएपनि खेल सामग्री पिङ, चकाचुली, चिप्लेटी, भऱ्याङ र पर्खाल नभएको पाइएको थियो । विषयवस्तु अनुसार मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक विकासको लागि सन्तोषजनक क्रियाकलाप भएता पनि इन्द्रियका लागि, हातका लागि र संवेगात्मक विकासका लागि कम मात्रामा शिक्षणसिकाइ क्रियाकलापहरु भएको देखिएको थियो । स्थानीय सामग्रीको प्रयोग, स्वतन्त्र खेलको अवसर दिइएको र मनोरञ्जनात्मक क्रियाकलाप भएको देखिएको निष्कर्ष निकालिएको थियो । देखिएका समस्या समाधान गर्न र प्रारम्भिक बालशिक्षा थप प्रभावकारी बनाउन पाठ्यक्रम, निर्देशिका, सन्दर्भ सामग्रीको प्रयोग गर्नुपर्ने, फर्निचर बालक सुहाँउदो शारीरिक, मानसिक विकासमा जोड दिनुपर्ने सहयोगी कार्यकर्ताको पारिश्रमिक बृद्धि गरी पुनर्ताजकी तालिम दिनुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

थापा, (२०६८), ले 'अनौपचारिक बालशिक्षा कार्यक्रम कार्यान्वयनको अवस्था' शीर्षकमा अनौपचारिक बालशिक्षा कार्यक्रमको कार्यान्वयनको अवस्था पहिचान गर्ने, अनौपचारिक बालशिक्षा कार्यक्रमको कार्यान्वयनमा आइपरेका समस्याहरु र तिनका समाधानका उपायहरु पत्ता लगाउने उद्देश्य निर्धारण गरी जाजरकोट जिल्लामा सञ्चालित अनौपचारिक बालशिक्षा कार्यक्रम लागू भएका क्षेत्र नं. १ र २ को १/१ वटा गरी २ वटा कार्यक्रमका अभिभावक, विद्यार्थी, श्रोतव्यक्ति र सहजकर्ताबाट प्रश्नावली र अन्तर्वार्ताद्वारा सूचना संकलन गरिएको थियो । अध्ययनको क्रममा बालबालिकालाई पढ्ने अवसरको कमी, भौतिक पूर्वाधार कमजोर, भवनमा छाना नै नभएको, जि. शि. अ. बाट अनुगमन नहुने गरेको, जि. शि. का., श्रोतव्यक्ति र अभिभावकहरुको समन्वय नहुँदा समस्या उत्पन्न हुने गरेको निष्कर्ष निकालिएको छ । उक्त कार्यक्रममा सुधार ल्याउन अभिभावकले बालबालिकाको खेल्ने, पढ्ने समय व्यवस्थापन गर्नुपर्ने, जि. शि. अ., श्रोतव्यक्ति र सरोकारवाला व्यक्तिहरुले अनुगमन तथा निर्देशन दिनुपर्ने, खुल्ला प्रतिष्पर्धाद्वारा सहजकर्ता नियुक्ति गर्नुपर्ने जस्ता सुझाव प्रस्तुत गरिएको छ ।

अधिकारी, (२०६८), ले 'पूर्वप्राथमिक तह अध्ययन गरी र नगरी कक्षा एकमा आएका अध्ययनरत विद्यार्थीको व्यवहारहरु' शीर्षकमा तुलनात्मक अध्ययन गर्ने उद्देश्यले गोरखा जिल्ला मुच्चोक गा. वि. स. का


दुइ वटा सामुदायिक विद्यालय छनोट गरी अध्ययन गरिएको शोधपत्रमा निम्न प्राप्तिहरु पाइएका छन् । पूर्वप्राथमिक तह पार गरेर आएका विद्यार्थीहरुलाई समूहमा घुलमिल हुने, विद्यालय जाने बानी बसाल्ने, ठूलालाई आदर गर्न सिकाउने, साथीहरुसंग मिलेर खेल्न सिकाउने, एक अर्कालाई सहयोग गर्न सिकाउने, राम्रोसँग ध्यान दिएर कुरा सुन्ने जस्ता क्रियाकलाप गर्न पहिले नै सिकाइएकोले पूर्वप्राथमिक कक्षा पार नगरी आएका विद्यार्थीहरुभन्दा माथि उल्लेखित व्यवहारहरु बिल्कुलै फरक रहेको पाइएको छ । यस्तो अवस्थामा पूर्वप्राथमिक कक्षा एउटा खुड्किलो रहेको निष्कर्ष निकालिएको छ । बालबालिकालाई सामाजिकीकरणमा सामेल गराउनको लागि पूर्वप्राथमिक कक्षालाई अनिवार्य गरिनुपर्ने, पूर्वप्राथमिक कक्षा पार नगरी आएका विद्यार्थीहरुलाई केही समय छुट्टै राखी विशेष कक्षाको व्यवस्था गरेपछी मात्र सँगै मिसाएर सिकाउनु उत्तम हुने कक्षाकोठालाई बालमैत्री बनाउनुपर्ने र समुदायमा पूर्वप्राथमिक कक्षाको महत्व तथा आवश्यकता सम्बन्धि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

यसरी माथी गरिएको अध्ययनको समीक्षाले पनि बालबालिकालाई स्वतन्त्र रुपमा सिक्न दिनुपर्ने, गीत संगीत तथा खेलबाट शिक्षणसिकाइ गर्नुपर्ने, सहायक कार्यकर्ताले योजना र पूर्वतयारी सहित उपयुक्त प्रस्तुतीकरण गर्नुपर्ने, कक्षाकोठालाई हरेक पक्षबाट बालमैत्री बनाउनुपर्ने, अभिभावकको सहयोग लिनुपर्ने, सहयोगी कार्यकर्ताको योग्यता र सुविधा प्राथमिक शिक्षक सरह हुँदा उपयुक्त हुने देखिन्छ । सबै ठाउमा यि र यस्ता क्रियाकलाप नभएको अवस्था पनि छ । यस्तो अवस्थामा प्रारम्भिक बालविकास कार्यक्रम कसरी कार्यान्वयन भइरहेको छ र त्यसको प्रभावकारीता कस्तो छ त ? भन्ने हेतुले प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था शीर्षकमा अध्ययन गरिएको हो ।

## २.३. अवधारणात्मक ढाँचा

यस अध्ययनमा माथि उल्लेख गरिएको विभिन्न समीक्षाहरुलाई समेत आधार मान्दै प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था शीर्षक छनोट गरिएको थियो । र त्यसको आधारमा एउटा अध्ययनको मार्गचित्र तयार गरिएको थियो । अवधारणात्मक ढाँचा पनि अध्ययनको लागि मार्गनिर्देशक बन्ने गर्दछ । यसले अध्ययनलाई वस्तुनिष्ठ बनाइ विषयवस्तुबाहिर जान दिँदैन । साथै कुनैपनि अध्ययनको अवधारणात्मक ढाँचा हेर्ने हो भने त्यस अध्ययनले समेटेको क्षेत्र र पक्षहरुबारे जानकारी लिइ समग्र अध्ययनबारे अनुमान लगाउन सकिन्छ ।

यो अध्ययनलाई सम्पन्न गर्न पनि निम्न अनुसार अवधारणात्मक ढाँचा निर्माण गरिएको थियो ।




अध्ययनको अनुसन्धान प्रश्न, औचित्य र उद्देश्यको आधारमा निर्मित माथिको अवधारणात्मक ढाँचाअनुसार अध्ययन विधी र सूचना संकलन कार्य पूरा गरिएको थियो ।

## परिच्छेद - तीन

## अनुसन्धान विधी

अनुसन्धान आफैंमा एक व्यवस्थित एवं जटिल कार्य हो । अनुसन्धानलाई पूरा गर्नको लागि विभिन्न विधी तथा प्रकृयाहरु अपनाइन्छ, त्यसलाई नै अनुसन्धान विधी भनिन्छ । अनुसन्धान विधी परिमाणात्मक, गुणात्मक र मिश्रित गरी तीन किसिमका हुन्छन् । अनुसन्धान निश्चित विधी अपनाएर गर्दा जटिल कार्यलाई पनि सहज रुपमा सम्पन्न गर्न सकिन्छ । यस अध्ययनमा अनुसन्धानकर्ता आफैं अध्ययन स्थल गइ प्राकृतिक तवरले गहिराइसम्मको वास्तविक तथ्याङ्क संकलन गरिएको थियो र यस अध्ययनमा गुणात्मक विधी अवलम्बन गरी व्याख्यात्मक र वर्णनात्मक तवरले प्राप्त तथ्याङ्कको व्याख्या एवं विश्लेषण गरिएको छ ।

### ३.१. अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा अध्ययनको लागि गरिने व्यवस्थित, तार्किक आधारभूत तथा संगठित योजना हो । अवलोकन फारम, प्रश्नावली, छलफल, अन्तर्वार्ता, दस्तावेज अध्ययन जस्ता साधन र प्रकृयाको प्रयोगद्वारा प्राप्त तथ्याङ्क विशेषगरी गुणात्मक भएकोले यस अध्ययनलाई पनि गुणात्मक प्रकृयाबाट विश्लेषणात्मक तथा वर्णनात्मक ढाँचामा व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययनलाई तल उल्लेखित प्रकृया अवलम्बन गर्दै निम्न अनुसारको ढाँचामा सञ्चालन गरिएको थियो ।

अनुसन्धान ढाँचा

| क्र.सं. | अध्ययनको उद्देश्य | उत्तरदाता/सूचनाको श्रोत | साधनहरु |
|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयनको अवस्था पत्ता लगाउनु, | सहयोगी कार्यकर्ता, वि. नि., श्रोतव्यक्ति, प्र. अ. | प्रश्नावली, |
| | | अभिभावक वि. व्य. स. अध्यक्ष, जि. शि. अ., | अन्तर्वार्ता प्रश्नावली |
| | | विभिन्न अभिलेख, बालबालिका, अवलोकन, | दस्तावेज अध्ययन, अवलोकन फारम, छलफल |
| २. | प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारीता पत्ता लगाउनु | सहयोगी कार्यकर्ता, वि. नि., श्रोतव्यक्ति, प्र. अ. | प्रश्नावली |
| | | अभिभावक वि. व्य. स. अध्यक्ष, जि. शि. अ., | अन्तर्वार्ता प्रश्नावली |

| | | | |
|---|---|---|---|
| | | विभिन्न अभिलेख, बालबालिका, अवलोकन, | दस्तावेज अध्ययन, अवलोकन फारम, छलफल |
| ३. | प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा आइपरेका समस्याहरु पहिचान गर्नु, | सहयोगी कार्यकर्ता, वि. नि., श्रोतव्यक्ति, प्र. अ. | प्रश्नावली |
| | | अभिभावक वि. व्य. स. अध्यक्ष, जि. शि. अ., | अन्तर्वार्ता प्रश्नावली |
| | | विभिन्न अभिलेख, बालबालिका, अवलोकन, | दस्तावेज अध्ययन, अवलोकन फारम, छलफल |
| ४. | प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा देखा परेका समस्या समाधान गर्ने उपायहरु पत्ता लगाउनु , | सहयोगी कार्यकर्ता, वि. नि., श्रोतव्यक्ति, प्र. अ. | प्रश्नावली |
| | | अभिभावक वि. व्य. स. अध्यक्ष, जि. शि. अ., | अन्तर्वार्ता प्रश्नावली |
| | | विभिन्न अभिलेख, बालबालिका, अवलोकन, | दस्तावेज अध्ययन, अवलोकन फारम, छलफल |

### ३.२. जनसंख्या र नमूना छनोट

अध्ययन गरिने समूहसँग सम्बन्धित सम्पूर्ण सदस्यलाई जनसंख्या भनिन्छ भने उक्त जनसंख्यालाई प्रतिनिधित्व गर्न सक्ने गरी छनोट गरिएको त्यसको उपसमूहलाई नमूना भनिन्छ । सम्पूर्ण जनसंख्याबाट झिकिएको एक सानो समूह नै नमूना जनसंख्या हो, जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्छ । अनुसन्धानकर्ता श्रोत, साधन र समयको सिमितताको कारण धेरै जनसंख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने भएकोले आफ्नो अध्ययन कार्यका लागि सम्भव हुन सक्ने गरी सम्पूर्ण जनसंख्याबाटै केही प्रतिनिधीमूलक एकाइहरुको छनोट गरिन्छ । त्यसैलाई नमूना छनोट भनिन्छ । (खनाल, २०६६)

यस अध्ययनमा सम्भावना रहित नमूना छनोट अन्तर्गत उद्देश्यमूलक नमूना छनोट गरी आवश्यक सूचना संकलन गरिएको थियो । श्रोत, साधन र समयको सिमितताको कारण ठूलो जनसंख्यालाई समेट्न नसकिएता पनि धादिङ जिल्लाको मध्यभागमा पर्ने नीलकण्ठ उच्च मा. वि. श्रोतकेन्द्र अन्तर्गतका प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालित विद्यालयहरुलाई छनोट गरि सम्बन्धित विद्यालयका प्र. अ., सहयोगी कार्यकर्ता, बालबालिका, अभिभावक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, श्रोतव्यक्ति, निरीक्षक, जि. शि. अ. लाई छनोट गरिएको थियो । जसको छनोट प्रकृयाहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

३.२.१. अध्ययन क्षेत्र छनोट

यस अध्ययनमा आवश्यक तथ्याङ्क संकलन गर्नको लागि धादिङ जिल्लाको मध्य भागमा पर्ने नीलकण्ठ उच्च मा. वि. श्रोतकेन्द्र अन्तर्गत सञ्चालित ८ वटा विद्यालयहरुमा रहेको बालविकास केन्द्रलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको थियो ।

३.२.२. बालविकास केन्द्र छनोट

बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्नुपर्ने कारण अरु कक्षालाई अनुसन्धानको दायरामा नल्याइ बालविकास केन्द्रलाई मात्र विशेष अध्ययन गरिएको थियो । त्यसको लागि धादिङ जिल्लाको नीलकण्ठ उ. मा. वि. श्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रहरु मध्येबाट सम्भावनारहित नमूना छनोट विधी अन्तर्गतको सुविधाजनक नमूना छनोट प्रकृयाबाट ८ वटा बालविकास केन्द्र छनोट गरिएको थियो । ( विवरण अनुसुची १ मा उल्लेख गरिएको छ ।)

३.२.३. प्रधानाध्यापक छनोट

प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था बारेमा सुचना संकलनको लागि प्रधानाध्यापकको विशेष भूमिका हुने कारण छनोटमा परेका ८ वटा विद्यालयहरुका ८ जना प्रधानाध्यापकहरुलाई स्वत : छनोट गरिएको थियो । ( विवरण अनुसुची १ मा उल्लेख गरिएको छ ।)

३.२.४. सहयोगी कार्यकर्ता छनोट

बालविकास केन्द्रमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा सबैभन्दा ठूलो भूमिका सहयोगी कार्यकर्ताको हुने गर्दछ । उनीहरुले बालबालिकालाई उज्ज्वल भविष्यको लागि जग प्रदान गर्दछन् । साथै सहयोगी कार्यकर्ताहरुमा कार्यक्रम सम्बन्धि समस्या तथा समाधानका उपायहरु बारेमा पनि विशेष अनुभव हुने भएकोले छनोटमा परेका बालविकास केन्द्रका सबै सहयोगी कार्यकर्तालाई स्वतः छनोट गरिएको थियो । ( विवरण अनुसुची १ मा उल्लेख गरिएको छ ।)

३.२.५. अभिभावक छनोट

आफ्ना बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गरेपछी उनीहरुले के कस्ता ज्ञान सीप हासिल गरे, व्यवहारमा कसरी परिवर्तन भइरहेको छ ? विद्यालय वातावरण कस्तो छ ? कार्यक्रममा देखिएका समस्याहरु बारेमा समेत अभिभावकहरुलाई पनि जानकारी हुने भएकोले सुचना संकलनको लागि

सम्भावनारहित नमूना छनोट प्रकृयाको उद्देश्यमूलक नमूना छनोट प्रकृयाबाट प्रत्येक बालविकास केन्द्रका महिला र पुरुष १/१ जना गरी जम्मा १६ जना अभिभावक छनोट गरिएको थियो । ( विवरण अनुसुची १ मा उल्लेख गरिएको छ ।)

३.२.६. बालबालिकाको छनोट

बालविकास केन्द्रका प्रमुख अङ्ग भनेको नै बालबालिका हुन् । उनीहरुमा देखे भोगेका कुराहरु नलुकाइकन सहज रुपमा बताउने स्वभाव हुन्छ । तसर्थ प्रत्येक बालविकास केन्द्रमा रहेका सम्पूर्ण बालबालिकाहरुको उपस्थितीमा कक्षा अवलोकन र छलफल गरिएता पनि लक्षित समूह छलफल कार्यक्रमको लागि प्रत्येक बालविकास केन्द्रबाट सहजै बोल्न सक्ने ६/६ जना बालबालिकाको समूह बनाइ सूचना संकलन गरिएको थियो ।

३.२.७. श्रोतव्यक्तिको छनोट

आफ्नो श्रोतकेन्द्र भित्रका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रको समग्र अवस्था कस्तो छ ? कस्ता समस्या देखिएका छन् र त्यसलाई कसरी निराकरण गर्न सकिन्छ भन्ने विषयमा श्रोतव्यक्तिलाई जानकारी हुने र विभिन्न सुझाव तथा सिफारिस उनीहरुले नै माथिल्लो निकायमा पुऱ्याउने हुनाले सम्बन्धित श्रोतकेन्द्रका श्रोतव्यक्तिलाई स्वतः छनोट गरिएको थियो । ( विवरण अनुसुची १ मा उल्लेख गरिएको छ ।)

३.२.८. बालविकास केन्द्रका निरीक्षकको छनोट

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका अनुसार बालविकास कार्यक्रम सञ्चालन भए नभएको, सहयोगी कार्यकर्ताको उपस्थिती र सहजीकरणको अवस्थाहरु, कार्यक्रमका समस्याहरुलाई समाधान गर्न अवलम्बन गर्ने योजनाहरु तर्जुमाको लागि समेत उनीहरुको सहयोग हुने कारण सम्बन्धित बालविकास केन्द्रका निरीक्षकलाई स्वतः छनोट गरिएको थियो । ( विवरण अनुसुची १ मा उल्लेख गरिएको छ ।)

३.२.९. व्यवस्थापन समिति अध्यक्षको छनोट

विद्यालयको सञ्चालन र प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन, योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धि बालविकास केन्द्र व्यवस्थापन समितिका अध्यक्षहरुलाई पनि जानकारी हुने भएकोले ८ वटै केन्द्रका व्यवस्थापन समितिका अध्यक्षहरुलाई स्वतः छनोट गरिएको थियो । ( विवरण अनुसुची १ मा उल्लेख गरिएको छ ।)

३.२.१०. जिल्ला शिक्षा अधिकारीको छनोट

जिल्लाका सम्पूर्ण बालविकास केन्द्रको बारेमा जिल्ला शिक्षा अधिकारी समक्ष केन्द्रका निरीक्षक, श्रोतव्यक्ति, प्र. अ. ले नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्ने भएकोले सम्बन्धित बालविकास केन्द्रको समग्र अवस्था, समस्या, समाधानका उपायहरु, योजना तथा नीति सञ्चालनका लागि भए गरेका प्रयासहरुको बारेमा जिल्ला शिक्षा अधिकारीलाई जानकारी हुने तथा बालविकास कार्यक्रमको अनुगमन, निरीक्षण, मूल्याङ्कन गर्ने तथा मातहतका व्यक्तिलाई काममा खटाउने जिल्ला स्तरको उच्च पदाधिकारीको नाताले जि. शि. अ. को छनोट पनि आवश्यक देखिएकोले यस अध्ययनमा धादिङ जिल्लाका जि. शि. अ. लाई स्वतः छनोट गरिएको थियो । ( विवरण अनुसुची १ मा उल्लेख गरिएको छ ।)

३.३. सूचना संकलनका साधनहरुको निर्माण

अध्ययनको उद्देश्य बमोजिम सूचना तथा जानकारी लिनको लागि आवश्यक साधनहरु निर्माण गरिएको थियो । अध्ययनका लागि निर्मित साधनहरु निम्नअनुसार रहेको थियो ।

३.३.१. सहयोगी कार्यकर्ताको लागि प्रश्नावली

बालविकास कार्यक्रमको मुख्य कार्यान्वयन कर्ता सहयोगी कार्यकर्ता भएको हुनाले सूचना संकलनको श्रोतको रुपमा लिइ बालविकास कार्यक्रमको पाठ्यक्रम र निर्देशिका संग सम्बन्धित, कार्यक्रम कार्यान्वयनको अवस्था, प्रभावकारिता, आइपरेका समस्या र समाधानका उपायहरु, कक्षागत सिकाई प्रकृया, आन्तरिक तथा बाह्य व्यवस्थापन सँग सम्बन्धित प्रश्नहरु समावेश भएको प्रश्नावली तयार गरी सूचना संकलन गरिएको थियो । (जसलाई अनुसुची २ मा उल्लेख गरिएको छ ।)

३.३.२. प्रधानाध्यापकको लागि प्रश्नावली

बालविकास कार्यक्रमलाई कार्यान्वयन तथा व्यवस्थित गर्न प्र. अ. को ठूलो भूमिका रहने हुनाले सूचना संकलनको श्रोतको रुपमा लिइ बालविकास कार्यक्रमको कार्यान्वयनको अवस्था, प्रभावकारिता, आइपरेका समस्या र समाधानका उपायहरु, अभिभावकको चासो, कक्षागत सिकाई प्रकृया, आन्तरिक तथा बाह्य व्यवस्थापन सँग सम्बन्धित प्रश्नहरु समावेश भएको प्रश्नावली तयार गरी सूचना सँकलन गरिएको थियो । (जसलाई अनुसुची ३ मा उल्लेख गरिएको छ ।)

३.३.३. बालविकास केन्द्रका निरीक्षकको लागि प्रश्नावली

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका र पाठ्यक्रम अनुसार बालविकास कार्यक्रम सञ्चालन भए नभएको, सहयोगी कार्यकर्ताको सिकाइ क्रियाकलाप र सहजीकरणको अवस्थाहरुबारेमा निरीक्षण गर्दै कार्यक्रमका समस्या र समाधान गर्न अवलम्बन गर्ने योजनाहरु तर्जुमाको लागि विद्यालय निरीक्षकको ठूलो भूमिका हुने कारण निरीक्षण तथा अनुगमन सम्बन्धित प्रश्नहरु समावेश गरी प्रश्नावली निर्माण गरि सूचना संकलन गरिएको थियो । (जसलाई अनुसुची ४ मा उल्लेख गरिएको छ ।)

३.३.४. श्रोतव्यक्तिको लागि प्रश्नावली

श्रोतकेन्द्र भित्रका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रको समग्र अवस्था, देखिएका समस्या त्यसलाई निराकरण गर्न सकिने उपायहरु अनुगमन प्रतिवेदनको तयारी साथै सम्बन्धित निकायमा पुऱ्याउने तरिका हरुसँग सम्बन्धित प्रश्नहरु समावेश भएको प्रश्नावली निर्माण गरि सूचना संकलन गरिएको थियो । (जसलाई अनुसुची ५ मा उल्लेख गरिएको छ ।)

३.३.५. जि. शि. अ. को लागि अन्तर्वार्ता प्रश्नावली

जिल्ला भित्रका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रको समग्र अवस्था, देखिएका समस्या हरु, प्राप्त भएका माग, निर्मित योजना तथा कार्यान्वयनको अवस्था साथै जि. शि. का. को तर्फबाट भए गरेका कार्यहरुसँग सम्बन्धित प्रश्नहरु समावेश भएको संरचित अन्तर्वार्ता प्रश्नावली निर्माण गरि सूचना संकलन गरिएको थियो । (जसलाई अनुसुची ६ मा उल्लेख गरिएको छ ।)

३.३.६. अभिभावकको लागि अन्तर्वार्ता प्रश्नावली

आफ्नो बालबालिका भर्ना भएका बालविकास केन्द्रमा भएगरेका गतिविधी, प्र. अ. र स. का को व्यवहार, बालविकास सम्बन्धित योजना निर्माण, अभिभावक, प्र. अ. तथा स. का. बिचको सम्बन्धको बारेमा सूचना लिनको लागि त्यससँग सम्बन्धित प्रश्नहरु समावेश भएको संरचित अन्तर्वार्ता प्रश्नावली प्रश्नावली निर्माण गरि सूचना संकलन गरिएको थियो । (जसलाई अनुसुची ७ मा उल्लेख गरिएको छ ।)

३.३.७. विद्यालय व्यवस्थापन समिति अध्यक्षको लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयमा हुने हरेक गतिविधीमा व्यवस्थापन समितिको भूमिका रहने कारण व्यवस्थापन समितिका अध्यक्षहरुलाई सूचना संकलनको श्रोतको रुपमा लिंदै बालविकास केन्द्रलाई व्यवस्थापन गर्ने प्रकृया, स. का.

र प्र. अ. बिचको सम्बन्ध कार्यक्रम कार्यान्वयनमा भूमिका, कार्यक्रम सञ्चालनका क्रममा देखा परेका समस्या तथा समस्या निराकरण गर्ने योजना निर्माण सँग सम्बन्धित विषयमा संरचित अन्तर्वार्ता प्रश्नावली प्रश्नावली निर्माण गरि सूचना संकलन गरिएको थियो । (जसलाई अनुसुची ८ मा उल्लेख गरिएको छ ।)

३.३.८. अवलोकन फाराम

प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयनको क्रममा सिकाई क्षेत्र व्यवस्थापन, खेल, संगीत, शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग, प्रस्तुतीकरण, सिकाई क्रमिकता, बालमैत्री कक्षाको प्रयोग, लगायतका बाह्य तथा आन्तरिक व्यवस्थापन र कार्यान्वयन विषयमा अध्ययन गर्नको लागि एउटा अवलोकन फारम निर्माण गरिएको थियो । त्यसै अवलोकन फाराम अनुसार सूचना संकलन गरिएको थियो । (जसलाई अनुसुची ९ मा उल्लेख गरिएको छ ।)

३.३.९. समुह छलफल योजना

अध्ययनका क्रममा बालबालिकाहरुको ६/६ जनाको लक्षित समूहसँग सामान्य छलफलका लागि केही समय छुट्याइएको थियो । छलफलको लागि एउटा सामान्य खाका बनाइ छलफल कार्य सञ्चालन गरिएको थियो । (जसलाई अनुसुची १० मा उल्लेख गरिएको छ ।)

३.४. साधनहरुको बैधता निर्धारण

अध्ययन कार्य सञ्चालनको लागि निर्मित साधनहरुलाई सोध निर्देशक, साथीहरुसँगको छलफल र अन्य विशेषज्ञहरुको सुझाव अनुसार परिमार्जन गरी साधनको बैधानिकता प्रमाणित गरिएको थियो ।

३.५. तथ्याङ्क संकलन प्रकृया

निर्माण भएका अनुसन्धानका साधनहरुलाई प्रयोग गर्दै अनुसन्धानकर्ता स्वयं प्रत्येक बालविकास केन्द्रमा ७ पटक सम्म उपस्थित भई प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था, कार्यक्रमको प्रभावकारीता, कार्यक्रमका समस्या र समाधानका उपायहरु जस्ता पक्षसँग सम्बन्धित प्रश्नहरु समावेश भएका प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली, अवलोकन फारम, छलफल, विद्यालयको विभिन्न अभिलेखको अध्ययनद्वारा प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो ।

सूचना संकलनको क्रममा स. का., प्र. अ., विद्यालय निरीक्षक, श्रोतव्यक्ति लाई प्रश्नावलीको प्रयोग गरिएको थियो । त्यस्तै अभिभावक, वि. व्य. स. अध्यक्ष र जि. शि. अ. को लागि अन्तर्वार्ता प्रश्नावलीको

प्रयोग गरिएको थियो । त्यसैगरी कार्यक्रम कार्यान्वयन, भौतिक पूर्वाधार, आन्तरिक तथा वाह्य व्यवस्थापन सँग सम्बन्धित पक्षको सूचना लिनको लागि अवलोकन फारम प्रयोग गरिएको थियो । यसरी प्राथमिक तथ्याङ्क प्राप्त गर्न अन्तर्वार्ता, प्रश्नावली, समूह छलफल विधी, अवलोकन विधी अपनाइएको थियो । यस अध्ययनलाई थप प्रभावकारी र अर्थपूर्ण बनाउनको लागि सहायक श्रोतको रुपमा प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धि निर्देशिका, विद्यालयमा रहेका रेकर्ड फाइल, पत्रपत्रिका, सम्बन्धित लेख रचना सम्बन्धित विषयसँग सम्बन्धित पुस्तक, जर्नल, अप्रकाशित सोधपत्र आदिबाट द्वितीय सूचना संकलन गरिएको थियो ।

३.६. तथ्याङ्क विश्लेषण प्रकृया

निर्माण गरिएका अध्ययन सामग्रीहरुको सहयोगले नमूना जनसंख्याबाट अन्तर्वार्ता, प्रश्नावली, समूह छलफल विधी, अवलोकन विधीबाट आवश्यक सम्पूर्ण सूचना प्राप्त गरिसकेपछि उद्देश्यहरु बमोजिम सूचनाहरुलाई विभिन्न शीर्षकमा विभाजन गरियो । अध्ययनको शीर्षक, उद्देश्य र अनुसन्धान प्रश्नलाई आधार मानेर विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरी सम्पादन, पुनःसम्पादन गर्दै तालिकीकरण, व्याख्या, अन्तिम जाँचपछि क्रमैसँग पस्तुत गरिएको थियो । यसरी प्राप्त प्राथमिक तथा द्वितीय सूचनाहरुलाई उपयुक्त व्याख्या विश्लेषणको लागि गुणात्मक तथा वर्णनात्मक विधीको उपयोग गरी व्याख्या तथा विश्लेषण गरिएको थियो ।

# परिच्छेद - चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

निर्धारित उद्देश्य प्राप्तिका लागि छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता स्वयं पटक पटक उपस्थित भइ अवलोकन, स. का., प्र. अ., वि. नि., श्रोतव्यक्तिसंग छलफल तथा प्रश्नावलीको प्रयोग साथै अभिभावक, वि. व्य. स. अध्यक्ष र जि. शि. अ. सँगको अन्तर्वार्ताबाट प्राप्त भएको सूचनाहरुलाई यस खण्डमा व्याख्या विश्लेषण गरिएको छ ।

यो अध्ययन सामुदायिक विद्यालयमा सञ्चालित ८ वटा बालविकास केन्द्रलाई आधार मान्दै प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था, प्रभावकारीता, समस्या र समाधान बारेमा गहन रुपमा खोज गरी प्राप्त तथ्याङ्क विश्लेषणमा केन्द्रित छ । यसरी प्रारम्भिक बालविकास केन्द्रमा सञ्चालित कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धि संकलित तथ्याङ्कलाई निम्न शीर्षक तथा उपशीर्षकहरुमा आधारित रहि व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१. प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था

नेपाल सरकारले नीति नियम निर्माण गरे अनुरुप सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रम गाउँ गाउँ तथा दुरदराजमा त पुगेको छ तर कतिपय बालविकास केन्द्र नाम मात्रैको बन्न पुगेको अवस्था छ । बालविकास केन्द्र विद्यालय शिक्षामा प्रवेश गर्नुअगावै सञ्चालन हुने कक्षा भएकाले सरकारले यसलाई महत्व दिँदै २०६१ सालमा 'प्रारम्भिक बालविकास कार्यक्रम सञ्चलन सम्बन्धि निर्देशिका २०६१' र 'प्रारम्भिक बालविकास दिग्दर्शन २०६२' ले बालविकास कार्यक्रमलाई सुनियोजित रुपमा विकास गर्दै आएको छ ।

यस अध्ययनमा बालविकास कार्यक्रम सञ्चालन भएका धादिङ जिल्लाभित्र पर्ने ५०१ वटा बालविकास केन्द्र मध्ये ८ वटा बालविकास केन्द्र छनोट गरी कार्यक्रम कार्यान्वयन, प्रभावकारीता, उत्पन्न समस्या र समाधानका उपायहरु पत्ता लगाउने हेतुले गहन अध्ययन गर्ने प्रयास गरिएको छ । (छनोटमा परेका ८ वटा बालविकास केन्द्रको विवरण अनुसुची ११ मा उल्लेख गरिएको छ । )

#### ४.१.१. बालविकास केन्द्रका बालबालिकाको उपस्थिती विवरण

यस अध्ययनमा छनोट गरिएको ८ वटा बालविकास केन्द्रहरुमा गई ७ पटकसम्म अवलोकन गर्दा प्राप्त सूचनाहरुको आधारमा बालविकास केन्द्रहरुको बालबालिकाहरुको उपस्थितीको विवरणलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं :- ४.१.

बालविकास केन्द्रका बालबालिकाको उपस्थिती विवरण

| क.सं | बालविकास केन्द्रको नाम | विद्यार्थीको औषत उपस्थिती % |
|---|---|---|
| १. | देउराली | ८५ |
| २. | रुद्रकन्या | ६० |
| ३. | बालमन्दिर | ९५ |
| ४. | नीलकण्ठ | ९० |
| ५. | इजारा | ९० |
| ६. | पशुपती | ७८ |
| ७. | ज्योती | ८९ |
| ८. | पण्डितचौर | ८८ |
| समग्रमा औषत उपस्थिती | | ८४.६३ प्रतिशत |

नोट :- औषत उपस्थिती प्रत्येक बालविकास केन्द्रमा गरिएको ७ दिनको कक्षा अवलोकनको आधारमा निर्माण गरिएको थियो ।

छात्र ९६ र छात्रा १०८ गरी जम्मा २०४ बालबालिकाहरु रहेको ८ वटा बालविकास केन्द्रमा अध्ययनकर्ता स्वयं ७ दिनसम्म उपस्थित भएर गरिएको अवलोकन र प्रश्नावलीलाई अधार मान्दा ८ वटा बालविकास केन्द्रको औषत उपस्थिती ८४.६३ प्रतिशत रहेको पाइयो । बालबालिकाको उपस्थिती सबैभन्दा राम्रो रहने गरेको बालमन्दिर बालविकास केन्द्रको औषत उपस्थिती ९५ प्रतिशत र सबैभन्दा कमजोर उपस्थिती रहने गरेको रुद्रकन्या बालविकास केन्द्रको औषत उपस्थिती ६० प्रतिशत मात्र रहेको पाइयो । यो उपस्थिती दर निकै कमजोर देखिन्छ । त्यस्तै ९० प्रतिशत भन्दा कम औषत उपस्थिती हुने बालविकास केन्द्रको संख्या ४ वटा रहेको पाइयो । अध्ययन गरिएका बालविकास केन्द्रहरु ८ वटा भएपनि सहयोगी कार्यकर्ताको संख्या ९ जना रहेको पाइयो । देउराली बालविकास केन्द्रमा २ जना सहयोगी कार्यकर्ताले सिकाइ क्रियाकलाप गराइरहेको  पाइयो ।

४.१.२. कक्षाकोठा व्यवस्थापनको अवस्था

सिकाइ प्रकृया सहज, सरल र प्रभावकारी बनाउनको लागि कक्षाकोठा व्यवस्थापनले पनि ठूलै महत्व राख्छ । कक्षाकोठा वातावरणले सिकारुलाई पठनपाठनमा प्रभाव पार्दछ । यस अध्ययन क्षेत्रका ८ वटा

बालविकास केन्द्रको अवलोकनबाट प्राप्त सूचनाको आधारमा कक्षाकोठा व्यवस्थापनको अवस्थालाई निम्न अनुसार तालिकीकरण गर्न सकिन्छ ।

तालिका नं :- ४.२.

कक्षाकोठा व्यवस्थापनको अवस्था

| क्र. सं. | कक्षाभित्रको अवस्था | बालविकास केन्द्रको संख्या | |
|---|---|---|---|
| | | भएको | नभएको |
| १. | प्रकाशको व्यवस्था | ८ | - |
| २. | कार्पेट | ५ | ३ |
| ३. | बस्ने चकटी | ३ | ५ |
| ४. | फर्निचर (डेस्क बेञ्च) | ४ | ४ |
| ५. | सिकाइ कुना व्यवस्था | २ | ६ |
| ६. | पङ्खा | १ | ७ |
| ७. | श्रव्य दृष्य सामग्री | १ | ७ |
| ८. | आराम गर्ने कोठा | - | ८ |
| ९. | बालकथा प्रयोग | ८ | - |
| १०. | भित्तेलेखन, चीत्रहरु | ३ | ५ |
| ११. | खाजा समय | ८ | - |

अध्ययनका क्रममा रहेका बालविकास केन्द्रहरुमा अभिभावक, प्र. अ., स. का. ले कक्षाकोठा व्यवस्थापन पक्ष सन्तोषजनक र बालमैत्री रहेको बताइरहेता पनि अध्ययनकर्ताले अवलोकन गर्दा कमजोर रहेको देखिन्छ । कार्पेट, चकटी, सिकाइ कुना व्यवस्थापन जस्ता कुराहरु थोरै केन्द्रहरुमा मात्र उपलब्ध हुनु र आराम गर्ने छुट्टै कोठा कुनै केन्द्रमा पनि नहुनुलाई समग्रमा बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापन पक्ष कमजोर रहेको देख्न सकिन्छ । छुट्टै सुविधासम्पन्न भवन निर्माण गर्नको लागि सहज नभएता पनि भएका भवनलाई भनेपनि थप व्यवस्थित गराउन तत्काल थप सुधारका योजना तथा कार्यान्वयन आवश्यक रहेको देखिन्छ ।

४.१.३. सहयोगी कार्यकर्ताको नियमितता

अध्ययनमा परेका ८ वटा बालविकास केन्द्र हरुमा स. का. को नियमितता बारेमा प्र. अ. लाई गरेको प्रश्नावली, वि. व्य. स. अध्यक्षसँगको अन्तर्वार्ता र अध्ययनकर्ता स्वयंले गरेको अवलोकनको माध्यमबाट खोज गर्दा सबै बालविकास केन्द्रमा कार्यरत स. का. को उपस्थिती नियमित रहेको पाइयो ।

यद्यपी उनीहरुले पाउने गरेको विदाका दिनहरुमा विकल्पको रुपमा ३ वटा बालविकास केन्द्रका अन्य कक्षामा शिक्षण गर्ने शिक्षकले खप्ट्याएर र ५ वटा बालविकास केन्द्रमा खालि घण्टी भएका शिक्षकहरुले विभिन्न क्रियाकलापहरु गराउने गरेको पाइयो ।

४.१.४. पाठ्यक्रम, निर्देशिकाको उपलब्धता र प्रयोग

आठ वटा बालविकास केन्द्रको स्थलगत अध्ययनमा सबै बालविकास केन्द्रहरुमा निर्देशिका र पाठ्यक्रमको उपलब्धता रहेता पनि त्यसको प्रयोगमा असमानता रहेको पाइयो । सबै बालविकास केन्द्रका प्र. अ. तथा स. का. ले निर्देशिका र पाठ्यक्रमको प्रयोग गर्दै त्यसैअनुसार सिकाइ क्रियाकलाप गरेको बताएता पनि सिकाइ क्रियाकलापको प्रकृया र क्रमिकता हेर्दा अधिकांश बालविकास केन्द्रहरुमा निर्देशिका र पाठ्यक्रमलाई बेवास्ता गरिएको पाइयो । ७ दिनको अवलोकनको आधारमा हेर्दा कुनै स. का. ले पनि कक्षाकोठामा प्रवेश गर्दा पाठ्यक्रम तथा निर्देशिका सँगै लिएर गएको पाइएन यद्यपी २ वटा बालविकास केन्द्रमा निर्देशिका र पाठ्यक्रमको आधारमा कक्षा सञ्चालन गरेको पाइयो । पाठ्यक्रम र निर्देशिकाको प्रयोग बलियो रुपमा हुन नसक्नुमा सहयोगी कार्यकर्ताहरुले आफ्नो बुद्धि विवेक भन्दा पनि अभिभावकको चाहना अनुसार सिकाइ क्रियाकलाप गर्नुपरेको कारण रहेको अधिकांश स. का. हरुले बताएका थिए ।

४.१.५. बालविकास केन्द्रमा शिक्षणसिकाइ क्रियाकलापको अवस्था

शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन र सिमित गर्नको लागि विभिन्न योजना तथा कार्यान्वयनका विधिहरुबारेमा लिखित सामग्रीहरु तयार भएका हुन्छन् । यस बालविकास कार्यक्रमलाई व्यवस्थित गर्न पनि प्रारम्भिक बालविकास दिग्दर्शन र बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका रहेको छ । त्यसैलाई अवलम्वन गरी बालविकास केन्द्रहरु सञ्चालित छन् । यस अध्ययनमा बालविकास केन्द्रमा शिक्षणसिकाइ क्रियाकलाप अवस्थाबारे खोज गर्न अनुसन्धानकर्ता स्वयं कार्यक्षेत्रमा उपस्थित भइ सातपटक सम्म अवलोकन, स. का., प्र. अ., वि. नि., श्रोतव्यक्तिसंग छलफल तथा प्रश्नावलीको प्रयोग त्यस्तै अभिभावक, वि. व्य. स. अध्यक्ष र जि. शि. अ. संगको अन्तर्वार्ताबाट सूचना संकलन गरिएको थियो ।

यस अध्ययन क्षेत्रका ८ वटा बालविकास केन्द्रमध्ये ६ वटा केन्द्रको शिक्षणसिकाई क्रियाकलाप निर्देशिका अनुसार हुने गरेको पाइएन । खेल तथा संगीतलाई बढि मात्रामा प्रयोग गर्नुपर्ने भएता पनि पढाइ र लेखाइमा बढि जोड दिने गरेको पाइएको थियो । यसका लागि अभिभावकहरुको कमजोरी रहेको अर्थात् अभिभावकहरुले बढि मात्रामा पाठ्यवस्तु सिकाउनुपर्ने, पढाइ र लेखाइमा जोड दिइ गृहकार्य समेत दिनुपर्ने भन्ने चाहना राख्ने गरेकोले स. का. ले आफुले चाहे अनुसार सहजीकरण गर्न नपाएको गुनासो गरेका थिए । अभिभावकहरुले आफुहरुलाई उनीहरुको चाहना अनुसार शिक्षण गराउन बाध्य पार्ने गरेको भन्ने धारणा

अधिकांश स. का. को रहेको छ । तर यस अध्ययनमा छनोट भएका ६ जना अभिभावकले आफ्ना बालबालिकाहरुलाई गणित तथा भाषामा जोड दिंदै क्रियाकलाप गर्नुपर्ने र स. का. ले नियमित रुपमा गृहकार्य दिनुपर्ने धारणा राखेकोले स. का. हरुको गुनासो जायज देखिएको छ ।

छनोट गरिएका ८ वटा मध्ये ६ वटा बालविकास केन्द्रले खेल तथा संगीत भन्दा पठनपाठन, भाषा कुना तथा गणित कुनालाई जोड दिने गरेको पाइयो भने बांकी २ वटा केन्द्रले सीर्जनात्मक, अभिनयात्मक, निर्माणात्मक कुना र संगीत कुनालाई पनि सँगै समेटेको पाइएको थियो । ति २ वटा केन्द्रहरुमा बालकक्षा शिक्षणका प्रकृयाहरु पाठ्यक्रम अनुसार नै हुने गरेको कुरा अध्ययनकर्ताद्वारा गरिएको कक्षा तथा क्रियाकलाप अवलोकन बाट प्राप्त भयो । जुन प्रकृया अनुसार सिकाइ क्रियाकलाप निम्न अनुसार गरिएको पाइयो ।

- सर्कल टाइम (खेल, गीत, कथा, छलफल )
- गीत
- खेल ( तयारी खेल, मुख्य खेल, आरामी खेल )
- कथा
- छलफल
- कार्यशाला

यी माथिका चरणबद्ध क्रियाकलापलाई बालमन्दिर बालविकास केन्द्र र नीलकण्ठ बालविकास केन्द्रले पूर्ण रुपमा अवलम्बन गरेको पाइएता पनि छनोट गरिएका बाँकी ६ वटा बालविकास केन्द्रहरु इजारा, पण्डितचौर, पशुपती, ज्योती, रुद्रकन्या र देउराली बालविकास केन्द्रमा यस्ता चरणबद्ध क्रियाकलाप सञ्चालन गरेको पाइएन । त्यहाँ पठनपाठन, भाषा तथा गणितका पक्षलाई बढि जोड दिइएको थियो भने, खेल गीत, कथा, छलफल आदि क्रियाकलाप अनियमित रुपमा हुने गरेको पाइयो त्यसैक्रममा श्रोतव्यक्ति, प्र. अ., अभिभावक, श्रोतव्यक्तिहरुले पाठ्यक्रमअनुसार नै क्रियाकलाप हुने गरेको बताए पनि अवलोकनको क्रममा त्यस्तो देखिएन ।

४.१.५.१. बालविकास केन्द्रमा सिकाइ क्षेत्र कार्यान्वयनको अवस्था

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका र दिग्दर्शन प्रत्येक विद्यालयमा उपलब्ध भएता पनि त्यस अनुसार क्रियाकलाप पूर्ण रुपमा भएको देखिँदैन । यद्यपी त्यसै निर्देशिकालाई आधार मान्दै ६ कुनाहरु संगीत कुना, निर्माणात्मक कुना, भाषा कुना, सीर्जनात्मक कुना, गणित कुना र अभिनयात्मक कुनासँग सम्बन्धित कार्यहरु पनि केही मात्रामा सञ्चालन गरिएको पाइएको छ । अध्ययनमा

समावेश भएका बालविकास केन्द्रहरुका स. का. र प्र. अ. सँगको प्रश्नावलीको आधारमा बालविकास केन्द्रहरुले पाठ्यक्रम र निर्देशिका अनुसार सिकाई कुनाहरुको प्रयोग गरेको बताए भने भौतिक पूर्वाधार निर्माणमा आर्थिक समस्याको कारणले पनि पूर्ण कार्यान्वयनमा समस्या रहेता पनि सकेसम्म सिकाइ क्षेत्र समेटेको बताएका थिए । प्रत्यक्ष रुपमा भएको अवलोकनलाई आधार मान्दा सिकाइ क्षेत्र कुनाको पूर्ण रुपमा प्रयोग गरेको पाइएन । त्यस्तै अभिनयात्मक कुनाको क्षेत्रलाई एउटा बालविकास केन्द्र बाहेकले प्रयोग गरेको पाइएन । साथै सबैजसो बालविकास केन्द्रले भाषा र गणित कुनालाई बढि प्रयोग गरेको पाइएता पनि अधिकांश बालविकास केन्द्रहरुमा सिकाइ कुनाको व्यवस्थापन र प्रयोग नै नभएको पाइयो ।

### ४.१.६. बालमैत्री कक्षाको प्रयोगको अवस्था

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन हुँदै गर्दा त्यहाँ बालमैत्री कक्षाको प्रयोगलाई पनि विशेष ध्यान दिनुपर्ने हुन्छ । बालमैत्री कक्षा भन्नाले बालबालिकाले अभिभावकको जस्तो संरक्षण पाउने, दण्ड र भेदभाव रहित कक्षा, मनोरञ्जनका लागि पर्याप्त सुविधा, समताको अवस्था लगायतका अवस्थालाई जनाउँछ । यस अध्ययनमा बालमैत्री कक्षाको प्रयोगको अवस्था बारेमा सूचना संकलनको लागि अवलोकन फाराम, प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली र छलफलबाट प्राप्त तथ्याङ्कलाई आधार मान्दै प्राप्त सूचनालाई निम्नअनुसार आधारहरुमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

तालिका नं :- ४.३.

बालमैत्री कक्षाको प्रयोगको अवस्था

| क्र. सं. | बालमैत्री कक्षाकोठाको आधार | बालविकास केन्द्रको संख्या | |
|---|---|---|---|
| | | भएको | नभएको |
| १. | भेदभाव रहित कक्षा | ८ | - |
| २. | दण्ड रहित कक्षा | ८ | - |
| ३. | ह्वील चियर जान सक्ने अपाङ्गमैत्री कक्षा | - | ८ |
| ४. | उपयुक्त फर्निचर | ३ | ५ |
| ५. | कार्पेट, चकटी | ३ | ५ |
| ६. | उपयुक्त प्रकाशको व्यवस्था | ७ | १ |
| ७. | सुरक्षित वातावरण, तारबार | ४ | ४ |
| ८. | शौचालय र खानेपानीको राम्रो व्यवस्था | ४ | ४ |
| ९. | खेलकुदका सामग्रीको राम्रो उपलब्धता | १ | ७ |
| १०. | बालचित्र र चार्टहरु | २ | ६ |

यस अध्ययनमा समावेश बालविकास केन्द्रहरुमा ७ दिनको अवलोकनमा कुनैपनि बालविकास केन्द्रमा शारीरिक मानसिक प्रभाव पार्ने खालका घोचपेचका क्रियाकलाप नपाइएकोले पूर्ण रुपमा भेदभावरहित र दण्डरहित मान्न सकिएता पनि अन्य पक्षमा पूर्णरुपमा बालमैत्री रहेको पाइएन । बालबालिकाको लागि छुट्टै आराम गर्ने कोठा कुनै केन्द्रमा पनि पाइएन भने खेलकुदका सामग्रीको उपलब्धता कुनै केन्द्रमा पनि राम्रो देखिएन । कुनैपनि बालविकास केन्द्रमा बालकक्षा ह्वील चियर जान सक्ने अपाङ्गमैत्री कक्षाको व्यवस्था छैन । त्यस्ता पक्षहरुलाई बालमैत्री मान्न सकिन्न । त्यसैगरी ३ वटा बालविकास केन्द्रमा कार्पेट तथा चकटीको प्रयोग नहुँदा बालबालिकाहरु चिसो भुईं र धुलोमा खेलिरहेको देखियो । सबै बालविकास केन्द्रका प्र. अ., वि. व्य. स. अध्यक्षहरुले खानेपानी तथा शौचालयको सुविधा रहेको बताएता पनि शौचालयको प्रयोग गर्ने प्रकृयामा अरु कक्षाले प्रयोग गर्ने गरेको शौचालय नै बालविकास केन्द्रका बालबालिकाहरुले पनि प्रयोग गर्ने र अधिकांश बालविकास केन्द्रमा शौचालय जाने ठाउँ पनि असजिलो रहेकोले त्यसलाई बालमैत्री बनाउन आवश्यक देखियो । खानेपानी, सुरक्षाका लागि तारबार जस्ता पक्षहरु सबै बालविकास केन्द्रमा सन्तोषजनक मात्र रहेकोले त्यसलाई सुधार गर्नुपर्ने आवश्यकता रहेको छ ।

अन्य थप क्षेत्रलाई हेर्दा निर्धारित पाठ्यक्रम र निर्देशिका अनुसार कक्षा सञ्चालन गरेको पाइएन । गीत, संगीत, कथा, कविताको माध्यमसँगै खेललाई प्रयोग गरी विद्यालय जाने बानीको विकास गराउने भन्दा पनि कक्षाकोठामा शिक्षण गर्ने गृहकार्य गर्न लगाउने गरेको पाइयो । यसमा अभिभावकहरुको पनि बच्चालाई पाठ गर्न दिइयोस्, खेल गीत संगीत भन्दा पनि पढाइएका कुराहरु होस् भन्ने चाहना रहेको कारण बालविकास केन्द्रका बच्चाहरुलाई भार बढ्न जाने गरेको अधिकांश प्र. अ. र स. का. हरुले बताएका थिए । त्यस्तै पछिल्लो समयमा बालकक्षा केहिमात्रामा बालमैत्री हुँदै आएको भएता पनि यसलाई पूर्ण रुपमा बालमैत्री बनाउन सकेमात्र निर्धारित लक्ष्य हासिल गर्न सक्ने श्रोतव्यक्ति, वि. नि. र जि. शि. अ. ले बताएका थिए ।

#### ४.१.६.१. बालविकास केन्द्रलाई बालमैत्री बनाउन भएका कार्यहरु

कक्षाका समग्र क्रियाकलाप बालमैत्री नभएसम्म त्यहाँ निर्धारित लक्ष्य प्राप्तिमा समस्या उत्पन्न हुन सक्छ । त्यस्तै बालविकास केन्द्रमा सञ्चालित बालकक्षा शिक्षा क्षेत्रको जग नै भएकाले पनि त्यसलाई अनिवार्य रुपमा बालमैत्री बनाउनुपर्ने हुन्छ । यस अध्ययन क्षेत्रका ८ वटा बालविकास केन्द्रहरुले बालकक्षालाई बालमैत्री बनाउन भेदभावरहित तथा दण्डरहित कक्षाको नीतिलाई सबैले अँगालेको पाइयो । त्यस सँगै बालव्यवहार, रुची र क्रियाकलापमा सहयोग गरेर, आवश्यकता र रुचीअनुसार खेल संगीत सिकाएर उनीहरुलाई समतापूर्ण व्यवहार गरेर बालमैत्री कक्षा निर्माणमा जोड दिएको कुरा स. का. हरुले

बताएका थिए । त्यस्तै एउटा विद्यालयको नयाँ बन्दै गरेको बालविकास केन्द्रको भवनमा अपाङ्गमैत्री कक्षाको व्यवस्था रहेको पाइयो ।

४.१.७. कार्यक्रम सञ्चालनमा शैक्षणिक योजना निर्माण तथा पूर्व तयारीको अवस्था

कुनैपनि कार्यक्रम सञ्चालन तथा सफल कार्यान्वयनका निम्ति योजना निर्माण गर्ने कार्य अपरिहार्य छ । योजना विनाको कार्यक्रम विषयवस्तु भन्दा बाहिर जाने सम्भावना रहन्छ । जसले गर्दा निर्धारित लक्ष्य प्राप्तिमा समस्या उत्पन्न गराउँछ ।

यस अध्ययनमा रहेका ८ वटा बालविकास केन्द्रहरुमा भौतिक पूर्वाधार निर्माण लगायतका विषयमा योजना निर्माण भएता पनि कक्षा सञ्चालनका विषयमा कुनै ठोस योजना निर्माण भएको पाइएन । त्यस्तै कुनैपनि विद्यालयका प्र. अ. ले बालविकास कक्षा सञ्चालन सम्बन्धि योजना निर्माण गरेको भेटिएन । यद्यपी सबै विद्यालयमा रहेको विद्यालय सुधार योजनामा बालकक्षा सुधारका निम्ति पनि केही पक्षहरुलाई समावेश गरिएको पाइयो ।

सबै स. का. हरुले बालकक्षा प्रवेश गर्नुअघि पूर्वतयारी गर्ने गरेको अर्थात सिकाउने पक्षहरु खेल नाटक, गीत, पाठ्यवस्तु बारे पूर्वतयारी गर्ने गरेको प्रतिक्रिया व्यक्त गरेता पनि अवलोकनको क्रममा ८ वटा बालविकास केन्द्रका स. का. हरु ९ जना मध्ये कसैले पनि लिखित रुपमा पाठयोजना, एकाइ योजना, वार्षिक योजना निर्माण तथा प्रयोग गरेको पाइएन ।

४.१.८. शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग

शिक्षा क्षेत्रमा कार्यक्रम सफल बनाउनको लागि शैक्षिक सामग्रीले ठूलो महत्व राख्दछ । शैक्षिक सामग्रीले सिकाइ प्रकृयालाई दिगो र व्यावहारीक बनाउन अधिकतम सहयोग गर्दछ । शैक्षिक सामग्री विनाको सिकाइ निकै परम्परागत र अपूरो मानिन्छ । ज्ञानको विष्फोटन, सूचना प्रविधिको विकास सँगै आजको वैज्ञानिक तथा आधुनिक युगमा शैक्षिक सामग्रीको अत्यधिक प्रयोगद्वारा सिकाइ गर्नु गराउनु राम्रो मानिन्छ ।

शैक्षिक सामग्रीको उपलब्धता भन्ने कुरा अपरिभाषित छ । यो जति नै भए पनि पर्याप्त मान्न सकिँदैन । यद्यपी यस अध्ययन क्षेत्रमा रहेका बालविकास केन्द्रहरुमध्येबाट ७ पटकको अवलोकन र सम्बन्धित व्यक्तिको प्रतिक्रियाको आधारमा ८ वटा बालविकास केन्द्रलाई तुलनात्मक रुपमा शैक्षिक सामग्रीको उपलब्धता हेर्दा ३ वटा बालविकास केन्द्रहरु रुद्रकन्या, पण्डितचौर र ज्योती केन्द्रमा श्रव्यदृष्य सामग्री, खेल सामग्री, ब्लकहरु जस्ता खरिद सामग्री र स्थानीय तवरबाट निर्मित सामग्री जस्ता शैक्षिक सामग्रीको

उपलब्धता निकै कम रहेको पाइयो । त्यसैगरी ३ वटा बालविकास केन्द्रहरु इजारा, देउराली र पशुपति केन्द्रमा केही मात्रामा रहेको र २ वटा बालविकास केन्द्रहरु नीलकण्ठ र बालमन्दिर केन्द्रमा पर्याप्त रुपमा रहेको पाइयो ।

बालविकास केन्द्रले प्रयोग गर्ने शैक्षिक सामग्रीको प्रयोगको अवस्थालाई हेर्दा समग्रमा कमजोर नै रहेको सूचना प्राप्त भयो । अध्ययनकर्ताले गरेको ७ दिनको अवलोकन र स. का. सँगको प्रश्नावलीको आधारमा प्राप्त सूचनाहरुको आधारमा निम्न अनुसार शैक्षिक सामग्री उपलब्धता र प्रयोगको अवस्था रहेको पाइयो ।

तालिका नं :- ४.४.

शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग

| क्र. सं. | बालविकास केन्द्र | शैक्षिक सामग्रीको प्रयोग अवस्था दिन (७ दिनको अवलोकनमध्ये ) | | कैफियत |
|---|---|---|---|---|
| | | स्थानीय सामग्री (ढुङ्गा, काठ, माटो, बाँस, चुराका सामग्री स्थानीय तरिकाले निर्माण गरेको) | खरिद सामग्री (श्रव्यदृष्य, संगीतका सामग्रीहरु, बालचित्र ब्लकहरु, गुडियाहरु आदि) | |
| १. | देउराली | ५ दिन | २ दिन | |
| २. | रुद्रकन्या | ६ दिन | १ दिन | |
| ३. | बालमन्दिर | २ दिन | ५ दिन | संगीतका सामग्री भएको |
| ४. | नीलकण्ठ | १ दिन | ६ दिन | डि.भि.डी.,टि.भी,समेत भएको |
| ५. | इजारा | २ दिन | ५ दिन | |
| ६. | पशुपती | ३ दिन | ४ दिन | |
| ७. | ज्योती | ४ दिन | ३ दिन | |
| ८. | पण्डितचौर | ५ दिन | २ दिन | |

शैक्षिक सामग्रीको प्रयोग गर्ने क्रममा ३ वटा बालविकास केन्द्रले स्थानीय शैक्षिक सामग्री भन्दा खरिद सामग्रीको प्रयोगमा बढावा दिएको पाइयो । बालविकास केन्द्रलाई सहज र प्रभावकारी बनाउन खरिद सामग्रीको तुलनामा स्थानीय सामग्रीको बढि प्रयोग गर्न सकेमा उपलब्धीमूलक हुन्छ । यसको लागि सबै बालविकास केन्द्रले ख्याल गर्नुपर्ने हुन्छ ।

### ४.१.९. सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण

सहयोगी कार्यकर्ता बालविकास कार्यक्रमको मुख्य परिचालक हो । बालबालिकाको सिकाई प्रकृयालाई प्रभावकारी बनाउनको लागि स. का. को प्रस्तुतीकरणले पनि महत्व राख्छ । सहयोगी कार्यकर्ताहरुको कक्षामा प्रस्तुतिकरणको पक्ष अवलोकनको लागि यस अध्ययन क्षेत्रमा ८ वटा बालविकास केन्द्रहरुमा प्रत्येकमा ७ पटक उपस्थित भइ अवलोकन गरिएको थियो । जसबाट प्राप्त सूचनाहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

तालिका नं :- ४.५.

सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण

| क्र. सं. | विवरण | बालविकास केन्द्रको संख्या | |
|---|---|---|---|
| | | भएको | नभएको |
| १. | ठिक समयमा सुरुवात | ७ | १ |
| २. | उत्प्रेरणा/पुनस्मरण | ५ | ३ |
| ३. | क्रमिकता | ६ | २ |
| ४. | भाषामा स्पष्टता | ८ | - |
| ५. | बसाइ व्यवस्थापन | ७ | १ |
| ६. | शैक्षिक सामग्रीको प्रयोग | ८ | - |
| ७. | संगीतको दैनिक प्रयोग | २ | ६ |
| ८. | स्वतन्त्र खेल | ६ | २ |
| ९. | मूल्याङ्कन | ५ | ३ |
| १० | पृष्ठपोषण | ५ | ३ |
| ११ | गृहकार्य दिने कार्य | ८ | - |
| १२ | विदाइ गीतबाट कक्षा अन्त्य | ३ | ५ |

अध्ययनबाट प्राप्त सूचनाको आधारमा स. का. हरुको प्रस्तुतीकरण मध्यम खालको देख्न सकिन्छ । कक्षा ठिक समयमा सुरु भए पनि क्रमिकता, संगीतको उचित प्रयोगमा कमी, उत्प्रेरणा, पूनस्मरण जस्ता पक्षहरुमा कम अवसर प्रदान गरिएकाले यस्ता पक्षहरुलाई तत्काल सुधार गर्न आवश्यक छ । साथै अरु कक्षाका विद्यार्थीहरुलाई जस्तै गृहकार्य दिएर कलिला बालबालिकाहरुलाई तनाव दिनुलाई राम्रो मानिँदैन । तर

अभिभावकको करबलको कारणले गृहकार्य दिनको लागि आफु बाध्य हुने गरेको सबै स. का. हरुको प्रतिक्रिया रहेको थियो ।

### ४.१.१०. बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलापहरु

बालविकास केन्द्रभित्र गरिने हरेक खालका क्रियाकलापहरुले बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास मध्ये भूमिका खेल्ने गर्दछ । जसले बालबालिकाको लागि सामाजिक समायोजनमा सहयोग गर्ने गर्दछ । आजका बालक भोलीका सच्चा नागरिक हुन् । उनीहरुलाई आजैदेखि अर्थपूर्ण क्रियाकलापमा सामेल गराउनु आवश्यक छ । यस अध्ययनमा बालबालिकाका शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास गराउन भए गरेका क्रियाकलापहरु बारे पत्ता लगाउन प्रश्नावली र अवलोकनलाई आधार मानी सूचना संकलन गरिएको थियो । यि ४ वटा पक्षहरु सम्बन्धित क्रियाकलापको अवस्थालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

#### ४.१.१०.१. शारीरिक विकासका लागि भएका क्रियाकलाप

बालबालिकाहरुलाई हरेक सिकाइ प्रकृयामा सामेल गराउन उनीहरुलाई शारीरिक तबरले सक्षम बनाउनुपर्ने हुन्छ । शारीरिक परिपक्वता विना सिकाइ सम्भव हुँदैन । यस अध्ययन क्षेत्रका बालविकास केन्द्रमा भएका बालबालिकाहरुको शारीरिक विकासका लागि शारीरिक क्रियाकलापको अवस्थालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

तालिका नं :- ४.६.

शारीरिक विकासका लागि भएका क्रियाकलाप

| क.सं. | क्रियाकलाप विवरण | बालविकास केन्द्रको संख्या | |
|---|---|---|---|
| | | भएको | नभएको |
| १. | जुत्ता खोल्ने लगाउने कार्य | ५ | ३ |
| २. | हिड्न कुद्न सिकाउने कार्य | ८ | - |
| ३. | भाँच्ने गाँठो पार्न लगाउने कार्य | ३ | ५ |
| ४. | उफ्रने, ओर्लने उक्लने कार्य | ८ | - |
| ५. | चित्र कोर्न सिकाउने कार्य | ८ | - |
| ६. | निर्माण गर्ने कार्य | १ | ७ |
| ७. | पिङ, चाकाचुली, चिप्लेटीमा खेल्ने | - | ८ |

शारीरिक पक्षसँग सम्बन्धित क्रियाकलापहरु समग्रमा सन्तोषजनक नै देखियो । भाँच्ने, गाँठो पार्ने र निर्माण गर्ने कार्य अति कम मात्रामा रहेको साथै जुत्ता लगाउने र फुकाल्ने कार्य कार्पेट भएको कक्षामा मात्र प्रयोग गर्ने गरिएको पाइयो । माथि उल्लेखित सबै क्रियाकलापहरु सबै बालविकास केन्द्रमा प्रयोग गर्नेतर्फ सोच्नुपर्ने देखिन्छ । शारीरिक क्रियाकलापको लागि आवश्यक खेल सामग्री, पिङ, चाकाचुली, चिप्लेटी जस्ता कुराहरु कुनै केन्द्रमा पनि पाइएन ।

४.१.१०.२. सामाजिक विकासका लागि भए गरेका क्रियाकलाप

बालबालिकाहरुलाई विभिन्न सामाजिक सम्बन्ध राख्ने कार्यहरुमा सहभागी गराइ राख्नुपर्दछ । जसले उसलाई असल सामाजिक प्राणी बन्न सघाउँछ । यस अध्ययन क्षेत्रका बालविकास केन्द्रहरुमा हुने गरेका सामाजिक विकास सँग सम्बन्धित मुख्य मुख्य क्रियाकलापहरुलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

तालिका नं :- ४.७.

सामाजिक विकासका लागि भएका क्रियाकलाप

| क.सं. | क्रियाकलाप विवरण | बालविकास केन्द्रको नाम | |
|---|---|---|---|
| | | गरेको | नगरेको |
| १. | सामूहिक प्रार्थना | ७ | १ |
| २. | समूह कार्य गराउने | ५ | ३ |
| ३. | सरसफाई कार्य | ८ | - |
| ४. | अभिवादन | ८ | - |
| ५. | माया गर्ने | ८ | - |
| ६. | भेदभाव तथा छुवाछुत नगर्ने | ८ | - |
| ७. | पालो पर्खिने | ८ | - |

सामाजिक विकास गराउने खालको क्रियाकलाप बारेमा स. का. तथा प्र. अ. सँगको प्रश्नावली, अवलोकनको आधारमा प्राप्त तथ्याङ्कलाई आधार मानेर तालिकीकरण गरिएको छ । स. का., प्र. अ., वि. नि., श्रोतव्यक्ति लगायतले सामाजिक क्षेत्रमा बालविकास केन्द्र सञ्चालित रहेकाले सामाजिक विकासका लागि क्रियाकलाप पर्याप्त हुने गरेको बताएका थिए । यद्यपी त्यस्तो पर्याप्त क्रियाकलाप नभए पनि सामाजिक विकासका लागि क्रियाकलाप राम्रो तरिकाले सञ्चालित भएको पाइन्छ । जसको लागि स. का. ले राम्रो तथा सकारात्मक भूमिका खेलेको देखिन्छ ।

४.१.१०.३. मानसिक विकासका लागि भएका क्रियाकलाप

बौद्धिक क्षमता, तार्किक क्षमता विकासका लागि सानैदेखि क्रियाकलाप गर्नु गराउनु आवश्यक हुन्छ । छनोटमा परेका बालविकास केन्द्र सञ्चालित अधिकांश विद्यालयका प्र. अ. तथा स. का. हरुले मानसिक विकासका लागि आवश्यक क्रियाकलापहरु आफ्नो बालविकास केन्द्रमा उपयुक्त तवरले भएको बताएता पनि अवलोकनको क्रममा आफ्नो र साथीहरुको परिचय सोध्ने र बताउने, कथा/कविता/चुट्किला भन्ने/सुन्ने, कथा भनिसकेपछि प्रश्न सोध्नेजस्ता क्रियाकलापहरु सबै बालविकास केन्द्रमा भएको पाइएता पनि भित्तेलेखनबाट अक्षर वर्ण, संख्या चिनाउने कार्य ३ वटा बालविकास केन्द्रमा मात्र हुने गरेको पाइयो । कथा तथा गाउँखाने कथा बारे तर्क गर्ने जस्ता कार्य ५ वटा बालविकास केन्द्रहरुमा भएको देखिँदैन । त्यसको लागि स. का. ले ध्यान दिनुपर्ने देखिन्छ । समग्रमा मानसिक विकास गराउने क्रियाकलापहरु उपयुक्त छ भन्न सकिन्छ ।

४.१.१०.४. संवेगात्मक विकासका लागि क्रियाकलाप

व्यक्तिको लागि सामाजिकीकरणमा प्रवेश गरी मानवको परिचय दिन संवेगको विकास, त्यसको प्रस्तुतिकरणले पनि प्रभाव पार्ने गर्दछ । माया, प्रेम, हाँसो, रुनु, दुःखका कुरा, अनुहार प्रस्तुती जस्ता पक्षहरुलाई उचित प्रयोग गर्न सकेमा मात्र त्यसको भाव अर्थपूर्ण हुन सक्छ । त्यस्ता पक्षहरुको प्रयोग तथा सिकाइ सानो उमेरका बालबालिकाहरुलाई पनि गराउनुपर्ने हुन्छ ।

संवेगात्मक विकास गराउने खालका क्रियाकलापबाट बालबालिकामा माया, प्रेम, सद्भाव, हाँसो, खुसी, रिस, सुख, दुखको अनुभुति विकास गराउन सहयोग गर्दछ । नक्कल तथा अभिनयले बालबालिकालाई चलाख तथा हाउभाउ व्यक्त गर्न सक्ने बनाउँछ । अध्ययनको क्रममा कथा सुख दुःखका कुराकानी, मायाप्रेमको अभ्यास सबै बालविकास केन्द्रमा भएता पनि ५ वटा बालविकास केन्द्रमा नक्कल गर्ने/गराउन कार्य नभएको पाइयो । त्यस्तै प्रशंशा र पुरस्कारका कार्यहरु ३ वटामा मात्र हुने गरेको पाइयो । साथै फिल्म कार्टुन देखाउने कार्य एउटा बालविकास केन्द्रमा मात्र हुने गरेको पाइएको थियो । तर बाँकी ७ वटा बालविकास केन्द्रमा त्यस्ता सुविधाको विकास गर्नुपर्ने देखिन्छ । समग्रमा अध्ययन क्षेत्रका बालविकास केन्द्रहरुमा संवेगात्मक विकासका क्रियाकलापहरु मध्यम खालको रहेको थियो ।

सबै बालविकास केन्द्रका सरोकारवालाहरु स. का., अभिभावक, प्र. अ., वि. व्य. स. अध्यक्ष, वि. नि. श्रोतव्यक्तिले बालकक्षामा सर्वाङ्गीण विकास गराउने खालका क्रियाकलापहरु सञ्चालन भइरहेको बताएता अवलोकनको क्रममा त्यस्ता क्रियाकलाप अपर्याप्त रहेको पाइयो ।

### ४.१.११. सहयोगी कार्यकर्ताको योग्यता र त्यससम्बन्धि धारणा

कार्यक्रम सञ्चालन गर्ने क्रममा दक्ष जनशक्ति आवश्यक पर्दछ । योग्यता पुग्दैमा व्यक्ति दक्ष हुन्छ भन्ने छैन । व्यक्तिलाई दक्ष बनाउन तालिम आवश्यक हुन जान्छ । सहयोगी कार्यकर्ताका लागि न्यूनतम शैक्षिक योग्यता दश कक्षा उत्तिर्ण भनेर तोकिएता पनि यो भन्दा बढी योग्यता भएकाहरुलाई विशेष ग्राह्यता दिनुपर्ने आवाजहरु उठ्ने गरेका छन् । सहयोगी कार्यकर्ताको योग्यता र दक्षताको अवस्था सम्बन्धि खोज गर्न विद्यालय अभिलेख अध्ययन तथा स. का. को लागि प्रश्नावलीको प्रयोग गरिएको थियो । योग्यता तथा दक्षता सम्बन्धित धारणालाई समेत खोज गरिएको थियो । यस अध्ययन क्षेत्रका ८ वटा बालविकास केन्द्रमा कार्यरत स. का. हरुको शैक्षिक अवस्था र तालिमको अवस्थाबारे सूचना संकलन गरिएको थियो । (जसलाई अनुसुची १२ मा उल्लेख गरिएको छ ।)

अध्ययनमा समेटिएका ८ वटा बालविकास केन्द्रका कार्यरत ९ जना स. का. हरुमध्ये ३ जनाले प्रमाणपत्र तह उत्तिर्ण गरिसकेका र बाँकी ६ जना एस. एल. सी. उत्तिर्ण रहेको पाइयो । दक्षताको पक्ष हेर्दा ४ जना स. का. को कार्यअनुभव ५ बर्ष भन्दा बढि भइसकेको पाइयो । त्यस्तै स. का. को लागि सेवा तथा सुविधा अति न्यून हुँदा छोटो छोटो समयमा नै स. का. को परिवर्तन भइरहने कारण २ जनाको अनुभव ६ महिना भन्दा कम रहेको पाइयो ।

कार्यअनुभव बढ्दै जाँदा शिक्षण विधी तथा क्रियाकलापबारे ज्ञानको पक्ष फराकिलो हुँदै जाने र बालमनोविज्ञान अनुसार सिकाइ गराउन सक्ने कारण अनुभवी शिक्षकले गराएको क्रियाकलाप प्रभावकारी हुँदै आएको र बालबालिकाहरु र समुदायसँग स. का. को सम्बन्ध पनि अति राम्रो रहेको पाइन्छ ।

तालिमको हकमा ३ जना स. का. ले आधारभूत तालिम १५ दिन (९० घण्टे) र पुनर्ताजकी गरी दुबै तालिम प्राप्त गरेको पाइयो । ८ जना स. का. ले पुनर्ताजकी तालिम प्राप्त गरेको भएता पनि १ जना स. का. को भर्खर नियुक्ति भएका कारण कुनै तालिमको अवसर नपाएको, ३ जना स. का. भन्दा बाहेकले आधारभूत तालिम प्राप्त नगरेको पाइयो ।

अध्ययनका क्रममा सहयोगी कार्यकर्ताको योग्यता सम्बन्धि धारणा संकलनको लागि प्र. अ., वि. व्य. स. अध्यक्ष, श्रोतव्यक्ति, विद्यालय निरीक्षक र जि. शि. अ. संगको प्रश्नावली तथा अन्तर्वार्ता प्रश्नावलीमा त्यस सम्बन्धि विभिन्न प्रश्नहरु समावेश भएका थिए । त्यसबाट प्राप्त सूचनाहरुलाई निम्न अनुसारको तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

तालिका नं :- ४.८.

सहयोगी कार्यकर्ताको योग्यतासम्बन्धि धारणा

| क्र.सं. | धारणा राख्ने व्यक्ति/पक्षहरु | स.का.को हुनुपर्ने न्यूनतम शैक्षिक योग्यता | | |
|---|---|---|---|---|
| | | एस.एल.सी | प्रमाणपत्र तह | स्नातक |
| १. | प्रधानाध्यापक | ४ जना | ४ जना | - |
| २. | वि. व्य. स. अध्यक्ष | ३ जना | ४ जना | - |
| ३. | विद्यालय निरीक्षक | १ | - | - |
| ४. | श्रोतव्यक्ति | १ | - | - |
| ५. | जि. शि. अ. | - | - | १ |

सहयोगी कार्यकर्ताको योग्यता सम्बन्धि धारणा बुझ्न समावेश गराइएका विभिन्न पक्षहरु प्र. अ., वि. नि., वि. व्य. स. अध्यक्ष, श्रोतव्यक्ति, जि. शि. अ. समेत गरी जम्मा १८ जना मध्ये ४ जना प्र. अ., ३ जना वि. व्य. स. अध्यक्ष, श्रोतव्यक्ति र वि. नि. ले कम्तिमा एस. एल. सी. उत्तिर्ण भएकालाई स. का. मा नियुक्ति गर्नु नै उपयुक्त हुने बताएका थिए । साथै ४ जना प्र अ., ४ जना वि. व्य. स. अध्यक्षले कम्तिमा प्रमाणपत्र तह पार गरेकालाई  स. का. मा नियुक्ति गर्दा राम्रो हुने बताएका थिए । त्यसैगरी जि. शि. अ. ले कम्तीमा वि. एड् उत्तिर्ण लाई गरेकोलाई राम्रो सुविधा सहित स. का. मा नियुक्ति गरिनुपर्ने बताउनुभएको थियो । त्यसैगरी दक्षता अभिवृद्धिका लागि सबै स. का. हरुलाई आधारभूत तालिम र समय समयमा पुनर्ताजकी तालिम उपलब्ध गराउनुपर्ने कुरामा अन्तर्वार्ता तथा प्रश्नावलीमा समेटिएका सबै पक्षहरुको जोड रहेको थियो ।

सिकाइलाई सुदृढ र सबल बनाउन तालिम एउटा महत्वपूर्ण पक्ष हो । तर पनि सबै स. का. हरुले उक्त तालिम प्राप्त गर्न नसक्नुले सिकाइ क्रियाकलाप सञ्चालनमा क्रमिकता नभइ असहज परिस्थिती उत्पन्न हुन जान्छ । जसको कारण शैक्षिक लक्ष्य हासिल गर्न गाह्रो हुन्छ । एस. एल. सी. भन्दा माथिको तह पार गरेको व्यक्तिलाई शिक्षणविधी तथा बालमनोविज्ञान बारे थप ज्ञान हुने कारण निर्धारित भन्दा बढि नै योग्यता भएका व्यक्तिलाई स. का. मा नियुक्ति गर्दा राम्रो हुने देखिन्छ । यद्यपी तालिमद्वारा पनि स. का. लाई दक्ष बनाउन सकिन्छ ।

४.१.१२. सहयोगी कार्यकर्ताको सेवा तथा सुविधाको अवस्था र धारणा

कुनैपनि सेवामा तल्लिन व्यक्तिलाई उनीहरुले पाउने सेवा तथा सुविधाले प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । यस अध्ययनमा परेका ८ वटा बाल विकास केन्द्रका स. का. हरुसँग सेवा र सुविधाको सन्तुष्टि बारेमा

गरिएको प्रश्नमा सबै स. का. हरुले सरकारले आफुलाई अवहेलना गरेको, बढि खटिनुपर्ने अवस्थामा पनि न्यून पारिश्रमिक पाइरहेको यसले आफुहरु निकै पिडामा रहेको प्रतिकृयामा एकमत थियो । आफुले पाएको जिम्मेबारी राम्ररी बहन गरिरहेको तर अरु शिक्षक सरह काममा खटिए अनुसार सुविधा उपलब्ध नहुँदा कामप्रति नै नैराश्य आउने समेत धारणा व्यक्त गरे । यसको लागि सरकारले न्यूनतम प्राथमिक शिक्षक सरह सुविधा उपलब्ध गराइ स्थायी गराउनुपर्ने प्रतिकृया दिएका थिए ।

त्यसैक्रममा प्र. अ. हरुसँगको प्रश्नबाट पनि सरकारले उपलब्ध गराएको पारिश्रमिक ज्यादै न्यून रहेको र कम्तीमा प्राथमिक शिक्षक सरह सुविधा उपलब्ध गराइनुपर्ने धारणा राखेका थिए । त्यसैगरी वि. व्य. स. अध्यक्षहरुको अनुसार समय सापेक्ष स. का. को पारिश्रमिकमा तत्काल वृद्धि गरिनुपर्ने, रु २४००।०० मात्र उपलब्ध गराउनु बर्तमान समयमा निकै असान्दर्भिक रहेको बताएका थिए ।

स. का. ले पाउने गरेको सेवा तथा सुविधालाई समय अनुसार परिमार्जन गरी खटाइ र काम अनुसार सुविधा उपलब्ध गराउनुपर्ने धारणा राख्दै श्रोतव्यक्ति, वि. नि. र जि. शि. अ. ले स. का. लाई पनि अरु शिक्षकसरह सम्मानजनक सुविधा दिँदै स्थायी प्रकृयामा लैजाँदा स. का. को मनोवल बढ्ने कारण सरकारले त्यसैअनुसारको नीति लिनुपर्ने बताएका थिए । जि. शि. अ. का अनुसार सरकारले तत्काल स. का. को सेवा तथा सुविधामा परिमार्जन गरी उल्लेख्य सुधारका योजना लिएको भएता पनि राजनीतिक अस्थिरताले अबरोध गरिरहेको बताउनुभएको थियो ।

माथिको धारणाहरुसंगै बास्तवमै स. का. प्रारम्भिक बालविकास कार्यक्रमको एक मुख्य पक्ष रहेको भन्ने कुरा सरकारलाई ज्ञात हुँदाहुँदै पनि सेवा तथा सुविधा अत्यन्तै न्यून रुपमा उपलब्ध गराइरहेको छ । कार्यक्रमलाई समग्र रुपमा सुधार गरी शैक्षिक लक्ष्य हासिल गर्नको लागि सरकारले तत्काल स. का. लाई पनि अरु शिक्षक सरह समयअनुसार पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध गराउनुपर्ने देखिन्छ । सहयोगी कार्यकर्ताप्रति रहेको नैराश्यताको भावना पूर्ण रुपमा नियोजन गर्न आवश्यक छ ।

### ४.१.१३. बालविकास केन्द्रप्रति अभिभावकको चासो

बालविकास कार्यक्रमलाई सफल कार्यान्वयनको निम्ती विभिन्न पक्षहरुको चासो र सहयोग आवश्यक पर्दछ । त्यसैगरी यस अध्ययन क्षेत्रमा रहेका बालविकास केन्द्रका बालबालिकाहरुको अभिभावकहरुको बालविकास केन्द्रप्रतिको चासोलाई यहाँ प्रस्तुत गरिएको छ ।

बालविकास केन्द्र व्यवस्थापन, योजना तर्जुमा तथा कार्यान्वयनको लागि अभिभावकहरुको ठूलो भूमिका हुने गर्दछ । विद्यालयले आयोजना गरेको अभिभावक भेलामा सामेल भइ आ-आफ्नो धारणा व्यक्त

गर्ने, बालबालिकाको सामाजिक, भाषिक, मानसिक विकास, सिकाइ उपलब्धीलाई नियाल्दै भए गरेका प्रगती तथा कमजोरीहरुलाई स. का., प्र. अ. समक्ष जानकारी गराउने जस्ता कार्यहरु अभिभावकले गर्नुपर्ने हुन्छ । अनिमात्र निर्धारित लक्ष्य हासिल हुने देखिन्छ । यस अध्ययन क्षेत्रमा रहेका सम्बन्धित अभिभावकहरुको चासो बारे प्र. अ. र अभिभावकको धारणाबारेमा प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट प्राप्त सूचनाका आधारमा अध्ययन क्षेत्रका ८ वटा बालविकास केन्द्रहरु मध्ये ३ वटा केन्द्रका अभिभावकहरुले राम्रो चासो राख्ने अर्थात् बालबालिका पुऱ्याउन तथा लैजान नियमित आइ विद्यालयको बारेमा विभिन्न जिज्ञासा व्यक्त गर्ने र ३ वटामा ठिकै खालको चासो राख्ने र २ वटामा अभिभावकहरुले चासो नराख्ने गरेको पाइयो । अभिभावकले बढि चासो राख्ने गरेको बालविकास केन्द्रको व्यवस्थापन र उपलब्धी पनि राम्रो रहेको पाइएको छ ।

४.१.१४. बालविकास केन्द्रप्रति अन्य सहयोगको अवस्था

कुनैपनि कार्यक्रम सफल बनाउन विभिन्न सरोकारवालाहरुको साथ र सहयोग अनिवार्य हुन्छ । कसैले पनि एकल रुपमा कार्य सम्पन्न गर्न सक्दैन । यस प्रारम्भिक बालविकास कार्यक्रम सफल बनाउन पनि विभिन्न पक्षको साथ र सहयोग आवश्यक छ । यस अध्ययन क्षेत्रमा रहेका बालविकास केन्द्रहरुलाई बर्तमानमा प्रत्यक्ष रुपमा सहयोग गर्ने गैरसरकारी सँस्थाहरु पाइएन । तर केही मात्रामा रुम टु रिड नामक सँस्थाले पुस्तकालयको क्षेत्रमा अप्रत्यक्ष रुपमा सहयोग गरेको पाइयो ।

विगतको समयमा आ.व. ०६६/६७ मा UK को VSO नामक संस्थाले नीलकण्ठ र ज्योती बालविकास केन्द्रमा शैक्षिक सामग्री खरिदमा सहयोग गरेको र कक्षा सञ्चालनको विधी, अनुगमन तथा पृष्ठपोषण दिने गरेको थियो । त्यस्तै ECEC नामक संस्थाले तालिम सञ्चालन गरेको देखियो ।

अध्ययन क्षेत्रमा रहेका बालविकास केन्द्रमा सहयोग गर्ने पक्षहरु अभिभावक, प्र. अ., वि. व्य. स., निरीक्षक, श्रोतव्यक्ति, जि. शि. अ. लगायत हुन् । उनीहरुले आ-आफ्नो जिम्मेवारी बहन गर्दै कार्यक्रमप्रति चासो राख्नुपर्ने हुन्छ । यसै क्रममा यस क्षेत्रका ८ वटा बालविकास केन्द्रमा निर्देशिका अनुसार छुट्टै बालविकास केन्द्र व्यवस्थापन समिति गठन नभएको र विद्यालय व्यवस्थापन समितिले नै हेर्ने गरेको पाइयो । त्यसैगरी बालविकास केन्द्र निरीक्षकको व्यवस्था नभएको र वि. नि. ले नै अनुगमन सुपरिवेक्षण गर्ने गरेको पाइयो ।

अभिभावकहरुले अभिभावक भेलामा बालकक्षा व्यवस्थापन बारेमा आवाज उठाउने, प्र. अ. ले योजना बनाउने, वि. व्य. स. ले योजना स्वीकृत तथा योजना माग र कायान्वयनमा सहयोग गर्ने, त्यस्तै वि. नि. र श्रोतव्यक्तिले कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन पेश गर्ने, सिफारिस गर्ने, त्यस्तै जि.

शि. का. ले स. का. को पारिश्रमिक, बालविकास केन्द्रलाई शैक्षिक सामग्री, थप खरिदको लागि आर्थिक सहयोग, स. का. लाई तालिमको व्यवस्था जस्ता कार्यक्रम सञ्चालन गर्ने गरेको देखियो ।

### ४.१.१५. बालविकास केन्द्र व्यवस्थित गर्न जिल्ला स्तरबाट भएका कार्यहरु

शिक्षा क्षेत्रलाई विकास गराउन र व्यवस्थित गर्न सरकारी तवरबाट विभिन्न कार्यालय, संघ संस्थाहरु स्थापना भएका हुन्छन् । त्यसमध्ये जिल्ला शिक्षा कार्यालय एउटा महत्वपूर्ण कार्यालय हो । जि. शि. का. धादिङले धादिङ जिल्लाका बालविकास केन्द्रलाई व्यवस्थित बनाउन गरेको विभिन्न कार्यहरुलाई जि. शि. अ. दिपेन्द्र सुवेदी सँगको अन्तर्वाताको आधारमा निम्न अनुसार बुंदागत रुपमा उल्लेख गर्न सकिन्छ ।

- सहयोगी कार्यकर्ताहरुको लागि आधारभूत तथा पुनर्ताजकी तालिम सञ्चालन
- बालविकास केन्द्रहरुलाई किट बक्स दिने (०६८/६९ मा २२७ वटालाई वितरण)
- निरीक्षक, प्र. अ. र श्रोतव्यक्तिको नियमित (मासिक) बैठक सञ्चालन
- बालबालिकाको संख्याको आधारमा रु १००।०० का दरले र वार्षिक रुपमा रु १०००।०० शैक्षिक सामग्री खरिदको लागि उपलब्ध गराउने ।
- Annual Strategy Implementation Plan (ASIP) र DEP कार्यान्वयन गराउँदै गरेको,
- बालविकास केन्द्र मिलान गरी धेरैबाट घटाएर १ वटा पनि नभएका ठाउँमा बालविकास केन्द्र सरुवा गर्ने,
- कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने गैर सरकारी संस्था सँग समन्वय र सम्मान कार्यक्रम गर्ने
- बालकक्षा सञ्चालनका लागि आवश्यक भवन उपलब्ध गराउने,

### ४.१.१६. बालविकास केन्द्रमा कार्यक्रम अनुगमन प्रकृया

बालविकास कार्यक्रम सञ्चालन हुँदैमा सबै राम्रो भन्ने हुँदैन । त्यसको समय-समयमा अनुगमन तथा मूल्याङ्कन आवश्यक छ । अनुगमन कार्य जिल्ला स्तर बाट मासिक रुपमा हुने गरेको भनिएता पनि विद्यालयमा बुझ्दा सबै विद्यालयमा नियमित अनुगमन नभएको पाइन्छ । साथै प्र. अ. बाट भने नियमित कक्षाकोठा शिक्षणसिकाइ भइरहेको बेलामा अनुगमन तथा सुपरिबेक्षण हुने गरेको पाइएको छ । अध्ययनमा परेका ८ वटा बालविकास केन्द्रमा गरिएको अवलोकन र प्र. अ. र स. का. सँगको प्रश्नावलीबाट प्राप्त

सूचनाको आधारमा बालकक्षामा हुने सिकाइ क्रियाकलापका क्रममा प्र. अ. को बालकक्षा अनुगमनको अवस्थालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

तालिका नं :- ४.९.

बालविकास केन्द्रमा कार्यक्रम अनुगमन प्रकृया

| क्र.सं. | बालविकास केन्द्र | अनुगमन गर्ने निकाय/ व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | प्र. अ. | वि. व्य. स. अध्यक्ष | श्रोतव्यक्ति | वि. नि. |
| १. | देउराली | प्रत्येक हप्तामा | मासिक | चौमासिक | वार्षिक |
| २. | रुद्रकन्या | प्रत्येक हप्तामा | त्रैमासिक | चौमासिक | वार्षिक |
| ३. | बालमन्दिर | १५ दिनमा | अर्धवार्षिक | चौमासिक | वार्षिक |
| ४. | नीलकण्ठ | दैनिक | अध्यक्ष नभएको | चौमासिक | वार्षिक |
| ५. | इजारा | १५ दिनमा | मासिक | चौमासिक | वार्षिक |
| ६. | पशुपती | प्रत्येक हप्तामा | मासिक | चौमासिक | वार्षिक |
| ७. | ज्योती | दैनिक | मासिक | चौमासिक | वार्षिक |
| ८. | पण्डितचौर | दैनिक | मासिक | चौमासिक | वार्षिक |

अध्ययनको क्रममा प्र. अ. बाट अनुगमनको अवस्था हेर्दा दैनिक रुपमा अनुगमन गर्ने प्र. अ. ३ जना र हप्ता हप्तामा अनुगमन गर्ने प्र. अ. ३ जना रहेको पाइयो । दुई जना प्र. अ. ले २ हप्ताको अन्तरालमा मात्र अनुगमन गर्ने गरेको पाइयो । विद्यालय निरीक्षक, श्रोतव्यक्ति लगायतको अनुगमन तथा सुपरिवेक्षण कार्यलाई हेर्दा पर्याप्त नभएको पाइयो ।

### ४.१.१७. बालविकास कार्यक्रममा सञ्चालित मूल्याङ्कन प्रणाली

कार्यक्रम सञ्चालन भएपछि त्यसको उपयोगीता तथा प्रभावकारीता मापनको लागि मूल्याङ्कन प्रणाली अपनाउनुपर्ने हुन्छ । अथात् कार्यक्रम मूल्याङ्कन गर्नुपर्ने हुन्छ । प्रारम्भिक बालविकास केन्द्रहरुका बालबालिकाहरुको सिकाइ तथा विकासको मूल्याङ्कनको लागि निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत बालबालिकाहरुको सिकाइ तथा विकास मूल्याङ्कन फारम प्रचलनमा आएको छ र अध्ययनमा समावेश ८ वटा बालविकास केन्द्रले पनि उक्त मूल्याङ्कन फारामकै पक्षहरु प्रयोग गरि भर्ना हुँदाको अवस्था, ६ महिना पछिको अवस्था र पछिल्लो ६ महिनाको सिकाइ र विकासको अवस्थालाई आधार मानी मूल्याङ्कन कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । ( फारमको ढाँचा अनुसूची १३ मा उल्लेख गरिएको छ ।)

यस अध्ययन क्षेत्रमा रहेका ८ वटा बालविकास केन्द्रहरु मध्ये ६ वटा बालविकास केन्द्रहरु देउराली, ज्योती, बालमन्दिर, नीलकण्ठ, इजारा र पशुपति बालविकास केन्द्रले बालबलिकाहरुको सिकाइ तथा विकास मुल्याङ्कन गर्न निर्धारित फारम नै प्रयोग गरेता पनि २ वटा बालविकास केन्द्रहरु पण्डितचौर र रुद्रकन्या बालविकास केन्द्रले आफ्नै तरिकाले मूल्याङ्कन गर्ने गरेको पाइयो । यद्यपी सबै बालविकास केन्द्रका स. का. र प्र. अ. हरुले निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोगद्वारा बालबालिकाको सिकाइ मापन तथा मूल्याङ्कन गर्दा उपयुक्त हुने धारणा व्यक्त गरेका थिए ।

४.२. प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारीता र महत्व

कुनैपनि निर्धारित योजना कार्यान्वयन भएपछि त्यसले सम्बन्धित पक्षमा केही न केही प्रभाव देखाउँछ । त्यसैगरी विद्यालय प्रवेश गर्नु अगावै सञ्चालन हुने प्रारम्भिक बालकक्षाको लागि सञ्चालित कार्यक्रम अत्यावश्यक छ भन्ने आमधारणा रहेको पाइन्छ । यसको महत्व दिनानुदिन बढ्दो छ । यसो भन्दै गर्दा बालविकास केन्द्रको किन आवश्यकता छ ? अर्थात् के कस्तो प्रभाव पारेको छ भन्ने विषयमा यस अध्ययनबाट प्राप्त सूचनाहरुलाई यहाँ प्रस्तुत गरिएको छ । यहाँ कार्यक्रमले पारेको प्रभावको बारेमा अभिभावक, प्र. अ., स. का., वि. व्य. स. अध्यक्ष, वि. नि., श्रोतव्यक्ति र जि. शि. अ. को धारणा विभिन्न प्रश्नहरुको माध्यमबाट संकलन गरिएको थियो ।

बालविकास कार्यक्रमको प्रभावकारीता र बालबालिकामा आएको परिवर्तन विषयमा सम्बन्धित स. का. सँग गरिएको प्रश्नावलीको आधारमा र भर्ना हुनु अघि र केही महिना पछिको अन्तरालको परिवर्तनबारे सोधिएको प्रश्नमा सबै जना प्र. अ., स. का., वि. व्य. स. अध्यक्ष, अभिभावक, वि. नि., श्रोतव्यक्ति र जि. शि. अ. को धारणाहरुमा समानता पाइएको थियो । उनीहरुको धारणाहरुलाई समष्टिगत रुपमा उल्लेख गर्नुपर्दा यो कार्यक्रम अति उपयुक्त रहेको र प्रभावकारी रहेको बताएका थिए । उनीहरुको भनाइ अनुसार सुरु सुरुमा रुने, कक्षाकोठामा खेल्न तथा बस्न नमान्ने, बोल्न डराउने बालबालिका हाल आएर सफा कपडा लगाउने, शौचालय जाने, लाइनमा हिड्ने, कक्षाकोठा फोहोर नगर्ने, नियमित विद्यालय आउने, स. का. सँग बसेर खेल्न र पढ्न रुचाउने आदी बानीको विकास भएको, पछिल्लो समयमा नियमित उपस्थित भइ गीत संगीत र खेलमा  रमाउने, स. का. सँग नजिकिने, बोल्न नडराउने, घरमा भन्दा विद्यालयमा रमाउने जस्तो बानीको विकास भएको पाइएको धारणा व्यक्त गर्दै प्रारम्भिक बालविकास कार्यक्रम बर्तमान समयमा निकै प्रभावकारी, सान्दर्भिक र महत्वपूर्ण रहेको बताएका थिए ।

त्यसैगरी बालबालिकाले भाषा तथा बोल्ने बानीको विकास गर्दै लगेको, शिष्टाचारका कुराहरु सिकेको, स. का. तथा शिक्षकले भनेको ज्ञानका कुराहरुको पूर्ण रुपमा पालना गर्ने बानीको विकास भएको,

कक्षा १ मा प्रवेशको लागि आधार तयार भएको, बालविकास केन्द्रमा रहिसकेपछी मात्र कक्षा १ मा भर्ना हुने विद्यार्थीको उत्तिर्ण प्रतिशत बढि भएको भन्ने धारणा व्यक्त गर्दै प्रारम्भिक बालविकास कार्यक्रम निकै प्रभावकारी र महत्वपूर्ण रहेको बताएका थिए । बालबालिकाले घरमा सिकाएका भन्दा विद्यालयमा सिकाएका कुराहरु छिटो सिक्ने गरेको पाएको, समूहमा घुलमिल भइ रहन सक्ने बानीको विकास र शैक्षिक उपलब्धीमा समेत विकास हुने गरेकोले यो कार्यक्रम निकै प्रभावकारी तथा महत्वपूर्ण रहेको प्रतिकृया दिएका थिए । सर्वाङ्गीण पक्षको विकास हुने र बालबालिका चलाख हुने कारण यो कार्यक्रम निकै महत्वपूर्ण रहेको प्रतिक्रिया दिएका थिए । तर सहयोगी कार्यकर्ताको पारिश्रमिक निकै कम रहेकोले गर्दा छिटोछिटो सहयोगी कार्यकर्ताको परिवर्तन भइराख्दा उनीहरुलाई तालिममा सहभागी गराउन अप्ठ्यारो पर्ने र तालिम अप्राप्त स. का. ले सहजीकरण गरिरहँदा केही न केही समस्या आइरहने कारण स. का. को लागि न्यूनतम पारिश्रमिक समयसापेक्ष भएमा कार्यक्रम उच्च प्रभावकारी हुनेमा सबैको एकमत रहेको थियो ।

प्रारम्भिक बालविकास कार्यक्रमले पारेको प्रभावबारे जि. शि. अ. सँगको अन्तर्वार्ताबाट प्राप्त भएका सूचनाहरु अनुसार यस प्रारम्भिक बालविकास कार्यक्रमले समग्र रुपमा जिल्लामा निकै सकारात्मक भूमिका खेलेको, शिक्षा क्षेत्रमा महत्वपूर्ण समयको रुपमा बालकक्षा रहेको धारणा व्यक्त गर्दै कार्यक्रम निकै प्रभावकारी रहेको प्रतिक्रिया दिनुभएको थियो । अझै जि. शि. अ. ले कार्यक्रममा केही नीतिगत कमजोरी रहेको बताउँदै नीतिगत कमजोरीहरुलाई सुधार्ने हो भने कार्यक्रम पूर्ण रुपमा सफल तथा प्रभावकारी बन्ने धारणा व्यक्त गर्नुभएको थियो ।

सूचना संकलनको क्रममा स. का., प्र. अ., विद्यालय निरीक्षक, श्रोतव्यक्ति को लागि बनाइएको प्रश्नावलीबाट, त्यस्तै अभिभावक, वि. व्य. स. अध्यक्ष र जि. शि. अ. को लागि अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त धारणा अनुसार बालविकास कार्यक्रम निकै प्रभावकारी रहेको पाउन सकिन्छ । निचोडमा भन्नुपर्दा यो कार्यक्रम नेपालमा शिक्षा क्षेत्रलाई विकास गराउनमा मुख्य खुड्किलो त छ नै यसको व्यवस्थापन राम्रो हुने हो भने निकै प्रभावकारी हुनेमा कुनै शंका छैन । बालबालिकाको सर्वाङ्गीण विकास गराइ विद्यालय शिक्षामा प्रवेश गराउन मुख्य रुपमा आधार तयार गरेको भन्ने तर्कहरु उठेका छन् । वास्तवमै बालविकास कार्यक्रम एउटा महत्वपूर्ण कार्यक्रम हो जसले एउटा बालकलाई सामाजिकीकरणमा प्रवेश गर्नमा सहयोग गर्दछ । यो कार्यक्रम एउटा जग भएकोले यसलाई बलियो बनाउनु आवश्यक छ । 'जग बलियो भएमा घर बलियो हुन्छ ।' भन्ने उक्ति सँगै यो कार्यक्रमलाई समयको माग अनुसार परिमार्जन र परिस्कृत गर्दै लाने हो भने राष्ट्रकै समग्र शिक्षा प्रणालीलाई नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्न सक्छ ।

प्रारम्भिक बालविकास कार्यक्रमले पारेको प्रभावलाई हेर्दा यो कार्यक्रम निकै अत्यावश्यक र अनिवार्य छ । यस कार्यक्रमको प्रभावकारीता उच्च छ साथै लागत प्रभावकारीता पनि उच्च रहेको छ ।

४.३. प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरु

कार्यक्रम सञ्चालन हुँदै गर्दा जुनसुकै कार्यक्रममा पनि बाधा अड्चन तथा समस्या देखा पर्ने गर्दछ । समस्याले विकासको लागि सहयोग पनि गर्दछ । समस्याहरुको खोजी गर्दै त्यसलाई निराकरण गर्न सके विकास प्रकृया वा सकारात्मक परिवर्तन स्वतः हुँदै जान्छ । वास्तवमा समस्यासँग जुध्न सक्नु नै विकास र परिवर्तनलाई पाउनु हो । आजसम्म सम्पूर्ण विश्वको विकास पनि त्यसैको एउटा उदाहरण हो भन्न सकिन्छ ।

समस्या सबै क्षेत्रमा तहगत रुपमा देखा पर्ने गर्दछ । योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कन सबै प्रकृयामा विभिन्न समस्याहरु, सबालहरु तथा अवरोधहरु आउन सक्छन् । समस्या भन्ने वित्तिकै त्यसको समाधान खोज्न सकिन्छ । त्यस्ता खालका समस्याहरु जसले कार्यक्रम कार्यान्वयनमा अवरोध खडा गर्दछन् तिनीहरुको खोजी गरी समाधान तर्फ जानुपर्ने हुन्छ ।

यस अध्ययन क्षेत्रका ८ वटा बालविकास केन्द्रमा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्दै गर्दा रहेका समस्या खोजी गर्ने क्रममा अवलोकन, स. का., प्र. अ., श्रोतव्यक्ति, निरीक्षकबाट प्रश्नावलीको माध्यमले र अभिभावक, व्यवस्थापन समिति अध्यक्ष र जि. शि. अ. सँगको अन्तर्वार्ताको माध्यमबाट प्राप्त सूचनाको आधारमा अध्ययन क्षेत्रका ८ वटा बालविकास केन्द्रमा समग्रमा विभिन्न समस्याहरु देखा परेका छन् । जसलाई निम्न अनुसार संग्रहित गरिएको छ ।

आर्थिक समस्या

- बालविकास केन्द्रहरु आर्थिक रुपमा कमजोर हुने कारणले उपयुक्त भवन निर्माण, शैक्षिक सामग्री खरिद र स. का. लाई थप पारिश्रमिक उपलब्ध गराउन नसक्नु,
- कार्यक्रमको समयसापेक्षित बजेटमा कमी
- आर्थिक कमजोर भएका बालबालिकाको परिवारबाट एकदम कम हेरचाह,
- सरकारी तवरबाट शैक्षिक लगानीमा कम चासो हुनुका साथै कार्यक्रममै नीतिगत समस्या रहनु,

सामाजिक समस्या

- अपाङ्ग विद्यार्थीलाई समेत सहभागी गराई सिकाइ गराउन समस्या,
- विभिन्न भाषाका बालबालिकाहरुको उपस्थिती हुँदा सिकाइमा समस्या,
- दलित विद्यार्थीहरुलाई नियमित गराउन नसक्नु ,
- अभिभावकले घरमा बच्चाको ख्याल नगरी विद्यालयमा स. का. लाई जिम्मा दिने परिपाटी,

- बालकेन्द्रित वातावरण निर्माणमा समस्या
- अभिभावकको बालविकास कार्यक्रम र केन्द्रप्रतिको चासो कम रहनु,
- विद्यालय व्यवस्थापनमा राजनीतिक हस्तक्षेप,
- बालविकास केन्द्रको बारेमा अभिभावकको चेतनामा कमी,

शैक्षिक समस्या

- शैक्षिक सामग्रीको कम उपलब्धता,
- स. का. को सेवा तथा सुविधा ज्यादै न्यून, जसको कारण स. का. हरुमा कार्यप्रति नैराश्यता उत्पन्न भइ परिवर्तन भइरहने कारण दक्ष जनशक्तिको अभाव,
- संगीतका लागि बाद्यबादनका सामग्री अभाव,
- अभिभावकले गीत संगीत तथा खेल भन्दा गृहकार्यमा बढि जोड दिने हुँदा सिकाइ कार्य स. का. ले चाहेअनुसार नहुनु,
- अभिभावकले खेल, गीत संगीत भन्दा गृहकार्य र पठनपाठनमा जोड दिने गरेको,
- स. का. हरुले तालिममा प्राप्त गरेका सीप तथा ज्ञानहरुको प्रयोग नगर्नु,
- अभिभावकलाई विद्यालयले योजना निर्माण तथा कार्यान्वयनको पक्षमा बेवास्ता गर्नु,
- स. का. ले स्थानीय श्रोत र सामग्री प्रयोगबाट शैक्षिक सामग्री निर्माण गरि कक्षा सञ्चालन गर्न नसक्नु,
- सरकारले स. का. लाई दीर्घकालीन बनाउन नसक्नु,

भौतिक समस्या

- कतिपय बालविकास केन्द्रहरुमा कक्षाकोठा सानो भएकाले सिकाइ क्षेत्र व्यवस्थापनमा समस्या उत्पन्न भएको,
- अधिकांश बालविकास केन्द्रमा बस्नको लागि भुइँ चिसो, कार्पेट तथा चकटीको व्यवस्था नभएको, आराम गर्ने छुट्टै कोठा नभएको,
- बालमैत्री शौचालय, धारा नभएको,
- खेलमैदान अभाव, सुरक्षाको लागि तारजाली समेत नभएको,
- कक्षाकोठा व्यवस्थापनको लागि भौतिक पूर्वाधार बलियो नभएको,
- भवन सानो भएको, बत्ति तथा पङ्खाको अभाव,

४.३.१. बालविकास कार्यक्रमका समस्याहरु समाधानका निम्ती भए गरेका प्रयासहरु

यस अध्ययन क्षेत्रका ८ वटा बालविकास केन्द्रहरुमा देखिएका समस्याहरु समाधानका निम्ति विभिन्न योजना निर्माण, विभिन्न प्रयासहरु जारी रहेको अवलोकन तथा प्र. अ. वि. व्य. स. अध्यक्ष लगायतसँगको प्रश्नावलीको आधारमा सूचना प्राप्त भएको थियो । जसलाई निम्न अनुसार सुचीबद्ध गर्न सकिन्छ ।

- भौतिक पूर्वाधार र सुरक्षाको लागि तारजाली सम्बन्धित निकायसँग माग गरिएको ,
- जि. शि. का. मा विभिन्न मागपत्र पेश भएको,
- वि. व्य. स. बैठकमा भौतिक पूर्वाधारको विषयमा योजना तर्जुमा,
- बालविकास केन्द्रलाई गुणस्तरीय बनाउनको लागि सरकारी तथा गैर सरकारी निकायहरुसँग अनुरोध गरेको,
- केही बाल विकास केन्द्रमा भवन निर्माण गरिएको, यो वर्ष खाट र चकटीको व्यवस्था गर्ने योजना रहेको,
- जिल्ला स्तरमा भएका प्रयासहरुलाई हेर्दा अभिभावक जागरण, शैक्षिक सामग्री निर्माण तथा स. का. तालिम कार्यक्रम सञ्चालन, विभिन्न समन्वयात्मक कार्यमा बढावा, गैरसरकारी तथा सरोकारवाला संघ संस्थाहरुसँग छलफल आदि भइरहेको ,

४.४. बालविकास कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु समाधानका उपायहरु

समस्या सँधै समस्या नै रहन्छ भन्ने छैन । जुनसुकै समस्याको पनि समाधान गर्न सकिन्छ । समस्या समाधान हुनु भनेको विकास र परिवर्तनको आभास हुनु हो । बालविकास कार्यक्रम सञ्चालन भएका अध्ययन क्षेत्रका ८ वटा बालविकास केन्द्रका समस्याहरु निराकरण गर्ने उपायहरु खोजी गर्ने क्रममा अवलोकन, स. का., प्र. अ., श्रोतव्यक्ति, निरीक्षकबाट प्रश्नावलीको माध्यमले र अभिभावक, व्यवस्थापन समिति अध्यक्ष र जि. शि. अ. सँगको अन्तर्वार्ताको माध्यमबाट प्राप्त सूचनाको आधारमा अध्ययन क्षेत्रका ८ वटा बालविकास केन्द्रमा विभिन्न समस्याहरुको समाधानका उपायहरुलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- बालबालिकाहरुसंग विशेष रुपमा आमाहरु धेरै समय रहने कारण बालकक्षाको बारेमा अभिभावक जागरण तथा साक्षरता कक्षा सञ्चालन गर्ने, विशेषतः आमाहरुलाई सचेत गराउने,
- बालविकास कार्यक्रमलाई सफल बनाउन सरकार अभिभावक, स. का., शिक्षक, प्र. अ. सबैले आ-आफ्नो ठाउँबाट भूमिका खेल्ने, कार्यक्रमप्रति चासो राख्ने, अनुगमन, निरीक्षण र पृष्ठपोषणलाई बढावा दिने,

- बालबालिकाको लागि बसाइ व्यवस्थापन र शैक्षिक तथा खेल सामग्री पर्याप्त नहुँदा सर्वाङ्गीण विकास हुन नसक्ने कारण पर्याप्त क्रियाकलापको लागि उपयुक्त बसाइ, जसको लागि उपयुक्त फर्निचर, कार्पेट, चकटी र शैक्षिक सामग्री पर्याप्त रुपमा उपलब्ध गराइनुपर्छ,
- घरमा जस्तै स. का. बाट पनि मायाको आभाष बालबालिकाहरुलाई दिलाउनुपर्छ,
- क्रियाकलाप गराउँदा सबै बालबालिकाहरुलाई सक्रिय सहभागी गराउन सके सामाजिक विकाससँगै सबै पक्षको विकास हुने कारण बालबालिकाहरुलाई समान अवसर प्रदान गर्नुपर्छ,
- बालबालिकाको गतिविधी तथा क्रियाकलापको बारेमा नियमित रुपमा अभिभावकसँग अन्तर्क्रिया गर्नुपर्छ,
- बालविकास केन्द्रमा समान उमेरका बालबालिका भएमा सिकाइ क्रियाकलाप सञ्चालनमा सहज हुने कारण समान उमेरका बालबालिकाको सहभागिता जोड दिनुपर्छ,
- बालविकास केन्द्रमा बालमनोविज्ञानको बारेमा थाहा नभएका स. का. हरु पनि रहेकोले उनीहरुलाई तालिमको व्यवस्था गर्दै बालमनोविज्ञान बुझेर क्रियाकलाप गराउन सक्ने स. का. को छनोट गर्नुपर्छ,
- अध्ययनमा रहेका बालविकास केन्द्रहरुमा भौतिक पूर्वाधार बलियो नभएकोले कक्षाकोठा फराकिलो, ६ कुन व्यवस्थापन हुन सक्ने, कार्पेट, चकटी, श्रव्य दृष्य सामग्रीको उपलब्धता, भेन्टिलेसन, पङ्खा, आदिको व्यवस्था गराउन सरकारी तबरबाट योजना तर्जुमा हुनुपर्ने,
- विद्यालयमा राजनीतिक हस्तक्षेप हुने गरेको पाइएकोले ज्ञानको मन्दिर जस्तो ठाउँमा राजनीतिक हस्तक्षेपलाई पूर्ण रुपमा निरुत्साहित गर्नुपर्छ,
- सबै बालविकास केन्द्रहरु बालमैत्री नभएकोले अपाङ्गमैत्री कक्षा तथा बालमैत्री शौचालय, सुरक्षाको लागि तारबार, खेलमैदानको व्यवस्था गराउन सम्बन्धित निकायलाई अनुरोध गर्ने,
- स. का. हरु पूर्ण रुपमा तालिम प्राप्त नहुँदा सिकाइ प्रकृया अन्योलमा पर्ने कारण उनीहरुलाई आधारभूत तालिम व्यवस्था गराइ समय समयमा (अर्धवार्षिक) पुनर्ताजकी तालिमको व्यवस्था गर्नुपर्ने,
- बालविकास केन्द्रहरुमा शैक्षिक योजना निर्माणका क्रममा सरोकारवालाहरुको सहभागीता नभएकोले शैक्षिक योजना तर्जुमा गर्दा अभिभावक, बुद्धिजीवि, प्र. अ., वि. व्य. स., श्रोतव्यक्ति, स. का. सबैको सहभागीतामा जोड दिनुपर्ने,
- बालविकास कार्यक्रम कार्यान्वयनको लागि मूख्य भूमिका नै स. का. को रहेको तर उनीहरु राज्यद्वारा नै पिडित रहेकोले यथासीघ्र उनीहरुलाई न्यूनतम प्रा. शि. सरह सेवा सुविधा उपलब्ध गराइ स्थायी सेवामा रुपान्तरण गराइनुपर्ने,

- स. का. ले पनि अझै मेहनत गरी बालबालिकालाई उचित हेरचाह सहित क्रियाकलापमा समावेश गराउनुपर्ने,
- बालबिकास कार्यक्रमको लागि भवन मर्मत सरकारी तवरबाट व्यवस्था हुनुपर्ने, शैक्षिक विकासले देश विकासमा ठूलो सहयोग गर्ने कारण शिक्षा क्षेत्रमा निर्धक्क रुपमा सरकारले लगानी गर्ने साथै अनुगमन पनि गर्नुपर्ने,
- अभिभावक आफैंले पनि विद्यालयलाई धेरै आर्थिक तथा अन्य सहयोग गरिरहेको तर सरकारले त्यसलाई बेवास्ता गरेकोले त्यसपप्रति सरकारको ध्यानाकर्षण गराउने,
- सिकाइ प्रकृयामा स्थानीय सामग्रीको निकै महत्व रहेता पनि यसको प्रयोग ज्यादै कम भएकोले स्थानीय सामग्रीको प्रयोगबाट शैक्षिक सामग्री निर्माण तथा प्रयोगको लागि स. का. लाई तालिमको व्यवस्था गराउने,
- स. का., अभिभावक र प्र. अ. को त्रिकोणात्मक सम्बन्धविना कुनैपनि शैक्षिक कार्यक्रम सफल हुन नसक्ने कारण त्यस्तो खालको सम्बन्धलाई अन्योन्याश्रित बनाउने,
- राज्यका विभिन्न क्षेत्रमा भएका उत्कृष्ट बालविकास केन्द्रहरुमा स. का., प्र. अ. तथा वि. व्य. स. प्रतिनिधीलाई भ्रमण गराउने जसले कार्यक्रम कार्यान्वयन र व्यवस्थापनमा सहयोग पुग्नेछ,
- बालबालिकाको लागि आराम गर्ने कोठा र क्रियाकलाप गराउने कक्षा एउटै रहेको पाइएकोले छुट्टाछुट्टै कोठा बनाउनुपर्ने,
- शौचालय र खानेपानी धारा बालमैत्री नभएकोले सबै बालविकास केन्द्रमा बालबालिकाले सहजै प्रयोग गर्न सक्ने खालका शौचालय र धाराको व्यवस्था गर्नुपर्ने,

परिच्छेद - पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

यस अध्ययन नीलकण्ठ श्रोतकेन्द्र अन्तर्गतका ८ वटा बालविकास केन्द्रहरुमा प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था शीर्षकमा केन्द्रित रहि गरिएको खोजसँग आधारित छ । यस अध्ययनका लागि ८ वटै बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, प्र. अ., वि. व्य. स. अध्यक्ष, अभिभावक, विद्यालय निरीक्षक र जि. शि. अ. सँग प्रश्नावली तथा अन्तर्वार्ता साथै अवलोकन र छलफल जस्ता सूचना संकलनका साधनहरुको प्रयोग गरी सूचना संकलन गरिएको थियो । प्राप्त सूचना व्याख्या तथा विश्लेषणको आधारमा निम्न अनुसार प्राप्ति, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

### ५.१. प्राप्ति

यस अध्ययनबाट संकलित सूचनाहरुको व्याख्या तथा विश्लेषणबाट प्राप्त भएका सूचनाहरुको साराँशलाई यहाँ प्राप्तिको रुपमा प्रस्तुत गरिएको छ ।

- अध्ययन क्षेत्रका बालविकास केन्द्रका २०४ जना छात्र/छात्रा मध्ये छात्र र छात्रा क्रमश: ९६ र १०८ जना पाइयो ।
- पाठ्यक्रम तथा निर्देशिका उपलब्धता सबै बालविकास केन्द्रमा भएता पनि २ वटा केन्द्रमा अति कम मात्रामा निर्देशिका तथा पाठ्यक्रमको प्रयोग भएको पाइयो ।
- स. का. को नियमितता राम्रो रहेता पनि ७ दिनसम्मको अवलोकन र प्रश्नावलीको आधारमा हेर्दा ८० प्रतिशत भन्दा कम विद्यार्थी दैनिक उपस्थित हुने बालविकास केन्द्र २ वटा पाइयो । त्यस्तै ४ वटा बालविकास केन्द्रमा विद्यार्थी नियमितता ९० प्रतिशत भन्दा बढि रहेको पाइयो ।
- निर्दिष्ट तथा विषयवस्तुको अनुसारको क्रियाकलाप मध्यम स्तरको पाइयो ।
- सबै बालविकास केन्द्र दण्डरहित र भेदभावरहित भएता पनि आराम गर्ने ठाउँ, शौचालय, फर्निचर, खेल सामग्री बालमैत्री नभएको पाइयो ।
- प्रत्येक दिनजसो प्र. अ. बाट अनुगमन हुने बालविकास केन्द्रको अवस्था पनि राम्रो रहेको पाइयो । साथै ६ वटा बालविकास केन्द्रका प्र. अ. हरुले प्रत्येक हप्ता दिनभित्र अनुगमन गर्ने गरेको पाइयो ।
- ९ जना स. का. हरुमध्ये ३ जनाले मात्र आधारभूत तालिम प्राप्त गरेको पाइयो ।
- ९ जना स. का. हरुमध्ये ३ जनाले प्रमाणपत्र तह उत्तिर्ण गरेको पाइयो भने बाँकी स. का. ले एस्. एल्. सी. उत्तिण गरेको पाइयो ।

- ९ जना स. का. हरुमध्ये सबैले पूर्वतयारी गर्छु भन्ने प्रतिक्रिया दिएको भएता पनि कसैले पनि लिखित तथा योजनावद्ध पूर्वतयारी गरि शिक्षण गरेको पाइएन ।
- सबै बालविकास केन्द्रमा शैक्षिक सामग्रीको अभाव नै देखिएता पनि ३ वटा केन्द्रमा निकै कम रहेको पाइयो ।
- ३ वटा बालविकास केन्द्रले खरिद भन्दा स्थानीय सामग्री र एउटाले श्रव्यदृष्य सामग्री टि. भि., डि. भि. डी. समेतको प्रयोग गर्ने गरेको पाइयो ।
- स. का. लाई उपलब्ध गराइएको पारिश्रमिक निकै कम रहेको र सबै स. का. असन्तुष्ट रहेको, राज्यले अपहेलना गरेकोले नैराश्यता उत्पन्न भएको भन्ने धारणा रहेको पाइयो ।
- तत्कालिन अवस्थामा कुनैपनि गैरसरकारी संस्थाले बालविकास केन्द्रहरुलाई सहयोग नगरेको पाइयो ।
- व्यवस्थापन समिति निर्देशिका अनुसार नभइ सबै केन्द्रमा विद्यालय व्यवस्थापन समितिले नै हेर्ने गरेको पाइयो ।
- २ वटा बालविकास केन्द्रमा पाठ्यक्रम अनुसार क्रियाकलाप हुने गरेको र बाँकी ६ वटामा भाषा तथा गणित कुनामा बढि जोड दिने गरेको पाइयो ।
- ६ वटा बालविकास केन्द्रले बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कन फाराम प्रयोग गरी मूल्याङ्कन कार्य अगाडी बढाएको पाइयो । भने बाँकी २ वटाले पनि निरन्तर मूल्याङ्कन प्रणालीको नै प्रयोग गरेता पनि आफ्नै तरिकाले गर्ने गरेको पाइयो ।
- अधिकांश बालविकास केन्द्रको भौतिक पूर्वाधार उपयुक्त नभएको र कक्षाकोठा व्यवस्थापन निकै कमजोर रहेको पाइयो ।
- बालविकास केन्द्रसँग सम्बन्धित योजना निर्माण गर्न वि. व्य. स., प्र. अ., स. का., अभिभावक, चन्दादाता, विद्यार्थी सबै पक्षको सहभागिता गराइने कार्य आधाजसो बालविकास केन्द्रमा पाइएन ।
- सबै बालविकास केन्द्रहरुमा वि. व्य. स., प्र. अ., स. का. र अभिभावक बिचको सम्बन्ध मध्यम खालको रहेको पाइयो ।
- जिल्ला स्तरबाट बालविकास केन्द्रलाई उपलब्ध गराउनुपर्ने सुविधाहरु बेलैमा उपलब्ध गराइएको पाइयो तर अनुगमन तथा निरीक्षणमा कमि रहेको पाइयो ।
- बालबालिकाहरुलाई खेल, गीत, संगीत जस्ता पक्षमा बढि सामेल गराउनुपर्ने भएता पनि गृहकार्य दिने, ठूलो कक्षामा जसरी पढाउने कार्य गर्ने गरेको पाइयो । जसको कारण अभिभावकको दबाब रहेको पाइयो ।
- विद्यालयमा अनपेक्षित रुपमा राजनैतिक हस्तक्षेप हुने गरेको पाइयो ।

- प्र. अ. ले बालविकास केन्द्रको अनुगमन नियमित गर्ने गरेको भएता पनि वि. व्य. स., वि. नि. श्रोतव्यक्ति तथा अभिभावकहरुबाट अनुगमन कार्य कमै हुने गरेको पाइयो ।
- शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास गराउने क्रियाकलापहरु मध्यम खालको रहेको पाइयो ।
- प्र. अ., वि. व्य. स. अध्यक्ष, स. का., अभिभावक, वि. नि. तथा जि. शि. अ. हरुबाट प्राप्त सूचनाहरुको आधारमा यस प्रारम्भिक बालविकास कार्यक्रम अत्यन्त प्रभावकारी रहेको पाइयो । साथै यो कार्यक्रम अनिवार्य तथा अत्यावश्यक रहेको प्रतिक्रिया प्राप्त भयो ।
- कतिपय बालविकास केन्द्रमा भौतिक पूर्वाधार अभाव हुँदा कक्षा १ र बालकक्षा सँगै राख्नुपर्ने बाध्यता रहेको पाइयो ।
- दुई वा दुई भन्दा बढि भाषाभाषीका बालबालिकाको उपस्थितीमा सिकाइ प्रकृया समस्यामा रहेको पाइयो ।
- बालमैत्री तथा अपाङ्गमैत्री कक्षा तथा शौचालय नभएको पाइयो ।
- खेलमैदान सानो वा नहुँदा निर्दिष्ट क्रियाकलाप गराउन समस्या हुने गरेको पाइयो ।
- अभिभावकको चासो चाहेजति नहुँदा कार्यक्रमलाई प्रभावकारी बनाउन थप बल नपुगेको पाइयो ।
- अनुगमन तथा निरीक्षणमा कमी देखियो जसले गर्दा कार्यक्रमका कमिकमजोरी बाहिर आउन सकेन र नयाँ योजना थप नहुँदा सिकाइ तथा विकासमा अवरोध भएको पाइयो ।
- वि. व्य. स. अध्यक्ष, स. का. र प्र. अ. हरुको प्रतिक्रिया अनुसार विशेषतः आमाहरुलाई सचेत गराउनुपर्ने धारणा रहेको पाइयो ।
- स. का. लाई टिकाइराख्न प्राथमिक शिक्षकसरह पारीश्रमिक उपलब्ध गराइ स्थायी गर्नुपर्ने प्रतिक्रिया प्राप्त भयो ।
- सरकारी तवरबाट उपयुक्त भवन लगायत कक्षाकोठा निर्माणमा सहयोग हुनुपर्छ भन्ने प्रतिक्रिया प्राप्त भयो ।
- स्थानीय सामग्री निर्माण बारे स. का. लाई तालिम दिनुपर्ने धारणा रहेको पाइयो ।
- स. का. लाई सरकारी तवरबाटै ज्यादै न्यून पारिश्रमीक उपलब्ध गराइएकोले उनीहरु छोटो छोटो समयमा परिवर्तन भइरहँदा सिकाइ प्रकृया नै अबरुद्ध हुने गरेको पाइयो ।

## ५.२. निष्कर्ष

यस अध्ययनबाट प्राप्त सूचनाहरुको व्याख्या विश्लेषणबाट प्राप्त भएका प्राप्तिहरुका आधारमा निम्न अनुसार निष्कर्ष निकालिएको छ ।

यस अध्ययन क्षेत्रका ८ वटा बालविकास केन्द्रहरुमध्ये सबैमा शैक्षिक तथा खेल सामग्रीको अभाव नै देखियो । त्यसमा पनि ३ वटा बालविकास केन्द्रमा शैक्षिक सामग्री अति कम रहेको अवस्थामा क्रियाकलाप गराउनुपर्दा कुनैपनि हालतमा निर्धारित लक्ष्य हासिल गर्न नसकिने देखिन्छ । मानसिक रुपमा पूर्वतयारी हुने गरेको भन्ने स. का. हरुको भनाइ रहेता पनि कक्षा अवलोकनको क्रममा क्रमिकता नभएको देखियो ।

औपचारिक शिक्षाको जग मान्नुपर्ने बालकक्षालाई प्र. अ., अभिभावक, वि. व्य. स. हरुले कम चासो दिएको पाइयो । यस अवस्थामा बालकक्षालाई अरु कक्षालाई भन्दा पनि बढि चासो दिनुपर्ने देखिन्छ । पूर्णरुपमा तालिमप्राप्त स. का. रहेको र भौतिक संरचना समेत राम्रो तथा कक्षा व्यवस्थापन राम्रो रहेको बालविकास केन्द्रका बालबालिकाहरुको सिकाइ प्रकृया पनि उच्च रहेको र उपलब्धि पनि राम्रो हुने गरको पाइयो ।

अधिकांश बालविकास केन्द्रमा सिकाइ कुनाको व्यवस्थापन भएको पाइएन, जसको कारण सिकाइका क्षेत्रहरुबारे समान रुपमा बालबालिकाहरुले ज्ञान प्राप्त गर्न सक्दैनन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ । स. का. संग बालबालिकाहरुको सम्बन्ध राम्रो रहनु तथा नजिकिनुसँग दण्डरहित र भेदभावरहित कक्षालाई जोडेर हेर्न सकिन्छ । सबै स. का. हरु तालिम अप्राप्त भए पनि नियमित रुपमा उपस्थित हुने, बालबालिकाहरुलाई खेलाउने, गीत सिकाउने, अभिनयका कुराहरु गराउने देखाउने जस्ता क्रियाकलापबाट उनीहरु आकर्षित हुने र बाबुआमा जस्तै स. का. सँग रहन रुचाउँछन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

शैक्षिक सामग्री प्रयोग कार्यलाई बढावा दिन स्थानीय स्तरबाट नै शैक्षिक सामग्री संकलन कार्यलाई बढावा दिनु आवश्यक रहेको देखियो । जि. शि. का. ले उपलब्ध गराउने रकमलाई शैक्षिक सामग्री खरिदको लागि विद्यालयले खासै चासो नदिएको पाइएकोले यसलाई सदुपयोग गर्नुपर्ने देखिन्छ ।

यस अध्ययनक्षेत्रका बालविकास केन्द्रहरुलाई सक्षम र सबल बनाउन स. का. लाई पारिश्रमिक वृद्धि गरी सबै जनालाई आधारभूत तालिम र समयानुसार पुनर्ताजकी तालिम प्रदान गर्नुपर्ने, सिकाइ क्षेत्रको व्यवस्थापनको लागि प्र. अ., वि. व्य. स. र स. का. ले संयुक्त भूमिका खेल्नुपर्ने, बालकक्षाको भवन आरामदायी कार्पेट भएको, उज्यालो र फराकिलो बनाउनुपर्ने, त्यसको लागि सरकार आफैं सकृय हुनुपर्ने, सर्वाङ्गीण विकासको लागि सामाजिक, शारीरिक, मानसिक र संवेगात्मक इन्द्रियका लागि प्रशस्त

क्रियाकलाप गराउनुपर्ने, बालबालिकाहरुलाई समुहमा कार्यकलाप गराउने, स. का. को कक्षा अवलोकन गरी प्र. अ. र निरीक्षकले पृष्ठपोषण दिनुपर्ने, बालबालिकालाई आराम गर्ने समय, खाजाको व्यवस्था विद्यालयबाट हुन सके राम्रो हुने र अभिभावक, प्र. अ. र स. का. बिच अन्योन्याश्रित सम्बन्ध रहेमा मात्र बालविकास कार्यक्रमले निर्धारण गरेको लक्ष्य प्राप्त भइ कार्यक्रम सफल हुन सक्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ५.३. सुझाव

यस अध्ययनबाट प्राप्त सूचनाका व्याख्या विश्लेषणबाट भएका प्राप्तिलाई संश्लेषण गरी हेर्दा निम्न अनुसार सुझाव प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

- सबै बालविकास केन्द्रमा निर्देशिका र पाठ्यक्रमको उपलब्धता रहेता पनि त्यसको अवलम्बन नभएको कारण स. का. ले पूर्ण रुपमा अध्ययन गर्नुपर्दछ ।
- बालबालिकाको स्तर सुहाउँदो फर्निचर, कार्पेट, पङ्खा नभएको, कक्षाकोठा साँघुरो हुँदा सिकाइ क्रियाकलाप प्रभावित भएकोले तत्काल भवन तथा कक्षा व्यवस्थापनमा जोड दिनुपर्दछ ।
- सिकाइ क्षेत्रहरुको व्यवस्थापन एकदम कमजोर हुँदा बालबालिकाले सबै क्षेत्रबारे समान तरिकाले ज्ञान लिन नसक्ने हुनाले त्यसको लागि काठको र्‍याकहरु निर्माण गरी सिकाइ कुनाहरुसँग सम्बन्धित सामग्री सहित तत्काल व्यवस्थित गर्नुपर्दछ ।
- बाह्य वातावरणले पनि बालबालिकाको सर्वाङ्गीण विकास गराउन सहयोग गर्ने कारण उपयुक्त खेलमैदान, खेलसामग्रीहरु चाकाचुली, चिप्लेटी लगायतका सामग्रीहरु उपलब्ध हुनुपर्छ ।
- सुरक्षाका लागि तार बार, पर्खाल शौचालय लाई बालमैत्री बनाउनुपर्छ । सम्भव भएसम्म बालकक्षाको लागि छुट्टै शौचालय उपलब्ध गराउनुपर्दछ ।
- सामाजिक, मानसिक, शारीरिक तथा संवेगात्मक र इन्द्रिय विकासका क्रियाकलापहरु कम मात्रामा र सन्तुलित रुपमा नहुँदा बालबालिकाको समग्र विकासमा असर पर्ने कारण त्यसको लागि विशेषगरी स. का. को ध्यान जानुपर्ने देखिन्छ ।
- समग्रमा प्रारम्भिक बालविकास कार्यक्रम निकै प्रभावकारी र अनिवार्य आवश्यक रहेको देखिएकोले यसलाई समयसापेक्ष व्यवस्थित गराउन सम्बन्धित सबै पक्षको ध्यान जानुपर्ने देखिन्छ ।
- स. का. लाई समयअनुसार परिस्कृत गराउन पुनर्ताजकी तालिम उपलब्ध गराउनुपर्दछ । आधारभूत तालिम लिनबाट बञ्चित स. का. लाई यथासीघ्र तालिमको अवसर प्रदान गरिनुपर्दछ ।
- सरकारले स. का. को पारिश्रमीकमा उल्लेख्य वृद्धि गरी न्यूनतम प्रा. शि. सरह बनाउने कार्यमा ढिलाइ गर्नुहुँदैन । त्यस्तै स्थायी गराउने प्रक्रियालाई अगाडी बढाउनुपर्दछ ।

- प्र. अ., अभिभावक र स. का. बिचको सम्बन्ध त्रिकोणात्मक र अन्योन्याश्रित हुनु अनिवार्य देखिन्छ ।
- शिक्षणसिकाइ क्रियाकलापमा क्रमिकता छैन, यसको लागि स. का. हरुलाई स्टाफ बैठकको क्रममा प्र. अ. ले निर्देशन प्रदान गर्नु आवश्यक छ ।
- बालविकास केन्द्रमा भएगरेका क्रियाकलापहरु प्रति व्यवस्थापन समिति, अभिभावक, श्रोतकेन्द्र, वि. नि., जि. शि. का. बाट अनुगमन तथा पृष्ठपोषण प्रदान गरिनुपर्दछ । अभिभावकहरुलाई सचेत बनाउने खालका कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ ।
- स्थानीय सामग्री प्रयोग गराइ बालबालिकाहरुलाई क्रियाकलाप गराउनुपर्दछ । स. का. लाई तालिममा स्थानीय सामग्रीको निर्माण र प्रयोगबारे विधी र तरिकाबारे जानकारी गराउनुपर्दछ ।
- बढि भन्दा बढि खेल र संगीत साथै अभिनय सँगै भाषा, गणित र सीर्जनात्मक पक्षको क्रियाकलाप गराउनु आवश्यक छ ।
- बालविकास कार्यक्रमलाई थप प्रभावकारी बनाउन एउटै उमेर समूहका बालबालिकाहरुलाई एउटा कक्षाकोठामा राख्नुपर्दछ ।
- अपाङ्ग बालबालिकाहरुलाई ह्वील चियर समेत जान सक्ने विशेष कक्षाको व्यवस्था गराइनुपर्दछ । बहुभाषिक कक्षामा सिकाइ क्रियाकलाप गराउन विकल्पमा शिक्षकको व्यवस्था गराउनुपर्छ ।
- हरेक  बालविकास केन्द्रलाई पूर्ण रुपमा बालमैत्री बनाउने तर्फ हरेक योजना तर्जुमा गर्नुपर्दछ ।
- योजना निर्माण तथा कार्यान्वयन प्रकृयासँगै अनुगमन र निरीक्षण गरी योजनालाई पूर्णरुपमा कार्यान्वयन गराउनुपर्दछ ।
- विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट टाढा राख्नुपर्दछ ।
- स. का. छनोटमा हाम्रो भन्दा राम्रो मान्छेलाई नियुक्ति गराउनुपर्दछ, अर्थात् स. का. छनोट प्रकृया निष्पक्ष हुनुपर्दछ ।

## सन्दर्भ सामग्री


अधिकारी, प्रभा (२०६८), पूर्वप्राथमिक तह अध्ययन गरी र नगरी कक्षा एकमा आएका अध्ययनरत विद्यार्थीको व्यवहारहरु नामक अप्रकाशित शोधपत्र, काठमाडौं : त्रि.वि.वि. कीर्तिपुर ।

अधिकारी, मधुसुधन ( २०६७ मंसिर), शिक्षक मासिक, मच्छिन्द्र मार्ग जावलाखेल, ललितपूर : जगदम्बा प्रेस ।

कट्टेल, खगेन्द्रप्रसाद (२०६७), बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको दक्षता र पाठ्यक्रम कार्यान्वयनको अवस्था नामक अप्रकाशित शोधपत्र, काठमाडौं : त्रि.वि.वि. कीर्तिपुर ।

खनाल, पेशल (२०६६), शैक्षिक अनुसन्धान पद्धती, काठमाडौं कीर्तिपूर : सनलाइट पब्लिकेशन ।

गौतम (शर्मा), यामप्रसाद (२०६८), प्रारम्भिक बालविकास केन्द्रमा शिक्षणसिकाइ क्रियाकलाप नामक अप्रकाशित शोधपत्र, काठमाडौं : त्रि.वि.वि. कीर्तिपुर ।

जि.शि.का., धादिङ (२०६९ असार), चौमासिक शैक्षिक बुलेटिन, धादिङबेसी : मनकामना छापाखाना ।

जोशी, राधाकृष्ण (२०५४), पूर्वप्राथमिक शिक्षा विकासको निम्ति शिक्षा पत्रिकामा प्रकाशित, काठमाडौंः सेरिड।

तामाङ, रामलाल, श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात, सम्झना (२०६६), शैक्षिक मनोविज्ञान, बागबजार काठमाडौं : भुडीपूराण प्रकाशन ।

थापा, कालीप्रसाद (२०६८), अनौपचारिक बालशिक्षा कार्यक्रम कार्यान्वयनको अवस्था नामक अप्रकाशित शोधपत्र, काठमाडौं : त्रि.वि.वि. कीर्तिपुर ।

पाठक (रिमाल), गँगा र लामा (श्रेष्ठ), उमा (२०६६), स्वस्थ बालबालिकाका लागि प्रभावकारी क्रियाकलाप, नयाँवानेश्वर काठमाडौं : नेसनल इन्टिच्युट अफ साइकोलोजी ।

पाठ्यक्रम तथा मूल्याङ्कन विद्यार्थी समाज (२०६६), पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण, काठमाडौं : कीर्तिपूर ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, सानोठिमी भक्तपूर : नेपाल सरकार ।

वली, दिपेन्द्रप्रकाश (२०६७), माध्यमिक तहमा अध्ययनरत बालबालिकाको सिकाइमा अभिभावकको सहयोग नामक अप्रकाशित शोधपत्र, काठमाडौं : त्रि.वि.वि. कीर्तिपुर ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६६), बालविकास र सिकाइ, भोटाहिटी काठमाडौं : एम के पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६६), शिक्षाको परिचय, भोटाहिटी काठमाडौं : एम के पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शिक्षा विभाग (२०६१), प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका, सानोठिमी भक्तपुर : नेपाल सरकार ।

शिक्षा विभाग (२०६२), प्रारम्भिक बालविकास दिग्दर्शन, सानोठिमी भक्तपुर : नेपाल सरकार ।

शिक्षा विभाग (२०६३), शैक्षिक सूचना सँगालो, सानोठिमी भक्तपुर : नेपाल सरकार ।

शिक्षा विभाग (२०६७), गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, सानोठिमी भक्तपुर : नेपाल सरकार ।

शिक्षा विभाग (२०६८), समाहित शिक्षा सूचना सामग्री, सानोठिमी भक्तपुर : नेपाल सरकार ।

शिक्षा विभाग (२०६९), विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, सानोठिमी भक्तपुर : नेपाल सरकार ।

## अनुसुची १

छनोटमा परेको बालविकास केन्द्र, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, सहयोगी कार्यकर्ता, अभिभावक, विद्यालय निरीक्षक, श्रोतव्यक्ति र जिल्ला शिक्षा अधिकारीको विवरण

| क्र. सं. | बालविकास केन्द्रको नाम | प्र. अ. को नाम | वि. व्य. स. अध्यक्षको नाम | सहयोगी कार्यकर्ताको नाम | अभिभावक | | वि. नि. | श्रोत व्यक्ति | जि. शि. अ. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | | | |
| १. | देउराली | खिल ब. धमला | केदार कोइराला | अमृता कोइराला<br>शुशिला सिग्देल | लालुमाया अधिकारी | योथापा तामाङ | कृष्ण कुमार श्रेष्ठ | भुपेन्द्र कुमार श्रेष्ठ | दिपेन्द्र सुवेदी |
| २. | रुद्रकन्या | ध्रुव प्रसाद रिजाल | राम प्र. रिजाल | रमा आलेमगर | रमा आलेमगर | ढक ब. पुरी | | | |
| ३. | बालमन्दिर | पार्वती अधिकारी | चिजकुमार श्रेष्ठ | संगीता रिजाल | गौरी घिमिरे | बाबुराम सापकोटा | | | |
| ४. | नीलकण्ठ | बाबुराम अधिकारी | - | रिता अधिकारी | मिरीमाया तामाङ | प्रेम ब. पाण्डे | | | |
| ५. | इजारा | शान्तीकुमारी श्रेष्ठ | राजेन्द्र खड्का | सावित्रा रिजाल | निरा भण्डारी | अर्जुन रिजाल | | | |
| ६. | पशुपती | मोहन ब. कडेल | हर्क ब. भण्डारी | प्रतिमा कुमाल | ज्ञानु भण्डारी | होम ब. बानियाँ | | | |
| ७. | ज्योती | ज्योती पौडेल | पुष्पराज दुवाडी | गीता श्रेष्ठ | मुना थापामगर | मैलामा तामाङ | | | |
| ८. | पण्डितचौर | राजेन्द्रप्रसाद सापकोटा | जनकराज ढकाल | लक्ष्मी खनाल | सरस्वती श्रेष्ठ | श्रीकृष्ण खनाल | | | |

## अनुसुची - २

### सहयोगी कार्यकर्ताको लागि प्रश्नावली

बालविकास केन्द्रको नाम : ठेगाना :

सहयोगी कार्यकर्ताको नाम : शैक्षिक योग्यता :

शिक्षण अनुभव :

१. तपाइको विचारमा प्रारम्भिक बालविकास कार्यक्रम आवश्यक नै छ त ? छ भने किन ? छैन भने किन ?

२. प्रारम्भिक बालविकास दिग्दर्शन- २०६२ अनुसार बालविकास सिकाइका ६ कुनाहरु लाई आधार मानेर सिकाइ क्रियाकलाप गर्नु भएको छ ?

३. बालविकास कार्यक्रममा गीत संगीत, कथा स्वतन्त्र खेलको महत्व के छ ?

४. सहयोगी कार्यकर्तामा नियुक्त भएपछि बालविकास कार्यक्रम सँग सम्बन्धित कुनै तालिम लिनुभएको छ ? छैन भने कुन र छैन भने किन ?

५. बालविकास केन्द्रमा शैक्षिक सामग्रीहरु पर्याप्त मात्रामा उपलब्ध छन् ?

६. कस्ता खालका शैक्षिक सामग्रीको बढि मात्रामा प्रयोग हुन्छ ?

७. शिक्षणको क्रममा पूर्वतयारी गर्नुहुन्छ ?

८. शिक्षणसिकाइमा बालबालिकाहरुलाई कस्ता कस्ता क्रियाकलाप गराउनुहुन्छ ?

९. बालविकास केन्द्रलाई बालमैत्री बनाउन के कस्ता पहल गर्नुभएको छ ?

१० .बालविकास केन्द्रका बालबालिकाको लागि कस्तो मूल्याङ्कन प्रणाली अपनाउनु उपयुक्त हुन्छ ?

११. सिकाइ प्रकृयामा अभिभावक र प्र.अ.ले कसरी सहयोग गर्नुभएको छ ?

१२. बालविकास केन्द्रमा बालबालिकाहरुको नियमितता कस्तो छ ? दैनिक कति प्रतिशत जति उपस्थित हुन्छन् ?

१३. प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापन को अवस्था कस्तो छ ?

१४.बालविकास केन्द्रमा भर्ना भएको बेलामा र अहिलेको बालबालिकामा के कस्तो प्रभाव परेको पाउनुभएको छ ?

१५. शिक्षणसिकाई क्रियाकलाप सञ्चालन प्रकृया अझै प्रभावकारी बनाउन के के गर्नुपर्ला ?

१६. सञ्चालित बालविकास कार्यक्रम निर्धारित उद्देश्य प्राप्तिको लागि पर्याप्त छ ?

१७ . तपाई आफ्नो सेवा र सुविधाप्रति सन्तुष्ट हुनुहुन्छ ? यदि हुनुहुन्न भने किन ?

१८. तपाईले शिक्षण गर्ने क्रममा के कस्ता समस्या आइपरेका छन् ?

१९. विद्यालयले तत्काल सुधार गर्न सक्ने र गर्नुपर्ने पक्षहरु के के छन् ?

२०. बालविकास कार्यक्रम सञ्चालनमा देखिएका समस्या समाधानका कस्ता योजना तथा कार्यक्रम लागू गर्नुपर्ला ?

......................

सहयोगी कार्यकर्ताको हस्ताक्षर

## अनुसुची - ३

### प्रारम्भिक बालविकास केन्द्र रहेको विद्यालय प्र. अ. को लागि प्रश्नावली

विद्यालयको नाम : मिति :

प्र.अ. को नाम : शैक्षिक योग्यता :

अनुभव वर्ष : तालिम :

१. यस विद्यालयमा बालविकास केन्द्रको स्थापना कहिले भयो ?

२. बालविकास केन्द्र सञ्चालनका लागि कक्षाकोठा र सहयोगी कार्यकर्ता कति कति छन् ?

३. निर्धारित उद्देश्यअनुसार कार्यक्रम सञ्चालन भइरहेको छ कि छैन ? छैन भने के के ले बाधा पुऱ्याइरहेको छ ?

४. तपाइको केन्द्रमा सम्बन्धित निर्देशिका, पाठ्यक्रम, पाठ्यक्रम लगायत अन्य सन्दर्भ सामग्रीको उपलब्धता कस्तो छ ?

५. शैक्षिक, खेल तथा संगीतका सामग्रीको उपलब्धता कस्तो छ ?

६. सहयोगी कार्यकर्ताको तालिमको अवस्था कस्तो छ ?

७. सहयोगी कार्यकर्ताले सञ्चालन गरेको शिक्षणसिकाई प्रकृयालाई कति कति समयमा अनुगमन गर्नुहुन्छ ?

८.अनुगमनको क्रममा कक्षा सञ्चालन प्रकृया कस्तो पाउनुभएको छ ? .

९. बालबालिकाहरु र सहयोगी कार्यकर्ताको नियमितता कस्तो छ ?सहयोगी कार्यकर्ता विदामा रहेको बेला कस्तो विकल्प प्रयोग गर्नुहुन्छ ?

१०. पाठ्यक्रम र निर्देशिकामा उल्लेखित क्रियाकलाप हुने गरको छन् त ?

११. बालविकास केन्द्र प्रति अभिभावकको चासो कत्तिको पाउनुभएको छ ?

१२. बालविकास कार्यक्रमको प्रभाव कस्तो देख्नुभएको छ ?

१३. बालविकास केन्द्रमा भर्ना हुँदाका र अहिलेका बालबालिकाहरुबिच कस्तो फरक महसुस गर्नुभएको छ ?

१४. बालविकास केन्द्रले बालबालिकाको व्यवहार परिवर्तनमा कसरी सहयोग गरेको छ ?

१५. बालविकास केन्द्रलाई व्यवस्थित गर्न कुनै संघसंस्थाहरुले थप सहयोग गरेको छन् त ? गरेका भए कस्ता सहयोग गरेका छन् ?

१६. बालविकास केन्द्रलाई सहज र गुणस्तरीय बनाउने विषयमा विद्यालयमा व्यवस्थापन समिति बैठक, अभिभावक भेलामा कस्ता कुरा हुने गर्दछन् ?

१७. सहयोगी कार्यकर्ताको सेवा र सुविधा प्रति के भन्नुहुन्छ ?

१८. तपाइले यस विद्यालयमा सञ्चालित बालविकास केन्द्रको शिक्षण सिकाई प्रभावकारी बनाउन के कस्ता योजना तर्जुमा गर्नभएको छ ?

१९. योजना  बनाउँदा क-कसलाई सहभागी गराउनुहुन्छ ?

२०. निर्माण गरेको योजना कार्यान्वयन भएको छ त ?

२१. बालविकास केन्द्रले बालबालिकाको व्यवहार परिवर्तनमा कसरी सहयोग गरेको छ ?

२२. यस बालविकास केन्द्रको राम्रा पक्षहरु के-के देख्नुभएको छ ?

२३. बालविकास कार्यक्रम सञ्चालनमा के-के समस्या देख्नुभएको छ ?

२४. त्यस्ता समस्या कसरी समाधान गर्न सकिन्छ ? .

२५. बालविकास कार्यक्रम अझै व्यवस्थित बनाउन क-कसले के कस्तो भूमिका खेल्नुपर्छ जस्तो लाग्छ ?

....................

प्र.अ.को दस्तखत

अनुसुची - ४

बालविकास केन्द्रका निरीक्षकको लागि प्रश्नावली

नाम : मिति :

पेशागत अनुभव : शैक्षिक योग्यता :

१.आजको समयमा बालविकास केन्द्रको आवश्यकता र महत्व विशेषगरी के कारणले रहेको देख्नुहुन्छ ?

२. तपाईले बालविकास केन्द्र निरीक्षण गर्दा सहयोगी कार्यकर्ताले प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ ले अनुसार शिक्षण क्रियाकलाप गरेको पाउनुभएको छ ?

३. प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका २०६१ अनुसार नै सबै बालविकास केन्द्र सञ्चालित छन् त ? यदि छैनन् भने त्यसमा कसरी एकरुपता ल्याउन सकिन्छ ?

४. बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको ज्ञान कुन कुन क्षेत्रमा हुनु आवश्यक छ ?

५. बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको लागि निर्धारित योग्यता उपयुक्त छ ? यदि छैन भने किन ?

६.प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन भएपछि बालबालिकामा के कस्तो प्रभाव परेको देख्नुभएको छ ?

७. बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले कस्ता कस्ता क्रियाकलाप सञ्चालन गरेको पाउनुभएको छ ?

८. बालविकास केन्द्रमा शैक्षिक सामग्री, निर्देशिका, पाठ्यक्रम अन्य सन्दर्भ सामग्रीहरुको उपलब्धता कस्तो छ ? त्यसको लागि कसरी सहयोग गर्नुभएको छ ?

९. तपाईले निरीक्षण गर्नुभएको बालविकास केन्द्रहरुमा बालविकास कार्यक्रम कार्यान्वयनमा के कस्ता समस्या देख्नुभएको छ ?

१०. निरीक्षणका क्रममा स्थानीय र जिल्ला स्तरबाट समाधान हुन सक्ने के कस्ता समस्याहरु पाउनुभएको छ ? त्यस्ता समस्या समाधानका लागि तपाईले के कस्ता सहयोग गर्नुभएको छ ?

११. बालविकास केन्द्रका समग्र समस्याहरु समाधानका निम्ति के कस्ता नीति अवलम्बन गर्नुपर्छ जस्तो लाग्छ ?

.........................

बा. वि. केन्द्र निरीक्षकको दस्तखत

अनुसुची -५

श्रोतव्यक्तिको लागि प्रश्नावली

श्रोतकेन्द्रको नाम : ठेगाना :

श्रोतव्यक्तिको नाम : सेवा अवधी :

१. तपाईं श्रोतव्यक्ति रहेको विद्यालयहरुको संख्या कति छ ?

२. के सबै विद्यालयमा समयमा नै अनुगमन तथा सुपरीवेक्षण गर्न भ्याउनुहुन्छ ? भ्याउनुहुन्न भने किन ?

३. प्रारम्भिक बालविकास केन्द्रको अनुगमन र सुपरीवेक्षण कति कति समयमा गर्नुहुन्छ ?

४.अनुगमन तथा सुपरीवेक्षण पश्चात् दिनुभएको सुझाव तथा सल्लाहलाई सम्बन्धित निकायले कार्यान्वयनमा ल्याएको छ त ?

५. प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापन को अवस्था कस्तो देख्नुभएको छ ?

६. बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धि के कस्तो योजना बनेको पाउनुभएको छ ?

७. निर्माण गरेको योजना कार्यान्वयन भएको छ त ? कार्यान्वयन भएको भए के प्रभाव परेको छ त ?

८. बालविकास केन्द्र सञ्चालन भएपछि के साच्चै बालबालिकाको व्यवहारमा परिवर्तन आएको छ त ? छ भने, जस्तै :

९. प्रारम्भिक बालविकास केन्द्रमा निर्देशिका, पाठ्यक्रम, शैक्षिक तथा खेल सामग्री र अन्य सन्दर्भ सामग्रीहरुको उपलब्धता कस्तो छ ? उक्त सामग्रीहरु उपलब्ध गराउन के कस्ता सहयोग गर्नुभएको छ ?

१०.तपाइको विचारमा प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता कति हुँदा उपयुक्त हुन्छ ?

११. प्रारम्भिक बालविकास केन्द्रका सबै सहयोगी कार्यकर्ताले आधारभूत तालिम लिएका छन् त ?

१२. आधारभूत तालिम लिइसकेपछि पनि समय समयमा पुनर्ताजकी तालिम सञ्चालन भएको छ कि छैन ?

१३. सुपरीवेक्षणबाट प्राप्त सूचनालाई समयमा नै सम्बन्धित निकायमा पुऱ्याउनुभएको छ त ?

१४.अनुगमनका क्रममा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा के कस्ता समस्याहरुको अनुभव गर्नुभएको छ?

१५. प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा देखिएका समस्या समाधानका लागि के कस्ता योजना निर्माण गर्न सकिन्छ ?

अनुसुची - ६

जि. शि. अ. सँग गरिने अन्तर्वार्ताको लागि प्रश्नावली

नाम : मिति :

सम्बन्धित कार्यालयमा कार्यरत समय :

१. धादिङ जिल्लाको बालविकास केन्द्रको समग्र अवस्था कस्तो देख्नुभएको छ ?

२. तपाईंले प्रारम्भिक बालविकास केन्द्रको निरीक्षण गर्ने क्रममा बालविकास कार्यक्रमको कार्यान्वयन कस्तो पाउनुभएको छ ?

३. निरीक्षक, प्र. अ. र श्रोतव्यक्ति संगको समन्वय कसरी भइरहेको छ ?

४. निरीक्षक, प्र. अ. र श्रोतव्यक्ति हरुले कार्यक्रमबारे प्रगति प्रतिवेदन तथा सुझाव नियमित रुपमा पेश गर्नुभएको छ त?

५. सहयोगी कार्यकर्तालाई कसरी परिचालन गरिएको छ ? उनीहरुको निर्धारित योग्यता उपयुक्त छ ? छैन भने कति हुनुपर्छ ?

६. शैक्षिक सामग्री, पाठ्क्रम निर्देशिका सहयोगी कार्यकर्ताको लागि तालिम तथा पारिश्रमिक नियमित रुपमा उपलब्ध भए नभएको अनुगमन गर्नुभएको छ ?

७. प्रारम्भिक बालविकास केन्द्रले धादिङ जिल्लामा के कस्तो प्रभाव पारेको देख्नभएको छ ?

८. बर्तमान कार्यक्रम पर्याप्त छ ? छैन भने किन ?

९. बालविकास केन्द्रको व्यवस्थापन निर्देशिका अनुसार व्यवस्थापन समिति गठन भएको पाउनु भएको छ ?

१०. प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा के कस्ता समस्या रहेको देख्नुभएको छ ? साथै प्र.अ., निरीक्षक र श्रोतव्यक्ति बाट के कस्ता माग तथा सुझावहरु प्राप्त भएको छ ?

११. बालविकास कार्यक्रमलाई थप प्रभावकारी बनाउन त्यस्तो कुनै योजना बनाउनुभएको छ ? छ भने कसरी प्रभावकारी बनाउन सकिन्छ ?

१४. अन्त्यमा कार्यक्रमको बारेमा थप केही छ कि ?

अनुसुची - ७

अभिभावकको लागि अन्तर्वार्ता अनुसुची

नाम : मिति :

ठेगाना : पेशा :

शैक्षिक योग्यता : परिवार संख्या :

१. तपाइको बच्चालाई कहिलेदेखि र किन बालविकास केन्द्रमा पठाउनुभयो ?

२. सहयोगी कार्यकर्ताले तपाईंको बच्चासँग कस्तो व्यवहार गरेको पाउनुभएको छ ?

३. बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको के कस्तो भूमिका देख्नुभएको छ ?

४. सहयोगी कार्यकर्ताले तपाइको बच्चालाई के कस्तो क्रियाकलाप गराओस् भन्ने चाहनुहुन्छ ?

५. बालविकास केन्द्रमा कति कति समयमा जानुहुन्छ ?

६. तपाइको बच्चाको व्यवहारमा देखिने गरी परिवर्तन भएको छ ? छ भने कस्तो कस्तो परिवर्तन देखिएको छ ?

७. तपाइको बच्चा रहेको बालविकास केन्द्रमा के के कुराको अपुग छ जस्तो लाग्छ ? ति पुरा गर्न के के गर्नुपर्ला ?

८.तपाईले बच्चालाई सहयोगी कार्यकर्ताको व्यवहारको बारेमा केही सोध्नुभएको छ ? छ भने के भन्छन् त ?

९. बालविकास कार्यक्रम सञ्चालनमा के कस्ता समस्या छ जस्तो लाग्छ ?

१०. बालविकास कार्यक्रममा देखिएका समस्या समाधान गन के कस्ता कार्य होस् भन्ने अपेक्षा राख्नुहून्छ ?

अनुसुची - ८

व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तर्वार्ता प्रश्नावली

नाम :                                                                                     मिति :

ठेगाना :                                                                                 कार्यरत समय :

१. तपाईं कहिलेदेखि बालविकास केन्द्र व्यवस्थापन समितिको अध्यक्ष पदमा हुनुहुन्छ ?

२. कति समयको अन्तरालमा बालविकास केन्द्र व्यवस्थापन समितिको बैठक राख्नुहुन्छ ?

३. बालविकास केन्द्रमा तपाईको बच्चा छन् कि छैनन् ? यदि छन् भने कस्तो परिवर्तन देख्नुभएको छ ?

४.बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले बालबालिकासंग कस्तो व्यवहार गरेको पाउनुभएको छ ?

५. व्यवस्थापन समितिको अध्यक्षको हैसियतले बालविकास केन्द सँग सम्बन्धित के कस्ता योजना निर्माण गर्नुभएको छ ?

६.बालविकास केन्द्रमा आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउन के कस्तो सहयोग गर्नुभएको छ ?

७. तपाईंसँग सहयोगी कार्यकर्ताले शैक्षिक समस्याको बारेमा छलफल गर्नुभएको छ त ?

८. तपाइको विचारमा सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता कति हुनुपर्छ ?

९. सहयोगी कार्यकर्ताको शिक्षण सिकाइ प्रकृया र बालबालिकाहरुसँगको व्यवहार प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

१०. बालविकास कार्यक्रम सञ्चालन भएपछि कुनै परिवर्तन महसुस गर्नुभएको छ ?

११. बालविकास कार्यक्रमले बालबालिका तथा अभिभावकमा कस्तो प्रभाव पारेको छ ?

१२. बालविकास कार्यक्रम सञ्चालनमा के समस्या पाउनुभएको छ ?

१३. बालविकास कार्यक्रम सञ्चालनमा देखिएका समस्या समाधानका निम्ति के कस्ता प्रयास गर्नुभएको छ ?

१४. बालविकास केन्द्रलाई समय अनुसार विकास गरी देखिएका समस्या समाधान गर्न के कस्ता उपाय अपनाउन सकिन्छ ?

## अनुसुची - ९

### बालविकास केन्द्रमा अवलोकन फाराम

बालविकास केन्द्रको नाम : मिति :

सहयोगी कार्यकर्ताको संख्या : बालबालिका संख्या :

छात्र : छात्रा :

अवलोकन गरिने आन्तरिक पक्षहरु

| क.सं. | क्रियाकलाप | | प्रयोग भएको | प्रयोग नभएको |
|---|---|---|---|---|
| १. | खेलको व्यवस्था | कक्षाकोठा भित्र | | |
| | | कक्षाकोठा बाहिर | | |
| २. | शिक्षणसिकाई क्रियाकलापको अवस्था | निर्दिष्ट तथा विषयवस्तुअनुसार क्रियाकलाप | | |
| | | नाटक तथा संगीत | | |
| | | शैक्षिक सामग्रीको प्रयोग | | |
| ३. | सिकाई क्षेत्रको छ कुना को व्यवस्थापन | सँगीत कुना | | |
| | | निर्माणात्मक कुना | | |
| | | भाषा कुना | | |
| | | सीर्जनात्मक कुना | | |
| | | गणित कुना | | |
| | | अभिनयात्मक कुना | | |
| ४. | बालमैत्री कक्षाको अवस्था | भेदभाव रहित कक्षा | | |
| | | दण्डरहित कक्षा | | |
| | | बालबालिकाहरुको लागि मनोरञ्जन | | |
| ५. | खेल तथा क्रियाकलापमा स.का. को सकृय सहभागिता | | | |
| ६. | कार्यक्रमले बालबालिकामा पारेको प्रभाव मूल्याङ्कन | | | |

अवलोकन गरिने बाह्य पक्षहरु

| क.सं | क्रियाकलाप | | भएको | नभएको |
|---|---|---|---|---|
| १. | कक्षाकोठा तथा भवनको अवस्था | बस्ने खेल्ने आराम गर्ने ठाउँ | | |
| | | कार्पेट, गुन्द्रि | | |
| | | फर्निचर, झ्यालढोका, कालोपाटी आदि | | |
| | | सुरक्षित वातावरणको लागि तार बार, पर्खाल | | |
| २. | शौचालय तथा खानेपानीको व्यवस्था | | | |
| ३. | गीत संगीतका लागि बाद्यवादनका सामग्रीहरु | | | |
| ४. | शैक्षिक र खेलकुदका सामग्रीहरुको व्यवस्था | बालपुस्तक, विभिन्न चित्र र चार्टहरु | | |
| | | पिङ, चाकाचुली, चढ्ने, घस्रने उपकरणहरु र स्कीपीङ | | |
| ५. | स.का., प्र.अ. र अभिभावक बिचको समन्वय | | | |
| ६. | स.का. प्रति बालबालिकाको रुची | | | |

बालमैत्री कक्षाको प्रयोगको अवस्था

| क. सं. | बालमैत्री कक्षाकोठाको आधार | भएको | नभएको |
|---|---|---|---|
| १. | भेदभाव रहित कक्षा | | |
| २. | दण्ड रहित कक्षा | | |
| ३. | ह्वील चियर जान सक्ने अपाङ्गमैत्री कक्षा | | |
| ४. | उपयुक्त फर्निचर | | |
| ५. | कार्पेट, चकटी | | |
| ६. | उपयुक्त प्रकाशको व्यवस्था | | |
| ७. | सुरक्षित वातावरण, तारबार | | |
| ८. | शौचालय र खानेपानीको राम्रो व्यवस्था | | |
| ९. | खेलकुदका सामग्रीको राम्रो उपलब्धता | | |
| १० | बालचित्र र चार्टहरु | | |
| | | | |
| | | | |

सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण

| क. सं. | विवरण | भएको | नभएको |
|---|---|---|---|
| १. | ठिक समयमा सुरुवात | | |
| २. | उत्प्रेरणा/पुनस्मरण | | |
| ३. | क्रमिकता | | |
| ४. | भाषामा स्पष्टता | | |
| ५. | बसाइ व्यवस्थापन | | |
| ६. | शैक्षिक सामग्रीको प्रयोग | | |
| ७. | संगीतको दैनिक प्रयोग | | |
| ८. | स्वतन्त्र खेल | | |
| ९. | मूल्याङ्कन | | |
| १० | पृष्ठपोषण | | |
| ११ | गृहकार्य दिने कार्य | | |
| १२ | विदाइ गीतबाट कक्षा अन्त्य | | |

| शारीरिक विकासका क्रियाकलाप | | | | सामाजिक विकासका क्रियाकलाप | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | क्रियाकलाप विवरण | भएको | नभएको | क.सं. | क्रियाकलाप विवरण | गरेको | नगरेको |
| १. | जुत्ता खोल्ने लगाउने कार्य | | | १. | सामूहिक प्रार्थना | | |
| २. | हिड्न कुद्न सिकाउने कार्य | | | २. | समूह कार्य गराउने | | |
| ३. | भाँच्ने गाँठो पार्न लगाउने कार्य | | | ३. | सरसफाई कार्य | | |
| ४. | उफ्रने, ओर्लने उक्लने कार्य | | | ४. | अभिवादन | | |
| ५. | चित्र कोर्न सिकाउने कार्य | | | ५. | माया गर्ने | | |
| ६. | निर्माण गर्ने कार्य | | | ६. | भेदभाव तथा छुवाछुत नगर्ने | | |
| ७. | पिङ, चाकाचुली, चिप्लेटीमा खेल्ने | | | ७. | पालो पर्खिने | | |

कक्षाकोठा व्यवस्थापनको अवस्था

| क. सं. | कक्षाभित्रको अवस्था | भएको | नभएको |
|---|---|---|---|
| १. | प्रकाशको व्यवस्था | | |
| २. | कार्पेट | | |
| ३. | बस्ने चकटी | | |
| ४. | फर्निचर (डेस्क बेञ्च) | | |
| ५. | सिकाइ कुना व्यवस्था | | |
| ६. | पङ्खा | | |
| ७. | श्रव्य दृष्य सामग्री | | |
| ८. | आराम गर्ने कोठा | | |
| ९. | बालकथा प्रयोग | | |
| १०. | भित्तेलेखन, चीत्रहरु | | |
| ११. | खाजा समय | | |

## अनुसुची - १०

## समूह छलफल योजना

१. समूह छलफल सञ्चालन प्रकृया

- परिचय
- कार्यक्रम बारे सरल भाषामा जानकारी
- समूह विभाजन गरी छलफल सुरु
    - स.का.को व्यवहारबारे छलफल
    - बालबालिकाले सिकेका कुराको जानकारी लिने
    - घरमा हुने सिकाइमा आमाबुबाको सहयोगबारे जानकारी लिने
    - आदरार्थी शब्द तथा भाषाको प्रयोग गर्ने तरिकाबारे जानकारी लिने
- सुचनाहरुको रेकर्ड राख्ने
- धन्यवाद ज्ञापन

अनुसुची - ११

बालविकास केन्द्रको विवरण

| क्र. सं | बालविकास केन्द्रको नाम | ठेगाना | भर्ना भएका बालबालिका संख्या | छात्र संख्या | छात्रा संख्या | कार्यरत सहयोगी कार्यकर्ता संख्या |
|---|---|---|---|---|---|---|
| १. | देउराली | मुरलीभञ्ज्याङ २ | ३१ | १६ | १५ | २ |
| २. | रुद्रकन्या | साँकोष १ | १५ | ८ | ७ | १ |
| ३. | बालमन्दिर | नीलकण्ठ ५ | ६२ | २७ | ३५ | १ |
| ४. | नीलकण्ठ | नीलकण्ठ ५ | २१ | ११ | १० | १ |
| ५. | इजारा | नीलकण्ठ ५ | १३ | ५ | ८ | १ |
| ६. | पशुपती | साँकोष ३ | २७ | १४ | १३ | १ |
| ७. | ज्योती | साँकोष ३ | १९ | ९ | १० | १ |
| ८. | पण्डितचौर | साँकोष २ | १६ | ६ | १० | १ |
| जम्मा | | | २०४ | ९६ | १०८ | ९ |

## अनुसुची - १२

## सहयोगी कार्यकर्ताको योग्यता र दक्षता सम्बन्धि विवरण

| क्र. सं | सहयोगी कार्यकर्ताको नाम | बालविकास केन्द्र | शैक्षिक योग्यता | कार्य अनुभव | तालिमको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आधारभूत | पुनर्ताजकी | अन्य |
| १. | रमा आलेमगर | रुद्रकन्या | एस. एल. सी. | १.५ वर्ष | नपाएको | पाएको | नपाएको |
| २. | अमृता कोइराला | देउराली | प्रमाणपत्र तह | ५ वर्ष | पाएको | पाएको | नपाएको |
| ३. | सुशिला सिग्देल | देउराली | एस. एल. सी. | २ वर्ष | नपाएको | पाएको | नपाएको |
| ४. | सँगीता रिजाल | बालमन्दिर | एस. एल. सी. | ८ वर्ष | पाएको | पाएको | इ.सि.इ.सी बाट २४ दिने |
| ५. | रीता अधिकारी | नीलकण्ठ | प्रमाणपत्र तह | ६ वर्ष | पाएको | पाएको | नपाएको |
| ६. | सावित्रा रिजाल | इजारा | एस. एल. सी. | ८ वर्ष | नपाएको | पाएको | नपाएको |
| ७. | प्रतिमा कुमाल | पशुपती | एस. एल. सी. | १ महिना | नपाएको | नपाएको | नपाएको |
| ८. | गीता श्रेष्ठ | ज्योती | एस. एल. सी. | ३ वर्ष | नपाएको | पाएको | नपाएको |
| ९ | लक्ष्मी खनाल | पण्डितचौर | प्रमाणपत्र तह | ५ महिना | नपाएको | पाएको | नपाएको |

अनुसूची - १३

निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत बालबालिकाहरुको सिकाइ तथा विकास मूल्याङ्कन फारम

| क.सं. | विकासका पक्षहरु | क्रियाकलाप | सक्ने | नसक्ने |
|---|---|---|---|---|
| क. | शारीरिक विकासको पक्ष | हिँड्न, टेक्न, उक्लन, ओर्लन, उफ्रन, राम्रो सँग दौडन आँखा हात समन्वय क्रियाकलाप शरिरका अँगहरु छुन | | |
| ख. | बौद्धिक विकासको पक्ष | घटनाबारे जिज्ञासा राख्न, रङ पहिचान गर्न, समय छुट्याउन, मौसमको बुझाइ, दुरी अवस्थिती, दायाँ वायाँ, तल, माथि, भित्र बाहिर छुट्याउन, तुलना गर्न, क्रमबद्ध मिलाउन, अघिल्लो दिनको क्रियाकलाप बताउन, हाउभाउ सहित बाल गीत गाउन | | |
| ग. | सामाजिक विकासका पक्ष | आफ्नो नाम भन्न, परिवारको सदस्यको नाम भन्न, घरको ठेगाना, केन्द्रको ठेगाना भन्न, समूहमा खेल्न, पालो पर्खने तथा निर्देशन अनुसार कार्य गर्न, लाइनमा बस्न, खेलपछी सामग्री मिलाएर राख्न, अभिवादन, धन्यवाद आदर सत्कार शब्द प्रयोग गर्न | | |
| घ. | संवेगात्मक विकासको पक्ष | कथा, घटना, गीत, अभिनय, हेरेर, सुनेर रमाइलो तथा नरमाइलो व्यक्त गर्न, मन परे नपरेको बताउन, रमाएर आनन्दसँग खेल्न, क्रियाकलाप, खेल खेलौनामा ध्यानकेन्द्रित गरेर बस्न, प्रशंशा गर्ने र बुझ्न, माया गर्न/ बुझ्न सँवेग नियन्त्रण गर्न, एकाग्र भएर सुन्न, निर्धक्क कुरा गर्न | | |
| ङ. | भाषिक विकासको पक्ष | कथा भन्न, गीत गाउन, चित्र हेरेर अभिव्यक्त गर्न, आफ्नो कुरा स्पष्टसँग भन्न दोहोरो कुराकानी गर्न, भाषा बोलाइमा नयाँ शब्दहरु प्रयोग गर्न, भन्न खोजेका कुरा प्रष्ट्याउने कोशिश गर्न, जिज्ञासालाई भाषामा व्यक्त गर्न, हाउभाउ बुझेर प्रतिक्रिया व्यक्त गर्न, पुरस्कारबाट आकर्षित भइ सिकाइमा अग्रसर हुन | | |
| च. | व्यक्तिगत सरसफाइको पक्ष | मुख, हात खुट्टा, नङ सफा राख्ने, कपाल कोर्न, खाजा/ खाना अघि हात धुन, शौचालयबाट आएपछि हात धुने, एक्लै शौचालय जान, आफ्नो सरसामानको सरसफाइमा ध्यान दिन | | |